साप्ताहिक
साँघु
SANGHU Vernacular Weekly
वेबसाइट: www.sanghunews.com
अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की नेपालको ४७औं प्रधानमन्त्री भएको १०९औं दिन
वर्ष ४३, अंक ३०, २०८२, पुस १४ गते, सोमबार (Dec. 29, 2025) मूल्य रु. १०।-

# बाबुराम–बालेनको राजनीतिक 'लाइन' तय मिलनको भित्री रहस्य के हो र कसरी मिले ?

**काठमाडौं । देश निर्वाचनको मुखमा रहेका बेला पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) बीच भएको भेटघाटलाई सामान्य शिष्टाचारको भेटभन्दा धेरै गम्भीर राजनीतिक तयारीका रूपमा हेरिएको छ । नयाँ दिल्ली र मुम्बई भ्रमण सकेर २०८२ पुस ९ गते स्वदेश फर्किएका डा. भट्टराईसँग बालेनले २०८२ पुस १० गते काठमाडौंमा भेट गरेका हुन् ।**

कुपन्डोलस्थित कुमार व्यञ्जनकारको निवासमा भएको उक्त भेटमा बालेनले आफू अब औपचारिक रूपमा राजनीतिमा होमिएको स्पष्ट सन्देश दिँदै भट्टराईसँग राजनीतिक मार्गदर्शन र सहकार्यको प्रस्ताव राखेको स्रोतको दाबी छ । स्रोतका अनुसार भेटमा आगामी निर्वाचन, शक्ति सन्तुलन र नयाँ राजनीतिक ध्रुवीकरणबारे केन्द्रित छलफल भएको थियो ।

**स्रोत भन्छ : 'लाइन तय भइसकेको छ'**

नयाँ दिल्ली स्रोतका अनुसार, भट्टराई र बालेनबीच संयुक्त रूपमा अघि बढ्ने राजनीतिक लाइन टुंगिसकेको छ । स्रोत भन्छ, "यो केवल सल्लाह होइन, कार्य-विभाजनसहितको सहमति हो ।" सहमति अनुसार उम्मेदवार छनोट, संगठन विस्तार र सरकार निर्माणसम्बन्धी आन्तरिक निर्णय बालेन समूहले स्वतन्त्र रूपमा गर्नेछ भने अन्तर्राष्ट्रिय राजनीतिक समन्वय र लाइन भट्टराईले तय गर्नेछन् । यही ढाँचामा दुवै जना



अब सार्वजनिक र गोप्य रूपमा एकै दिशामा अघि बढ्ने तयारीमा छन् ।

डा. भट्टराई २०८२ पुस ६ गते नयाँ दिल्ली र मुम्बईस्थित Indian Institute of Technology (आईआईटी) मा आयोजित कार्यक्रममा सहभागी हुँदै दिल्लीमा 'साउथ एसियन फोरम फर पिपुल्स इनिसिएटिभ' को विशेष समारोहमा सम्बोधन गरेका थिए । स्रोतका अनुसार, उक्त भ्रमण केवल शैक्षिक कार्यक्रममा सीमित थिएन, त्यसक्रममा भएका राजनीतिक भेटघाटले नै यो सहकार्यलाई गति दिएको हो ।

**दोस्रो दिल्ली भ्रमण र अन्तर्राष्ट्रिय 'कनेक्सन'**

स्रोत भन्छ, निर्वाचनअघि डा. भट्टराईको दोस्रो दिल्ली भ्रमण लगभग तय भइसकेको छ । उक्त भ्रमणमा भारतीय सत्तारूढ दल बीजेपीका दोस्रो तहका केही नेतासँग विशेष भेटघाट हुनेछ । स्रोतको दाबी अनुसार, यसले नयाँ राजनीतिक शक्तिको अन्तर्राष्ट्रिय ' कनेक्सन' सुरक्षित गर्ने लक्ष्य राखेको छ ।नयाँ शक्ति निर्माणको तयारी ?

राजनीतिक वृत्तमा यो सहकार्यलाई नयाँ राजनीतिक शक्ति निर्माणको प्रारम्भिक चरण का रूपमा व्याख्या गर्न थालिएको छ । एकातिर स्थापित दलहरूप्रति बढ्दो जनअसन्तुष्टि, अर्कोतिर बालेनको शहरी लोकप्रियता र भट्टराईको राष्ट्रिय-अन्तर्राष्ट्रिय राजनीतिक अनुभवलाई एउटै प्लेटफर्ममा जोड्ने प्रयास भएको स्रोतहरू बताउँछन् । स्रोत भन्छ, "यो सहकार्य चुनावी तालमेल मात्र होइन, (बाँकी पृष्ठ ८ मा)

# रवि–बालेन मिलनले हल्लियो राजनीति पौषको मध्यमा तातेको राजनीतिक गर्माहट

**काठमाडौं । २०८२ पौषको मध्यमा मौसमको चिसो बढेसँगै राजनीतिक गर्माहट पनि बढेको छ । प्रधानमन्त्री सुशीला कार्कीले २०८२ पुस १२ गते पुराना राजनीतिक दलका तीन शीर्ष नेताहरू शेरबहादुर देउवा, केपी शर्मा ओली र प्रचण्डसँग आसन्न निर्वाचनका बारेमा छलफल गरेकी छिन् । 'जेन–जी' (Gen-Z) आन्दोलनपश्चात् वर्तमान प्रधानमन्त्रीसँग यी नेताहरूको बालुवाटारमा भएको यो पहिलो आमनेसामने बैठक हो ।**

**बालुवाटारको त्रिपक्षीय भेट**

उता सोही दिनभर चलेको दौडधुपपछि २०८२ पुस १३ गते आइतबार बिहान राष्ट्रिय स्वतन्त्र पार्टीका (रास्वपा) अध्यक्ष रवि लामिछाने र काठमाडौं महानगरका मेयर बालेन्द्र शाह (बालेन) बीच एक सहमतिपत्रमा हस्ताक्षर भएको छ । यस सम्झौता बमोजिम बालेन्द्र शाह अब राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेका छन् । उनी रास्वपाको नेता हुनुका साथै आसन्न निर्वाचनमा रास्वपाका तर्फबाट भावी प्रधानमन्त्रीको रूपमा प्रक्षेपण गरिएका छन् ।

**रवि–बालेन सम्झौता**

यस सहमतिमा 'उज्यालो नेपाल पार्टी' का संरक्षक रहेका कुलमान घिसिङ अटाउन सकेका छैनन् । उनलाई समेत समाहित गर्ने प्रयास भए तापनि अन्तिम अवस्थामा कुलमानको पार्टीलाई रास्वपा लगायतले त्यति महत्त्व नदिएपछि घिसिङले "अस्तित्व समाप्त हुने गरी एकता नगर्ने'' भन्दै पछि हटेका छन् ।

**कुलमान बाहिरिँदा**

प्रधानमन्त्रीसँग तीन दलका शीर्ष नेताको छलफल तथा रबि र बालेन बीचको सम्झौतापछि मुलुकमा चुनावी सरगर्मी बढेको छ । अब कुनै अप्रत्याशित घटना नभएमा २०८२ फागुन २१ गते निर्वाचन हुने निश्चित भएको छ । निर्वाचन



प्रक्रियाको थालनी स्वरूप २०८२ पौष १३ र १४ गते समानुपातिक तर्फका उम्मेदवारहरूको बन्दसूची पेस गर्नुपर्नेछ ।

**निर्वाचनको क्यालेन्डर**

यस प्रयोजनका लागि समय अपुग हुन सक्ने कुरा शीर्ष नेताहरूले प्रधानमन्त्रीसँगको छलफलमा उठाएका थिए । प्रधानमन्त्रीले तोकिएको मितिमा एउटा सूची पेस गरी पाँच दिनभित्र संशोधित सूची पेस गर्न सकिने सुझाव दिएकी छिन् । सो अनुसार भएमा अन्तिम सूची पाँच दिनपछि र प्रारम्भिक सूची पौष १४ गतेभित्रै पेस हुनेछ ।

**सूची पेसको पेच**

यस पटकको निर्वाचनमा नयाँ शक्ति र पुराना शक्ति बीचको भिडन्त हुने देखिन्छ । नयाँ शक्तिमा जेन-जी आन्दोलनका अगुवाहरू र युवा पुस्ताको समर्थन रहनेछ भने पुराना राजनीतिक दलहरूमा रैथाने नेता तथा कार्यकर्ताहरूको वर्चस्व रहनेछ ।

**नयाँ बनाम पुराना**

नयाँ शक्तिको वकालत गरिरहेका डा. बाबुराम भट्टराई २०८२ पुस ९ गते नयाँ दिल्लबिाट फर्केपछि यी शक्तिहरूलाई सहमति गराउने प्रयास गर्दै राजनीतिमा पुनः सक्रियता देखाएका छन् । उनले आफ्नो पुरानो निर्वाचन क्षेत्र, जुन प्रचण्डलाई हस्तान्तरण गरेका थिए, त्यसैबाट निर्वाचन लड्ने समाचारहरू समेत प्रकाशमा आएका छन् ।

**बाबुरामको पुनरागमन**

उता धरानका मेयर हर्क साम्पाङको नेतृत्वमा दर्ता भएको 'श्रम संस्कृति पार्टी' पनि नयाँ शक्तिहरूको समूहमा समाहित हुने चर्चा भए तापनि हालसम्म समावेश भएको छैन । हर्क साम्पाङले भने रबि-बालेन सम्झौतालाई 'केवल सत्ताका लागि' र 'विदेशी हस्तक्षेप'लाई संस्थागत गर्नका लागि भएको टिप्पणी गरेका छन् ।

**हर्क साम्पाङको असहमति**

हर्क साम्पाङ नेतृत्वको सो पार्टीले विभिन्न क्षेत्रमा चुनावी सभाहरू गर्दै काठमाडौंसम्म आइपुगेको थियो । यसले पूर्वी पहाड र तराईका केही भूभागमा राम्रो पकड जमाएको छ । दलहरूबीच एकीकरण नभए तापनि यस दलसँग निर्वाचन तालमेल हुने सम्भावना अझै बाँकी छ ।

**तालमेलको सम्भावना**

देशभरका १६५ निर्वाचन क्षेत्रमा यस पटक पनि कुनै पनि दलले एकल उम्मेदवार उठाउने सम्भावना कमै देखिन्छ । पुराना राजनीतिक दलहरूका लागि यो निर्वाचन 'जीवन-मरणको सवाल' बनेकाले नेपाली कांग्रेस र नेकपा एमालेले निर्वाचन तालमेल गर्ने सम्भावना छ ।


**कांग्रेस–एमाले समीकरण**

यद्यपि, बालुवाटार बैठकमा एमाले अध्यक्ष केपी ओलीसँग कांग्रेस सभापति शेरबहादुर देउवा सन्तुष्ट नरहेको झलक सार्वजनिक भएको छ । देउवाले ओलीलाई महत्त्व दिन छाडेको देखिन्छ, किनकि २०८२ भदौ २३ र २४ गते देशमा मच्चिएको वितण्डाको कारण देउवाले ओलीलाई नै मान्ने गरेका छन् ।

**देउवा–ओली दूरी**

जेन-जी आन्दोलनको सर्वाधिक भौतिक र मानसिक मार खेप्नेमा देउवा नै प्रमुख पात्र पर्दछन् । यस अर्थमा ओलीसँगको उनको गठबन्धन टुट्न सक्छ, तर अस्तित्व रक्षाका लागि "मुटुमाथि ढुङ्गा राखी हाँस्नु परेझैँ" मिल्न सक्ने सम्भावना पनि छ । (बाँकी पृष्ठ ८ मा)

# बाबुरामको त्रासले गोरखा त्याग्दै प्रचण्ड



काठमाडौं । नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सम्भवत आउँदो चुनाव गोरखबाट लड्ने छैनन् । उनी गोरखाबाट चुनाव नलड्ने निश्चित जस्तै भएपनि अर्को निर्वाचन क्षेत्र भने निश्चित भइसकेको छैन । पहिला प्रचण्डले निर्वाचन क्षेत्रको रुपमा चितवन ३ लाई बनाउन खोजेका थिए । २०७९ मंसिर ४ गतेको चुनावमा उनी रवि लामिछानेको प्रभावका कारण गोरखा गएका थिए । गोरखबाट निर्वाचित भएर आएका प्रचण्डले बाबुराम भट्टराईलाई छोड्न लगाएका थिए । बाबुरामले उक्त सिट छोडेर प्रचण्डलाई साथ दिएपनि अहिले भने बाबुराम नै उक्त क्षेत्रमा चुनाव लड्न खोजिरहेका छन् । प्रचण्डको साथमा नभएपनि बाबुरामको व्यक्तिगत प्रभाव भने गोरखामा रहेको छ । सोहीकारण बाबुरामको असहयोगी बन्दा चुनाव हारिने डरले प्रचण्डले गोरखा छोडेको पनि चर्चा भइरहेको छ ।

तर, प्रचण्डले अर्को निर्वाचन क्षेत्र कुन गर्ने भन्नेमा चाहिँ प्रष्ट नभएको पनि नेकपा स्रोतले उल्लेख गरेको छ । उनी धादिङको २ नम्बर क्षेत्र वा गोरखा १ मा जाने वा मधेशमा जाने भन्नेमा पनि चर्चा भइरहेको छ । कतिपयले उनी रुकुम पूर्वमा जाने संभावना रहेको पनि चर्चा भइरहेको छ । यद्यपि, प्रचण्ड आफूले चुनाव जित्ने निश्चित भएको क्षेत्र रोज्नेछन् । पार्टीका संयन्त्रदेखि आफैले पनि प्रचण्डले निर्वाचन क्षेत्र हेरिरहेको चर्चा नेकपामा रहेको छ । संसदमा जसरी पनि छिर्ने जोडमा प्रचण्ड रहेका छन् । उनी संसदमा छुट्न नचाहेका कारणले पनि जित्ने क्षेत्रको खोजीमा रहेका छन् । स्रोतका अनुसार मधेशको कुनै क्षेत्र वा पूर्वी रुकुम जाने संभावना बलियो रहेको छ ।

# बालेन-रवि मिलन : विकल्प कि अर्को भ्रम ?



काठमाडौं । नेपाली राजनीतिलाई तरंगित पार्ने गरी २०८२ पुस १३ गते विहानबाट केही नयाँ घटनाक्रम विकास भएको छ । त्यसले आउने दिनमा देशको राजनीतिमात्र होइन, अवस्थालाई पनि निकै रोचक ढंगले विश्लेषण गर्ने अवस्था सिर्जना गरेको छ । रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र काठमाडौं महानगरका मेयर बालेन्द्र शाह बालेनवीच भएको सहमति पनि राजनीतिक ध्रुवीकरण पनि तीव्र बन्ने संकेत देखिएको छ । बालेनले रास्वपाको अस्तित्व स्वीकारेमात्र होइन, ओत लाग्न पुगेपछि परिस्थिति फेरिँदैछ । चुनावी नतिजा पनि फेरिने संभावना रहेको छ ।

पछिल्ला दिनमा प्रमुख राजनीतिक दलहरुप्रति गहिरो रुपमा बढेको अविश्वास र त्यही अविश्वासको खाडलमा भइरहेको निराशाको वितरणले गर्दा रवि र बालेनको मिलनलाई निकै खुसीका साथ हेरिएको छ । नागरिक तहको ठूलो पंक्तिले त्यसलाई सहज रुपमा पनि लिएको छ । कांग्रेस, एमाले र नेकपालाई पाखा लगाउनै पर्ने मनोविज्ञान तल्लो तहमा पुगेको छ । त्यो मनोविज्ञानका कारणले गर्दा रवि र बालेनको मिलनलाई स्वभाविका रुपमा लिएको देखिन्छ । त्यसैले, चुनावी नतिजा पनि त्यसरी नै आउने संभावना देखिन्छ । त्यसैले, अहिलेको (बाँकी पृष्ठ ८ मा)

# गुप्तचरका हाकिमको बढुवा पनि जाम ?

काठमाडौं । नेपाल प्रहरीका एसपी, डीएसपी र इन्स्पेक्टरको बढुवा जाम गरेर राखिएको गुनासो बढिरहेको समयमा गृह मन्त्री ओमप्रकाश अर्याल र सचिव रामेश्वर दंगालले राष्ट्रिय अनुसन्धान (गुप्तचर) विभागको रिक्त एसपी, एसएसपी, डीआईजी र एआईजी पदमा बढुवामा पनि कुनै पहल नगरेको गुनासो छ । विभागमा लामो समयदेखि दर्जनौ संख्यामा उच्च अधिकृतहरूको पद रिक्त रहेको गुप्तचर स्रोत बताउछ । ती पदमा समयमा पदपूर्ति नहुँदा धेरै अधिकृतहरूको क्यारियर बिग्रिने अवस्थामा पुगेको गुनासो पीडितहरुले गर्दै आएका छन् । हाल विभागको नेतृत्व जुम्ला निवासी टेकेन्द्र कार्कीले गरिरहेका छन् । उनले वरिष्ठ अधिकृतहरुको बढुवामा भूमिका खेल्न नसक्दा जुम्लामा पुष माघमा हुने चिसो(आइस) झै जमेको आरोप खेप्न बाध्य छन् ।

प्रमुख कार्कीले रिक्त रहेको पदहरुमा योग्य कर्मचारी बढुवामा खासै चासो नदिएको गुनासोसमेत पीडितहरुले गरेका छन् । यसअघि प्रमुख भइसकेका देवीराम शर्माको कार्यकालमा झै बढुवा जाम गरेर जुनियरबाटै सिनियर पदको काम चलाएर विभागलाई थप पेण्डुलम बनाउन खोजेको चर्चा चल्ने गरेको छ । विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयबाट गृह मन्त्रालयमा ल्याएपछि विशेष सेवा ऐन २०४२ लाई संशोधन गरिएको छ । साथै, विशेष सेवा नियमावलीमा पनि २०औं संशोधन गरी राजपत्रमा गोप्य रूपमा सूचना प्रकाशन गरिसकिएको विभाग (बाँकी पृष्ठ ८ मा)

# हाकिमले मन्त्री नचिन्दा !

काठमाडौं । ०८२ पुस ९ गते बुधवार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रा.डा. कुमार इङनाम मालपोत कार्यालयहरूले सेवा प्रवाह गर्दै आएको अवस्था बुझ्न छड्के अनुगमनमा निस्केका थिए । उनी सेवाग्राही बनेर भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार पुगेका थिए । सोक्रममा मन्त्री इङनामले डिल्लीबजार स्तिथ मालपोत कार्यालयका विभिन्न फाँटहरूमा सेवा प्रवाहको अवस्था बुझेको बताइन्छ । सेवा नपाएका सेवाग्राहीहरूको काम गरिदिन लेखनदास जस्तो भएर उनी प्रस्तुत भएका थिए । मन्त्रीले अवलोकनकोक्रममा मालपोत अधिकृतहरूले काम नगरिदिएपछि उनी सेवाग्राहीको काममा सहजीकरणका लागि लेखनदास जस्तो भएर प्रस्तुत भएको कार्यालय स्रोत बताउँछ ।

लगत्तै मन्त्री इङनाम प्रमुख मालपोत अधिकृत काजीबहादुर (बाँकी पृष्ठ ८ मा)

# प्रचण्डको काँधमा परिवारवाद

काठमाडौं । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले आउँदो चुनावका लागि जनप्रतिनिधिहरुलाई सिफारिश नगर्न भनेको थियो । साथै, परिवारभित्रका सदस्यलाई पनि सिफारिश नगर्न भनेको थियो । तर, संयोजक पुष्पकमल दाहाल प्रचण्डको हकमा त्यो भने कम भएको छ ।

दुवै कुरामा छुट पाएको छ । माओवादी कालदेखि नै छोरी रेणु दाहाललाई राजनीतिमा सक्रिय बनाएका प्रचण्डले अहिले छोड्ने कुरा थिएन । त्यसैले उनको हकमा छुट पाएको देखिन्छ । आउने चुनावमा दाहाल चितवन ३ बाट चुनाव लड्दै छिन् । प्रतिनिधिसभाका लागि उनी उक्त क्षेत्रबाट चुनाव लड्ने भएकै कारण अहिले उनको (बाँकी पृष्ठ ८ मा)

# टेलिकमको बिलिङ ठेक्कामा पूर्वएमडीको चलखेल
## चार अर्बको ठेक्का हात पार्न अनेक जालझेल

● साँघु संवाददाता

**काठमाडौं । सुरुवातदेखि नै विवादित बन्दैआएको नेपाल दूरसञ्चार संस्थान(टेलिकम)को बिलिङको ठेक्कामा एकाएक नयाँ ट्वीस्ट आएको छ । हुवावेलाई ठेक्का दिनका लागि सुरुदेखि नै टेण्डरमा कीर्ते कागजात पेश गरिएको विषयमा विवाद हुँदैआएको छ । नेपाल टेलिकमलाई नै धरासायी पार्नेगरी बिलिङ ठेक्का अगाडि बढाइएकोबारेमा धेरै कुराहरु आइसकेका छन् ।**

नेपाल टेलिकमको भविष्यसँग गाँसिएको बिलिङको टेण्डरमा हुवावे(हनी इन्टर प्राइजेज) लाई मात्र प्राबिधिक मूल्यांकनमा पास गरिएपछि बोलपत्रमा सहभागी भएको अर्को कम्पनी ह्वेल क्लाउडका प्रतिनिधि लोकेन्द्र कार्कीले उनका निकट कानून ब्यवसायी बिक्रम थापामार्फत् उच्च अदालत पाटनमा २०८२ भदौ ३० गते टेण्डर प्रक्रिया रोक्न परमादेश माग गर्दै सार्वजनिक सरोकार(पीआईएल)को रिट दायर गर्न लगाएका थिए । टेण्डरको प्राविधिक मूल्यांकनमा ह्वेल क्लाउडलाई अयोग्य(डिस्क्वालिफाई) गरिएपछि उनले रिट दर्ता गर्न पुगेका थिए ।

कार्कीले ठेक्का प्रक्रिया रोक्न परमादेश माग गर्दै दर्ता गरेको उक्त रिट निवेदनलाई बार्गेनिङ टुल बनाएको खुलेको छ । हुवावेसँग बार्गेनिङ मिलेपछि मुद्दाका वादी कानून ब्यवसायी पछिल्ला पेशीमै उपस्थित हुन छाडेका छन् । यस मुद्दामा वादी र प्रतिवादीलाई मिलाउने काम नेपाल टेलिकमका पूर्व प्रबन्ध संचालक डिल्लीराम अधिकारी, बित्त प्रमुख राजेन्द्र अर्याल, खरिदका प्रमुख किशोर भट्ट, खरिदका अर्का कर्मचारी बाबुराम पौडेलले गरेको स्रोतको दाबी छ ।

नेपाल टेलिकमका ५० प्रतिशत कर्मचारीहरुलाई गाँस, बास र कपासको ब्यवस्था गर्दैआएको र बिलिङको यो ठेक्कामा अग्रिम रुपमा



डिल्लीराम अधिकारी र राजेन्द्र अर्याल

ठूलो खर्च गरेको हुवावेले जसरी पनि बोलपत्र हातपार्नका लागि अन्तिम प्रयास गरेको स्रोत बताउछ । जेनजी आन्दोलन नभएको भए २०८२ असोज ८ गते नै हुवावेलाई आर्थिक प्रस्ताव खोलेर आसय पत्र दिने मिति तय भइसकेको थियो । तर, जेनजी आन्दोलनपछि बनेको सरकारका संचार मन्त्री जगदिश खरेलले विवादित भएकाले आर्थिक प्रस्ताव खोल्न रोकेपछि करिब चार अर्ब रुपैयाँको बिलिङ ठेक्का अन्योलमा छ । राज्यका सबै संयन्त्र यो विवादित बिलिङको टेण्डरमा खरिद ऐन नियमका मर्मबिपरीत भएकोले रद्द हुनुपर्ने पक्षमा हुँदाहुँदै टेलिकमका पूर्वएमडी डिल्लीराम अधिकारी, बित्त प्रमुख राजेन्द्र अर्यालसहितको समूह हुवावेलाई नै ठेक्का दिनका लागि सर्वाङ्गै भएर लागेको छ ।

विश्वस्त सूत्रका अनुसार, टेलिकमको फोरजी सेवा बिस्तारको ठेक्का ८ अर्बबाट लागत बढाएर १९ अर्ब रुपैयाँमा हुवावेलाई दिँदा डिल्लीराम अधिकारी प्रबन्ध संचालक(एमडी) थिए । ६ अर्बमा एनसेलको फोरजी सेवा बिस्तारको काम गरेको हुवावेले १ बर्षपछि त्यति नै क्षमताको टेलिकमको फोरजी सेवा बिस्तार अस्वभाविक रुपमा बढाएर रु. १९ अर्बमा ठेक्का लिएको थियो । त्यतिबेला अर्बकैं अंकमा कमिसन लेनदेन गरेको आरोप डिल्ली र राजेन्द्रको समूहलाई लागेको थियो । हुवावेले त्यही डिलको रेकर्ड सार्वजनिक गर्ने भन्दै तर्साएकाले डिल्ली र राजेन्द्र हुवावेलाई यो विवादित ठेक्का दिन दिलोज्यान दिएर लागेका छन् । अचम्मको कुरा हुवावेलाई ठेक्का दिन मरिहत्ते गरेर लागेका डिल्लीरामले भने बिलिङ टेण्डरमा कतै पनि हस्ताक्षर नगरेको स्रोतको दावी छ । उनलाई प्रष्ट थाहा छ, यो बिलिङ ठेक्का प्रक्रिया त्रुटिपूर्ण रहेको र एक दिन छानबिन हुन्छ भनेर उनी कानूनी रुपमा कतै पनि देखिँदैनन् । डिल्लीराम समूहकै अग्रसरतामा उच्च अदालतको मुद्दामा वादी र प्रतिवादीलाई मिलाई मुद्दा दायर गर्नेलाई पेशीमै अनुपस्थित गराई हुवावे(हनी इन्टर प्राइजेज, स्थानीय एजेन्ट) लाई ठेक्का दिनेगरी वातावरण बनाउन लागिएको स्रोत बताउँछ । (बाँकी पृष्ठ ८ मा)

# पत्रकारका नेता उत्पादन कारखाना नागरिकका श्रमजीवीको व्यथा कसले सुन्ला ?

काठमाडौं । नेपाल रिपब्लिक मिडिया प्रालिले सञ्चालन गरेको नागरिक दैनिकमा फेरि पारिश्रमिकको संकट गहिरिँदै गएको खवर छ । नागरिक दैनिकमा कार्यरत श्रमजीवी पत्रकारहरु तलव नथापेको पाँच महिना कट्न लागेको बताएका छन् । पाकेको तलव नपाउँदा पत्रकारहरु चर्को मारमा फसेको गुनासो गर्छन् । पारिश्रमिका रुपमा संस्थाबाट पैसाको मुख नदेखेको झण्डै आधा बर्ष हुनै थाल्दा समाचार सङ्कलन र सम्प्रेषणका लागि अफिस आउजाउ समेत गर्न नसक्ने अवस्था आएको बताइएको छ ।

'२०८२ भदौको जेनजी आन्दोलन अघि दुई र त्यसपछि तीन महिना खप्टिइसक्यो । पारिश्रमिकका नाममा पैसाको मुख देख्न पाइएको होइन । फिल्डमा पत्रकार भनेर उभिन पनि मुस्किल भइसक्यो,' नागरिक दैनिकमा कार्यरत एक पत्रकारको गुनासो छ, 'यता, घरमा दैनिक घरखर्च चलाउन नसक्ने अवस्था आएको छ । घरभेटी नभएको बेला पारेर राती भित्र छिर्नुपर्ने अवस्थामा हामी छौं ।'

नागरिकका ती पत्रकारले संस्थाबाट समयमा तलव पनि नआउने, ऋण खोज्दा पनि नपाउने विकराल अवस्था साँघुलाई दर्शाए । 'केही पत्रकार त नून किन्न पनि नसकिने स्थिति भयो भन्दै जागिरै छाडेर बाटो लागिसके,' ती पीडित पत्रकारले रिपब्लिक मिडियाको कथा-व्यथा यसरी सुनाए । पत्रकारको बेहाल भए पनि श्रमजीवीको हक हितमा जोडदार आवाज उठाउने भनेर पत्रकारकारका नेताको भने रिपब्लिक मिडियामा कमी छैन । नागरिक (बाँकी पृष्ठ ८ मा)

# मन्त्रीलाई पनि नटेर्ने यी सचिव

काठमाडौं । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको स्वास्थ्यतर्फका प्राविधिक सचिव डा. विकास देवकोटाले १२औं तहका आफ्ना सहकर्मी अतिरिक्त सचिवहरु, स्वास्थ्य सेवा विभागका महानिर्देशक र मन्त्री डा. सुधा शर्मा गौतमलाईलगायतलाई टेरपुच्छर लगाउन छाडेको खबर छ । जसले गर्दा मन्त्रालयमातहतका काम लथालिङ्ग हुन पुगेको गुनासाहरु प्राप्त भएका छन । मन्त्रालयकै पूर्वसचिव मन्त्री शर्माले आफ्नो कार्यकालमा कर्मचारीहरूको सरूवा, बढुवा न्यायिक र निष्पक्ष गर्ने उद्घोष गरेकी थिइन । उनले खरिद प्रक्रियालाई पारदर्शी, गुणस्तरीय र ऐन कानूनसम्मत गर्ने प्रतिवद्धता पनि जनाएकी छिन ।

साथै, उनले मन्त्रालयको कार्यभार संहालेपछि सबै अस्पतालहरूलाई मेडिकल उपकरण, सर्जिकल सामग्री र चिकित्सक, नर्स र ल्याव टेक्निसियन पुऱ्याउने प्रतिवद्धता समेत जनाएकी थिइन । अस्पतालहरूले प्रदान गर्दै आएको सेवा प्रवाहलाई अझ गुणस्तरीय र विश्वसनीय बनाउने मन्त्री गौतमको सदिच्छा र योजना रहेको छ । जसमा सचिव देवकोटा नै बाधक बन्ने गरेको गुनासो चिकित्सक र कर्मचारीले गरेका छन् । महत्वपूर्ण काममा सचिव देवकोटाले मन्त्री शर्मालाई पुरै असहयोग गर्दै आएको स्रोतले दावी गरेको छ । नेकपा एमालेका महासचिव शंकर पोखरेलनिकट रहेको भनिएका सचिव देवकोटा जेन-जी सरकारलाई असफल पार्न उनकै निर्देशन र योजनामा काम गर्ने गरेको चर्चा सुनिन्छ ।

निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यकालभरी उनी एमाले भन्दै कहलिएका थिए । तरपनि नेपाली कांग्रेसबाट स्वाथ्य मन्त्री बनेका प्रदीप पौडेलले उनलाई तेस्रो वरीयताको १२ औं तहको अतिरिक्त सचिव हुँदाहुँदै सचिव बढुवा गरेका थिए । त्यसबखत पहिलो नम्बमा वरिष्ठ अतिरिक्त सचिव डा. संगीता कौशला मिश्र र दोसो नम्बरमा डा. टंक बराकोटी रहेका थिए । यी दुवैलाई अन्याय गर्दै मन्त्री पौडेलले उनलाई सचिवमा बढुवा गरेको मन्त्रालयमा कार्यरत कर्मचारीहरु नै बताउँछन् । तेस्रो नम्बरको अतिरिक्तलाई सचिवमा बढुवा गरेको भन्दै असन्तुष्टि जनाउदै त्यसबखत मिश्रले तीन महिनासम्म मन्त्रालयमा पाइला नटिकेर बिदामा बसेकी थिइन ।

जेनजी आन्दोलनपछि गठित अन्तरिम सरकारी प्रधानमन्त्री सुशीला कार्कीले उनलाई मन्त्रीमा प्रस्ताव गरेपछि मन्त्रालयमा पाइला हालेर राजीनामा दिएकी (बाँकी पृष्ठ ८ मा)

# मन्त्रीभन्दा सचिव शक्तिशाली !

काठमाडौं । गृहमन्त्री ओमप्रकाश अर्यालको मन जितेर रक्षाबाट गृह मन्त्रालयमा भित्रिएका सचिव रामेश्वर दंगाल कर्मचारीको खटनपटनमा बढी नै हावी रहेको चर्चा छ । मन्त्री अर्यालले उनलाई अति नै विश्वास गर्दा उनले मन्त्रालयमा दल निकट कर्मचारीहरुलाई बढी प्रश्रय दिएको गुनासो कर्मचारीहरुले गरेका छन् । निवर्तमान गृहमन्त्री रमेश लेखकको १४ महिने कार्यकालमा पनि सचिव गोकर्णमणि दुवाडी दंगाल झै बढी हावी हुने गरेका थिए । सोही नजिरलाई सचिव दंगालले पुन निरन्तरता दिएको मन्त्रालय स्रोतले जानकारी दिएको छ ।

मन्त्री अर्यालको चाहना विपरीत विभिन्न मन्त्रालय र सरकारी निकायमा कार्यरत १३ जना सहसचिवहरुलाई सचिव दंगालले गृहमा भित्र्याएको चर्चा छ । मन्त्रालयमा भित्र्याइएका कतिपय सहसचिवहरु गृह प्रशासनबारे अनविज्ञ रहेतापनि जवर्जस्त रुपमा भित्र्याएको आरोप सचिवमाथि लाग्ने गरेको छ । यसअघि मन्त्रीस्तरीय निर्णय गरेर मन्त्री अर्याल र सचिव दंगालले खटाएका कतिपय प्रमुख जिल्ला अधिकारीहरुलाई तीन महिना नबित्दै अघिल्लो हप्तामात्र झिकिएको थियो । यसरी झिकिएका १३ मध्ये तीनवटा (बाँकी पृष्ठ ८ मा)

# देवता-दानव निर्माण गर्ने पर्दाभित्रको खेल
## हल्लैहल्लाको देश : पुस्ता फेरियो, प्रवृत्ति फेरिएन

**कवि भुपी शेरचनले उहिले नै नेपाललाई हल्लै हल्लाको देश भनेका हुन् । उनको कविता ५०/६० वर्षपछि अहिले पनि उत्तिकै सान्दर्भिक लाग्छ । अहिले पनि हामीहरू हल्लाको पछि दौडिरहेका, बाँचिरहेका छौं । हामीहरूले तथ्य खोज्दैनौं, इतिहास हेर्दैनौं, पर्दाभित्र बसेर सीमापारीका कसैले वा सात समुद्रपारिका कसैले छरिरहेको धुनमा हामीहरू नाचिरहेका हुन्छौं ।**

**पर्दाभित्रका भाष्य निर्माता**


पर्दाभित्र बसेका भाष्य निर्माताले एउटा भाष्यको निर्माण गर्छन्, भिडबाट केही तस्बिर छानेर कसैलाई दानवको रूपमा प्रस्तुत गर्छन् र अरु कसैलाई देवताको रूपमा प्रस्तुत गर्छन् । पर्दाभित्रबाट कसैले अर्थात अदृश्य खेलाडीले हामीलाई कुनै अमुक व्यक्ति दानव हो भनेर सुनाउँछ ।

**देवता र दानव कसले बनाउँछ ?**

पर्दाभित्रका भाष्य निर्माताले जसलाई दानव भन्छ, उसलाई दानव भनेर हल्ला गर्नु हामी आफ्नो कर्तव्य ठान्छौं । उसले के काम गरेको हुनाले हामीले उसलाई दानव भन्नुपर्ने हो भन्ने कुरा सोध्नसम्म पनि हामीले जरुरी ठान्दैनौं । उता पर्दाभित्र बसेका भाष्य निर्माताले अरु कसैलाई देवताको रूपमा प्रस्तुत गर्छन्, हामीहरूले उसलाई किन देवता भन्नुपर्ने हो

**यो बेला**

**युवराज पाण्डे(पीएचडी)**



**संविधान संशोधन, सुशासन, बजेट सुधार, पुँजीगत खर्च वृद्धि, निर्वाचन प्रणाली सुधार, संसदको आकार घटाउने विषयमा रवि, बालेन, कुलमानहरूको स्पष्ट खाका देखिँदैन ।**

भन्ने कुरा न सोच्दछौं, न सोध्दछौं ।

**सपेरा र सर्पको दशकौं पुरानो खेल**

सपेराले बाजा बजाउँछ, हामीहरू सर्पजस्तै उसकै तालमा ताल मिलाएर नाच्न थाल्छौं । उसकै तालमा नाच्न थालेपछि पर्दाभित्रका निर्देशकले हामीलाई धाप मार्छन्, हामी त्यसमै मख्ख पर्छौं । पछि उसले हामीलाई कुनै न कुनै पुरस्कार दिन्छ भन्ने आशामा हामी उसका इशारा पर्खन थाल्छौं । सपेरा र सर्पको खेलजस्तो यो खेल दशकौं अघिदेखि अहिले पनि चलिरहेको छ ।

**अर्काको तालमा नाच्ने बानी**

अहिले पनि पर्दाभित्र बसेका भाष्य निर्माताले निर्माण गरेको भाष्यमै समाज नाचिरहेको प्रतीत हुन्छ । अहिलेसम्मका संकेतहरूले भोलि पनि यही खेल चलिरहने हो कि भन्ने आशंका बढ्दो छ । सत्यको पहिचान गर्न र आफ्नो बाटो आफैं खोज्न हामी कहिले अग्रसर हुने हौं, भन्न सकिँदैन । (बाँकी पृष्ठ ८ मा)

## जीवनधारा

### सबैभन्दा ठूला ज्ञानी

युनानका धर्मगुरुले घोषणा गरे कि पूरा युनानमा सुकरात सवभन्दा ज्ञानी व्यक्ति हुन् । धर्मगुरुको यो घोषणा सुनेका कतिपय व्यक्तिहरू बधाई दिन सुकरातको घर पुगे । उनीहरूको कुरा सुनेर सुकरातले भने, धर्मगुरुले यो घोषणा धेरै पहिले गर्नुपर्दथ्यो । त्यसो भएको भए मलाई खुसी लाग्ने थियो । अब त धेरै ढिलो भयो । त्यतिखेर म घमण्डले चुर थिएँ र अहिले धर्मगुरुलाई लागे जस्तै मलाई पनि म सवभन्दा ज्ञानी व्यक्ति हुँ भन्ने लाग्दथ्यो । त्यो समयमा ममा अहंकार पनि प्रभावशाली थियो कि ज्ञानको बारेमा म सोच्दा पनि सोच्दिन थिएँ । किनभने म आफूलाई महाज्ञानी सम्झन्थें । तर समयसँगै जव मेरो ज्ञान बढ्यो, समझ बढ्यो तव ममा भएको अज्ञानताको महसुस गर्न थालें । त्यसकारण तपाईंहरू धर्मगुरुसमक्ष जानुहोस् र भन्नुहोस्– सुकरात त आफूलाई अज्ञानी मान्दछ भनेर । त्यसपछि उनीहरू धर्मगुरुसमक्ष गएर सुकरातको कुरा दोहोर्‍याउँदै भने– ऊ त आफूलाई अज्ञानी मान्दछ र आफूलाई ज्ञानी मान्न अस्वीकार गर्दछ । उनीहरूको कुरा सुनेर धर्मगुरुले हाँस्तै भने– त्यसैले गर्दा नै मैले सुकरातलाई सवभन्दा ज्ञानी भनेर घोषणा गरेको हुँ किनभने ज्ञानी मानिसले जान्दछ कि आफूमा कति अज्ञानता छ भनेर ।

कठिन मिहिनेत र तपस्याविना कोही पनि महान् बन्दैन । - साइरस

## सम्पादकीय

# विद्यालयमा विवाह विधिको अभ्यास : शिक्षा कि संविधानको अपमान ?

**नेपालको संविधानले बालबालिकालाई बालविवाहबाट संरक्षण गर्ने मौलिक हक सुनिश्चित गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५, मुलुकी देवानी संहिता, २०७४, मुलुकी फौजदारी संहिता, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालविवाहलाई अपराध र गम्भीर बालअधिकार हननको रूपमा परिभाषित गरेका छन् । विशेषतः मुलुकी देवानी संहिता, २०७४ को दफा ७० अनुसार महिला र पुरुष दुवैको विवाहयोग्य उमेर २० वर्ष पूरा हुनुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेको छ । यति स्पष्ट संवैधानिक र कानूनी प्रावधान हुँदाहुँदै पनि एउटा निजी विद्यालयले विद्यालय हाताभित्रै विवाह मण्डप नै खडा गरेर बालबालिकालाई बेहुला–बेहुली बनाएर हिन्दु विवाह विधि "सिकाएको" भिडियो सामाजिक सञ्जालमा भाइरल हुनु राज्य, समाज र शैक्षिक क्षेत्रका लागि गम्भीर चुनौती हो ।**



**विद्यालय ज्ञान, विवेक र नागरिक चेतनाको निर्माण गर्ने संस्था हो । यहाँ बालबालिकालाई भविष्यका जिम्मेवार नागरिक बनाउने अभ्यास गरिनुपर्छ, कानूनले निषेध गरेको सामाजिक कुसंस्कारको अभ्यास होइन । विवाह मण्डप सजाएर, शिक्षक र बालबालिकालाई भेला पारेर, बेहुला–बेहुलीको श्रृंगारसहित विवाह विधिको नाटक मञ्चन गर्नु कुनै शैक्षिक प्रयोग हुनै सक्दैन । यो त बालविवाहको सांस्कृतिक पुनरुत्पादन हो । यस्तो गतिविधिले बालविवाहलाई सामान्य, रमाइलो र सामाजिक रूपमा स्वीकृत अभ्यासको रूपमा चित्रण गर्छ, जुन संविधानको मर्मसँग ठाडो रूपमा टकरिन्छ ।**

**विद्यालय प्रशासनले यसलाई "संस्कृति शिक्षण" वा "सामाजिक अभ्यास" भनेर जोगिने प्रयास गर्न सक्छ । तर, स्मरणीय कुरा के हो भने संविधान र कानूनभन्दा माथि कुनै पनि परम्परा, धर्म वा संस्कार हुँदैन । समयअनुसार मानवअधिकार र बालअधिकारको कसौटीमा नखप्ने अभ्यासहरूलाई निरन्तरता दिनु संस्कृति संरक्षण होइन, सामाजिक अन्यायलाई वैधानिकता दिनु हो । बालविवाह आफैंमा कानूनी अपराध हो भने त्यसको अभ्यास, अभिनय वा महिमामण्डन गर्नु अपराधलाई सामान्यीकरण गर्नु हो ।**

**बालबालिकाको मानसिक विकासको चरण अत्यन्त संवेदनशील हुन्छ । विद्यालयले देखाउने अभ्यास र सन्देशले उनीहरूको सोच, आकांक्षा र जीवन लक्ष्यमा प्रत्यक्ष प्रभाव पार्छ । सानै उमेरमा विवाहलाई जीवनको अनिवार्य र स्वाभाविक गन्तव्यका रूपमा प्रस्तुत गर्नुले बालबालिकालाई शिक्षा, करियर र आत्मनिर्भरताभन्दा विवाहतर्फ धकेल्ने जोखिम बढाउँछ । विशेषतः बालिकाहरूका हकमा यस्तो अभ्यासले लैंगिक असमानता, बालविवाह र किशोरी गर्भधारणजस्ता सामाजिक समस्यालाई अझै बलियो बनाउँछ ।**

**यस घटनाले विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र सम्बन्धित शिक्षकहरूको भूमिका र जिम्मेवारीमाथि गम्भीर प्रश्न उठाएको छ । शिक्षा दिने जिम्मा लिएका व्यक्तिहरूले ऐन–कानूनको आधारभूत ज्ञान नहुनु लज्जास्पद हो । अझ जान्दाजान्दै यस्तो कार्यक्रम आयोजना गरिएको हो भने त्यो झन् गम्भीर अपराध हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई विद्यालयको अनुगमन र नियमन गर्ने स्पष्ट जिम्मेवारी दिएको छ । त्यसैले स्थानीय सरकार, शिक्षा विकास तथा समन्वय इकाइ र बालअधिकारसँग सम्बन्धित निकायहरू यसप्रति जवाफदेही हुनुपर्छ ।**

**राज्यले एकातिर बालविवाह उन्मूलनका लागि नीति, रणनीति र अभियान सञ्चालन गरिरहेको छ भने अर्कोतिर विद्यालयमै बालविवाहको अभ्यास गरिनु नीतिगत विरोधाभास हो । कानून उल्लंघन गर्नेहरू दण्डित नहुने हो भने कानून केवल कागजमा सीमित रहन्छ । त्यसैले यस घटनाको निष्पक्ष छानबिन गरी दोषी विद्यालय प्रशासन, प्रधानाध्यापक र संलग्न व्यक्तिहरूमाथि कानूनअनुसार कारबाही हुनैपर्छ । यस्तो कारबाही प्रतिशोधका लागि होइन, नजीर स्थापना र भविष्यमा यस्ता गतिविधि दोहोरिन नदिनका लागि आवश्यक छ ।**

**बालबालिका कुनै प्रयोगशाला होइनन्, जहाँ अनावश्यक र समाजका गलत अभ्यासहरूको अभ्यास गरियोस् । विद्यालयले बालविवाहजस्ता कुप्रथाको अभ्यास होइन, संविधान, कानून, समानता, मानवअधिकार र आधुनिक चेतनाको पाठ सिकाउनुपर्छ । राज्यले यस्ता घटनालाई सामान्य ठानेर बेवास्ता गर्नु भनेको बालअधिकारप्रतिको आफ्नो संवैधानिक दायित्वबाट पन्छिनु हो । अब ढिलाइ होइन, स्पष्ट हस्तक्षेप आवश्यक छ–बालविवाहको अभ्यास विद्यालयको ढोकाभित्र रोक्नै पर्छ ।**

# 'जोकर र भुइँफुट्टाहरू'को 'बङ्गलादेशी मोडेल' !

**संविधानले नचिन्ने 'जोकर र भुइँफुट्टाहरू'बाट देश सञ्चालन हुनै सक्दैन । संविधान, कानून तथा राजनीतिक संस्कृतिको खिल्ली उठाउने गतिविधि भदौपछि बढेकाले देश 'बंगलादेश'को बाटोमै अघि बढ्यो । मनोगत, भावनात्मक, अवस्तुवादी, अवैज्ञानिक, अराजनीतिक, कुतर्कबाट मुलुक सञ्चालन गर्न खोज्दा 'न भयरहित, स्वतन्त्र निर्वाचन हुने, न राजनीतिक स्थिरता हुने' खतरनाक मोडमा पुग्यो । 'जोकर'बाट फिल्म र नाटक चल्छ । मुलुक चलाउन वैचारिक, राजनीतिक र संस्कारयुक्त राजनीतिक दल नै चाहिन्छ । संविधानबाट मुलुक चल्न नसकेकाले जननिर्वाचित प्रतिनिधि सभा पुनर्स्थापना गर्नुको विकल्प निर्वाचन हुन नसक्ने संकेत ।**

## समय र विचार



**डा. प्रेमराज सिलवाल, अधिवक्ता**

**अराजकता, अनावश्यक जुलुस र विरोधलाई राज्यले नियन्त्रण गर्ने शासनशैली सिंगापुरले लागु गर्दै आएको छ । पाँच जना भन्दा बढीको जुलुसलाई राज्यले नियन्त्रणमा लिने गरेको छ । सुशासनमा कडा रहेको सिंगापुरको सुशासनको विश्व स्तर उच्चबाट तेस्रो रहेको छ ।**

देशको ऐतिहासिक आवश्यकता, राजनीतिक विचार, दर्शन, राजनीतिक, सामाजिक अवस्था र आवश्यकता तथा निश्चित उद्देश्यबाट राजनीतिक क्रान्तिहरू हुने गर्दछन् । एउटा देश, समाज, व्यक्ति वा स्थानमा भएको कुनै घटना वा क्रन्ति वा विषयलाई नेपालमा पनि त्यस्तै हुन्छ भन्ने चाहना र विश्लेषण अवैज्ञानिक 'सामान्यीकरण' र नक्कल गर्ने प्रवृत्तिले मुलुक बङ्गलादेशमा भइरहेको जस्तो हिँस्रात्मक अवस्था ल्याउनेतर्फ अघि बढेको छ । 'नेताले देश बिगारे', 'सबै नेता चोर हुन्', 'सबै दल भ्रष्ट छन्', 'जुन जोगी आए पनि कनै चिरको' जस्ता भावनात्मक कुरा बेच्ने आपराधिक मानसिकता भएका जोकरहरूले लोकतान्त्रिक प्रणाली प्रदुषित पार्दैछन् ।

जेलबाट भागेका, भगाइएका र 'विधि पुर्‍याएर आएका अपाराधीहरू'ले मुलुक तहसनहस पार्दैछन् । राजनीतिक दर्शन, विचार, राजनीतिशास्त्रीय ज्ञान, नेपालको राजनीतिक इतिहास, देशको संवैधानिक र कानूनी अवस्था, भूराजनीति र सार्वजनिक सरोकारका कुनै पनि मुद्दामा कत्तिपनि ज्ञान नभएका 'सेन्सलेसहरू'ले नेपाली राजनीति, संविधान र शासकीय प्रणाली यस्तो बनाउनु पर्दछ भन्दै संघर्षबाट आएका राजनीतिक दलहरूलाई 'सडकबाट पढाइरहेका' छन् । योभन्दा 'जोकरी'को उदेकलाग्दो कुरा के हुन्छ ?

**बङ्गदादेशबाट सिँगापुर ?**

लोकतान्त्रिक अधिकारको अति दुरुपयोग गरी हिँसा, अपराध, लुटपाट, आगजनी र आपराधिक गतिविधि नेपाली राजनीतिमा भित्रिएकाले थाम्नै नसक्ने अवस्था छ । यस्तो जोकरीको अवस्था र अपराधबाट मुलुक बंगदालेश मात्र बन्ने हो । निरन्तर 'बंगलादेशी मोडेल'बाट मुलुक चल्न सक्दैन । अपराध, हिँसा, लुटपाट, आगजनी र 'जोकरीको भद्दाजनक अवस्था'मा समाज तथा नागरिकको सुरक्षा गर्न 'सिँगापुरको मोडेल'मा लैजानु पर्ने हुन्छ । नेपाली राजनीतिले अब 'बंगलादेशी संस्कृति' थेग्दैन । सन् १९७१ मा पाकिस्तानबाट अलग भएर बनेको बङ्गलादेश मुस्लिम बाहुल्य भएको मुलुक हो । जनसंख्या वृद्धि, गरिबी, अशिक्षा, भ्रष्टाचार, कुशासन, राजनीतिक हिँसा, हत्या, अराजकता, अलोकतान्त्रिक सत्ता, विधिहीनता, निरन्तरको हड्ताल जस्ता कारणले शेख हसिनाको शासनपूर्व दुई दशकदेखि त्यो मुलुक पुरै आन्दोलित थियो । एक वर्षसम्म पनि अनिश्चितताकालीन हडताल गरिए । हजारौं जेल परे । सयौं मारिए । हजारौं घाइते भए । यस्तो कुरुप चित्र 'नेपालका कुपात्र र जोकरले फोटोकपी गरे' । सडकमा गैरकानूनी प्रदर्शन गर्दै आएका नेपाली नागरिकता बोकेका अपराधीहरूले नेपाललाई बंगलादेश बनाउने भन्दै राज्यका अर्बौं अर्बका भौतिक संरचना पोले । अक्षम्य अपराध गरे । अराजकतावादीलाई त्यस्तै नेपाल चाहिएको हो ? पन्ध्र वर्षसम्म हसिनाको निरङ्कुश र गैरकानूनी विधिबाट सञ्चालित सत्ता सबैको आक्रोसको केन्द्रमा थियो । विपक्षी नेतृ बेगम खालिदा जियालाई पन्ध्र वर्षसम्म नजरबन्धमा राखियो । निर्वाचनमा पनि भाग लिन दिइएन । अहिले युनुश सरकारले शेख हसिनाको दललाई निषेध गरी निर्वाचनमा भाग लिन पनि रोक लगाइरहेको छ ।

नेपालको लोकतान्त्रिक-संविधान र लोकतान्त्रिक शासन रहेसम्म कसैले पनि हिँसाको साहारा लिनु आवश्यक थिएन । संविधानको धारा १७ ले शान्तिपूर्वक राजनीतिक, वैचारिक र सांगठानिक विरोध प्रदर्शनमा रोक नलगाएको भए पनि संविधान र कानून विपरीत आपराधिक प्रदर्शन गरी नेपाललाई बंगलादेशको बाटोमा लगियो । अपराधी र प्रतिगामीका गैरकानूनी प्रदर्शन वृद्धि भएको कारण नेपाललाई बंगलादेश होइन सिंगापुरको शासनको मोडेलमा लैजानु पर्ने अवस्था सिर्जना भयो । अराजकता, अनावश्यक जुलुस र विरोधलाई राज्यले नियन्त्रण गर्ने शासनशैली सिंगापुरले लागु गर्दै आएको छ । पाँच जना भन्दा बढीको जुलुसलाई राज्यले नियन्त्रणमा लिने गरेको छ । सुशासनमा कडा रहेको सिंगापुरको सुशासनको विश्व स्तर उच्चबाट तेस्रो रहेको छ । विश्वमा विकास, समृद्धि, उन्नत्ति, प्रगति र सुशासनको चर्चा हुने वित्तिकै सिंगापुर तथा युरोपका नर्वे, स्विट्जरल्यान्ड जस्ता मुलुकहरूलाई नमुनाको रूपमा लिइने गरिएको छ । सिंगापुरको विकासमा निर्वाचित प्रजातान्त्रिक तानाशाही शासन र शासकले पनि काम गरेको देखिन्छ । सन् १९६५ मा स्वतन्त्रता पाएको सिंगापुरको वर्तमान संविधान ९ अगष्ट १९६५ मा लागु गरियो । एक दर्जन भन्दा कम राजनीतिक पार्टी रहेको सिंगापुरमा पिपुल्स एक्शन पार्टीले लामो समयदेखि एकछत्र शासन गर्‍यो ।

सन्१९६५ पछि लगातार २ दशक सम्म भएको निर्वाचनमा एक्शन पार्टी बाहेक कुनै पनि दलले एक सिट पनि जित्न सकेनन् । सन् १९८४ मा भने ७४ मध्ये विपक्षले २ सिट जितेको देखिन्छ । सन् १९८८ मा ७७ सिट मध्ये ७६ सिटमा पिपुल्स एक्शन पार्टीले जित्यो । सन् १९९१ मा ८१ मध्ये ७७ मा एक्शन नै विजयी भयो । सन् १९९७, २००१ र सन् २००६ मा विपक्षले हरेक पटक २ सीटमा मात्र विजय हासिल गर्न सक्यो । सन् २०१५ मा भएको निर्वाचनमा ९ पार्टीले भाग लिएका थिए । भौतिक विकास, सुशासन, विधिको शासन तथा समृद्धिमा सिंगापुरलाई विश्वमा उदाहरणको रुपमा लिइने गरिएको छ । लि क्वान यु (१९२३-२०१५) लाई सिंगापुर निर्माणका पिता भन्ने गरिएको छ । जनसंख्याका ६० लाख हाराहारीको सिंगापुर र १९ करोड बढीको बंगलादेशकाबिच विकास, समृद्धि, सुशासन र प्रणालीका हिसाबले तुलना नै गर्न सकिने अवस्था छैन ।

समृद्धि र सुशासनमा सिंगापुरको नाम विश्वमा अग्रस्थानमा रह्यो । भदौको विध्वंसबाट नेपाललाई बंगलादेश र श्रीलंका बनाउने होइन अपराधीहरूको सोच र चाहना रहेको पुष्टि भइरहेका छन् । नेपालमा राजनीतिका नाममम अपराध वृद्धि भएकाले विकसित, सुशासनयुक्त र समृद्ध बनाउन सिंगापुरको मोडेललाई अपनाउनु पर्ने देखियो । विध्वंस, हिँसा, आगजनी, तोडफोड, 'लुटपाटजन्य जुलुस' लगाएपछि जस्तोसुकै माग पूरा गर्न सकिन्छ भन्ने सोचले अराजकता र दन्डहिनतालाई मात्र प्रश्रय दियो । अराजकता, हिंसा र राजनीतिक अस्थिरता बंगलादेशी मोडेल हो जसले अहिले पनि निर्वाचन गर्ने भन्दै दुई वर्षसम्म हिँसा, प्रतिहिँसा र अराजकता मात्र मच्चाइरेको छ ।

अराजकता, हिँसा र आपराधिक प्रदर्शन रोक्न र विकास, समृद्धि तथा सुशासनको लागि देशलाई सिंगापुरको मोडेलमा नै लानुपर्ने अवस्था सिर्जना भइरहेको छ । अर्थात नेपालमा प्रदर्शनका नाममा गैरकानुनी अराजकता, हिंसा र लुटपाट थप वृद्धि हुने खतरानाक अवस्था प्रस्ट देखिएकाले दीर्घकालमा नेपाललाई पनि सिंगापुरमा जस्तै 'जुलुसलाई कानुनसम्मत्त नियन्त्रण' गर्नु आवश्यक छ । आन्दोलन र प्रदर्शनका नाममा जेपनि गर्न पाइने हो भने 'नेपाल जहिल्यै बंगलादेश भइनै रहन्छ' ।

**तत्कालको उपचार**

अहिले देशको संविधान, राजनीतिक प्रणाली, विधि, कानून, राजनीतिक संस्कार तथा संस्कृति सबै भताभुङ्ग पारिएका छन् । संविधानलाई सडकबाट च्यातिएको छ । यस्तो अवस्थामा गैरसंवैधानिक विधिबाट सडकको विध्वंसको अपराधको बलमा जननिर्वाचित संस्था विघटन गरिएकाले मुलुकलाई राजनीतिक, संवैधानिक र कानूनी लिकमा ल्याउन संसदको पुनर्स्थापना गरेर अघि बढ्नु अत्यावश्यक भएको छ । अराजकता, विध्वंस र अपराध अति भयो । 'फन्टुस, जोकर र ननपोलिटिक भीड'बाट राज्य चल्न सक्दैन । राज्य सञ्चालन गर्न वैचारिक, सैद्धान्तिक, संस्कार भएका राजनीतिक शक्ति नै चाहिन्छ । त्यो भनेको जननिर्वाचित राजनीतिक दल नै हुन् । संसदको पुनर्स्थापनापछि राजनीतिक सहमति गरी उपयुक्त समयमा पुनः गर्ने त निर्वाचन नै हो । यसरी मात्र तत्कालको संवैधानिक र राजनीतिक संकट टार्न सकिन्छ ।

# पृथ्वीपति एकनीति : महेन्द्र पथ राष्ट्रको रथ !

● भक्ति पाठक

**नेपाल केवल भौगोलिक सीमाभित्र अडिएको भूमि होइन, यो हजारौं वर्षको धर्म, संस्कार, संस्कृति, र पुर्ख्यौली त्याग–तपस्याबाट निर्मित एउटा जीवित राष्ट्रचेतना हो। हिमाल, पहाड र तराईको संगममा बसेको यो राष्ट्र केवल प्राकृतिक सौन्दर्यको धनी मात्र होइन, आत्मसम्मान, स्वाभिमान र सार्वभौम चेतनाको प्रतीक हो । हाम्रा पुर्खाले जोगाइदिएको माटो, भाषा, धर्म र पहिचान कुनै क्षणिक सत्ता, कुनै दल वा कुनै नेताको स्वार्थका लागि साट्न मिल्दैन। राष्ट्रभन्दा माथि केही हुँदैन–न व्यक्ति, न विचार, न पद ।**

धर्म, संस्कार, संस्कृति, रीतिथिति र परम्परा समाजका गहिरा जरा हुन् । यी नै समाजका नैतिक स्तम्भ हुन् । जब यी कमजोर हुन्छन्, तब अनुशासन भत्किन्छ, नैतिकता हराउँछ र अराजकता मौलाउँछ । धर्म यहाँ केवल मन्दिर, पूजा वा कर्मकाण्डमा सीमित विषय होइन ! धर्म भनेको सत्य, कर्तव्य, संयम र न्यायको जीवनदर्शन हो । संस्कार भनेको पुस्तौं-पुस्ताले हस्तान्तरण गरेको जीवनशैली हो, जसले मान्छेलाई सही र गलत छुट्याउने चेत दिन्छ । जब हामी यी मूल्यहरूलाई बिर्सेर केवल भीडको पछाडि, नेताको नाराको पछाडि अन्धो भएर दौडिन्छौं, तब हामी आफ्नै अस्तित्वको अपमान गरिरहेका हुन्छौं । त्यो आफ्ना पुर्खाले देखाएको बाटोको अवमूल्यन हो, इतिहासमाथि गरेको गम्भीर अपराध हो ।

हाम्रो धार्मिक-दार्शनिक चेतनाले कर्म र फलको अटल नियम सिकाउँछ। गंगामा स्नान गरेर मोक्ष खोज्दै त्यहीं अपवित्र कर्म गर्ने व्यक्ति कहिल्यै मुक्तिको अधिकारी हुन सक्दैन । रामावतारमा लुकेर गरिएको अधर्म कृष्णावतारमा भोग्नैपर्छ भन्ने सन्देशले यही भन्छ-कुनै पनि कुकर्म ढिलो-चाँडो फर्केर आउँछ । भीष्म पितामहले जीवनभर सत्य र प्रतिज्ञामा अडिग रहँदा पनि शरशय्यामा उत्तरायण कुर्नु परेको प्रसंगले धर्म, दायित्व र त्यागको मूल्य कति गहिरो हुन्छ भन्ने सिकाउँछ । हजारौं गौदान, हजारौं दान-पुण्य पनि यदि कर्म दूषित छ भने निष्फल हुन्छन् ।

आजको नेपाल गहिरो सङ्कटको चरणमा छ । अस्थिर राजनीति, नैतिक पतन, भ्रष्टाचार, हिंसा र निराशाले राष्ट्रलाई घेरिरहेको छ । जनताले शान्ति, सुरक्षा, सम्मान र भविष्य खोजिरहेका छन्, तर सत्तामा पुगेकाहरू व्यक्तिगत स्वार्थ, सत्ता-सुख र विदेशी एजेन्डामा अल्झिएका छन् । यदि नेताहरू साँच्चिकै राष्ट्रप्रति उत्तरदायी हुने हो भने, आज यति धेरै नेपालीले ज्यान गुमाउनु पर्ने थिएन, यति धेरै आमाले छोराको शव काखमा राखेर रुनु पर्ने थिएन, यति धेरै युवाले बाध्य भएर देश छोड्नु पर्ने थिएन। "नेताले सुन हग्ने" भ्रम बेचियो, तर वास्तविकतामा राष्ट्र खोक्रो बनाइयो ।

यहाँ गम्भीर प्रश्न उठ्छ-यस्ता नेतृत्वको पछि लागेर हाम्रो इज्जत, हाम्रो पहिचान र हाम्रो अस्तित्वको मूल्यांकन कसले गर्छ? राष्ट्र कमजोर हुँदा नागरिक पनि कमजोर हुन्छ। राष्ट्रियता कमजोर हुँदा आत्मविश्वास पनि कमजोर हुन्छ । त्यसैले राष्ट्रिय एकता कुनै भाषणको विषय होइन, यो जीवन-मरणसँग जोडिएको साझा उत्तरदायित्व हो ।

नेपालको इतिहास एकीकृत भावनाको इतिहास हो। पाँच विकास क्षेत्र, १४ अञ्चल, ७५ जिल्ला, गाउँ पञ्चायतदेखि नगर पञ्चायत, जिल्ला पञ्चायत, अञ्चल सभा हुँदै राष्ट्रपञ्चायतसम्मको संरचना केवल प्रशासनिक अभ्यास मात्र थिएन ! यो राष्ट्रिय एकताको अभ्यास थियो । रामराज्यको आदर्श–न्याय, सत्य र लोककल्याण-र कृष्णको कर्मयोग–कर्तव्यबाट नभाग्ने साहस–हाम्रा सभ्यताका मेरुदण्ड हुन् । पञ्चतत्व, पञ्चदेवता, पञ्चामृत, अष्टाङ्ग योगजस्ता अवधारणाले हाम्रो जीवनदर्शनलाई सन्तुलन, अनुशासन र नैतिकतामा बाँधेका छन् । यी सबै धार्मिक मात्र होइनन्, ऐतिहासिक र राष्ट्रिय चेतनासँग गाँसिएका विषय हुन् ।



**आजको नेपाल गहिरो सङ्कटको चरणमा छ । अस्थिर राजनीति, नैतिक पतन, भ्रष्टाचार, हिंसा र निराशाले राष्ट्रलाई घेरिरहेको छ । जनताले शान्ति, सुरक्षा, सम्मान र भविष्य खोजिरहेका छन्, तर सत्तामा पुगेकाहरू व्यक्तिगत स्वार्थ, सत्ता–सुख र विदेशी एजेन्डामा अल्झिएका छन् ।**

राष्ट्रियताको अर्थ अरूलाई घृणा गर्नु होइन, अरूको अस्तित्व मेट्नु होइन । राष्ट्रियताको अर्थ आफ्नै पहिचानलाई सम्मान गर्नु, आफ्नो इतिहासलाई आत्मसात् गर्नु र आफ्नो भूमिको रक्षा गर्नु हो । असंलग्न नीति, सार्वभौम सत्ता, राष्ट्रिय अखण्डता र मौलिक अधिकारहरू सुरक्षित रहनु भनेको स्वतन्त्र राष्ट्रको मेरुदण्ड हो । जब राष्ट्र निर्णय क्षमतामा परनिर्भर बन्छ, तब त्यो राष्ट्र नाम मात्रको रहन्छ ।

इतिहासले प्रमाणित गरेको छ-संकटको समयमा बलियो केन्द्र, स्पष्ट दिशा र नैतिक नेतृत्व आवश्यक हुन्छ । एकीकृत राजमुकुटको छत्रछायाँमा राष्ट्रलाई गोलबन्द गर्ने अवधारणा यही आवश्यकताबाट जन्मिएको हो । विगतमा राजसंस्थाले राष्ट्रिय एकता, स्थायित्व र अन्तर्राष्ट्रिय सम्मान दिलाएको तथ्यलाई नकार्न सकिँदैन । सत्र सालको राजनीतिक मोडले दिएको सन्देश आज पनि उत्तिकै सान्दर्भिक छ-अराजकता होइन, अनुशासन, विखण्डन होइन, एकता ! स्वार्थ होइन, राष्ट्र ।

साहसी सेना राष्ट्रको ढाल हो । सेना कमजोर हुँदा राष्ट्र असुरक्षित हुन्छ । सेनालाई राजनीतिक स्वार्थको औजार बनाउनु वा कमजोर बनाउने प्रयास राष्ट्रघाती कदम हो । राष्ट्रिय सुरक्षाका लागि नेपाली सेनालाई सशक्त, आत्मनिर्भर र सम्मानित बनाउनु अनिवार्य छ । राष्ट्रप्रति निष्ठावान शक्ति जागृत नगरी केवल भाषण, नारा र आन्दोलनले देश जोगिँदैन ।

आज हामीले गहिरो आत्ममन्थन गर्नुपर्ने समय आएको छ । आफ्ना स्मृति, स्वाभिमान र अस्तित्वको अवमूल्यन नगरौं। पुर्खाले चिनाएको बाटो बिर्सेर क्षणिक लाभ, सस्तो लोकप्रियता र झुटा आश्वासनको पछि लाग्नु आत्मघाती कदम हो । इतिहास, धर्म, संस्कार र राष्ट्रिय चेतनालाई बोकेर भविष्य निर्माण गरौं। व्यक्तिवादी स्वार्थ, भ्रष्ट नेतृत्व र बाह्य प्रभावको कठपुतली बन्ने प्रवृत्तिलाई दृढतापूर्वक अस्वीकार गरौं ।

पृथ्वीपति एकनीतिले देखाएको राष्ट्रनिर्माणको दर्शन-एकता, शक्ति सन्तुलन र स्वाधीनता-आज पनि उत्तिकै सान्दर्भिक छ । महेन्द्र पथले दिएको आत्मनिर्भर, स्वाभिमानी र अनुशासित राष्ट्रको मार्ग नै राष्ट्ररथका पांग्रा हुन् । जबसम्म यी पांग्रा मजबुत छन्, राष्ट्ररथ डगमगाउँदैन ।

अन्ततः, राष्ट्र जोगाउनु भनेको केवल सिमाना जोगाउनु होइन ।
राष्ट्र जोगाउनु भनेको इतिहास जोगाउनु हो,
संस्कार जोगाउनु हो,
धर्म जोगाउनु हो,
स्वाभिमान जोगाउनु हो, र भावी पुस्तालाई गर्वका साथ हस्तान्तरण गर्न सकिने नेपाल जोगाउनु हो ।

पृथ्वीपति एकनीति हाम्रो चेतना हो, महेन्द्र पथ हाम्रो दिशा हो, र राष्ट्रको रथ हाम्रो साझा जिम्मेवारी हो ।

*(लेखक पाठकका निजी विचार हुन्)*

# गृहमा 'जुन जोगी आएपनि कानै चिरेका' !

## जेन–जी मन्त्री अर्याल र प्रशासनको पुरानै ढर्रा

● साँघु संवाददाता

**काठमाडौं। ०८२ पुष ३ गते बसेको मन्त्रिपरिषद बैठकले एकै पटक ६० जना सहसचिवहरुको जिम्मेवारी हेरफेर गरेको थियो। बिगतका निर्वाचित सरकारहरुले झैं अन्तरिम सरकारले पनि निजामती कर्मचारी प्रशासनलाई आफू अनुकूल प्रयोग गर्नका लागि उनीहरुको सरुवा गरिएको अनुमान लगाउन सकिन्छ। यो अवस्थालाई मध्यनजर गर्दा सरकारको नेतृत्व जो जसले गरेपनि उनै कर्मचारीहरूलाई अचानो बनाएर मन्त्री र सचिवले आफ्नो स्वार्थपूर्ति गर्न खोजेको छर्लंग भइसकेको कर्मचारीहरु चर्चा गर्दैछन्।**

बिगतका सरकारले झैं अहिले पनि दुईदेखि चार महिनामा नै कतिपय सहसचिवहरुलाई सरुवा गरेर गरेर निजामती प्रशासनलाई थप अस्थिर बनाउन खोजेको स्रोत बताउछ।

गृहमन्त्री ओमप्रकाश अर्यालले बिभिन्न जिल्लामा कार्यरत प्रमुख जिल्ला अधिकारीहरुलाई दुईदेखि चार महिनामै सरूवा गरिएको भन्दै कर्मचारीहरुले असन्तुष्टि जनाएका छन्। अन्तरिम सरकारले सय दिन अर्थात् हनिमुन अवधि पूरा गरेको छ। यो अवधिमा अन्तरिम सरकारले एकजना कर्मचारीलाई दुईवटा निकायमा सरूवा गरिसकेको छ। निजामती प्रशासनमा योभन्दा बढी बेथिति अरु के हुन्छ सक्छ ? जस्तो रूपन्देहीमा कार्यरत तत्कालीन प्रमुख जिल्ला अधिकारी डा. टोकराज पाण्डेलाई गृहमन्त्री अर्यालले दुई महिना अगाडि मात्र लमजुङमा खटाएका थिए। दुई महिनापछि सहसचिव पाण्डेलाई पुन लमजुङबाट गण्डकी प्रदेश सचिवमा सरूवा गरेर गृह प्रशासनलाई सरुवा मन्त्रालयमा परिणत गरेका छन्।


त्यस्तै, वन तथा वातावरण मन्त्रालयको प्रशासन महाशाखामा कार्यरत सहसचिव मिमांस अधिकारीलाई सरकारले चार महिना नबित्दै योजना आयोगमा सरुवा गरेको छ। जबकि उनलाई चार महिना अगाडि निवर्तमान सरकारले कोशी प्रदेशको योजना आयोगबाट सो मन्त्रालयमा सरूवा गरेर भित्र्याएको थियो। चार महिनापछि अन्तरिम सरकारले उनलाई योजना आयोगमा सरुवा गरेर निजामती प्रशासनलाई विगतमा झैं जेन-जी सरकारले पनि अस्थिर मात्र बनाएको छैन कि कर्मचारीलाई फुटबल नै बनाएको गुनासो सुनिन्छ। बन मन्त्रालयमा भने सहसचिव भुपेन्द्र थापालाई सरुवा गरिएको छ।

**मन्त्रालयमा मौलाउँदै बेथिति**

अर्को रोचक विषय त अन्तरिम सरकारका गृहमन्त्री अर्यालले मन्त्रालयबाट मात्र १३ जना सहसचिवहरू बाहिर खेदेका छन्। जसमा ८ जना प्रमुख जिल्ला अधिकारीहरू नै रहेका छन् भने मन्त्रालयमा भित्रिने भाग्यमानी सहसचिवहरु ७ जना रहेका छन्। गृहबाट अन्य निकायमा सरुवा गरिएका सहसचिवहरूको सूचीमा गोपालप्रसाद अर्याल, डा. टोकराज पाण्डे, कल्पना श्रेष्ठ रहेका छन्।

त्यसैगरी, सहसचिवहरु सुनिता नेपाल, खिमबहादुर रायमाझी, नेत्रप्रसाद सुवेदी, कृष्णप्रसाद लम्साल, नारायणप्रसाद रिसाल, लीलाप्रसाद शर्मा, बन्धुप्रसाद बास्तोला, गोविन्दप्रसाद रिजाल, शंकरहरि आचार्य र धर्मेन्द्रकुमार मिश्रलाई मन्त्रालयबाट आउट गरिएको छ। उनीहरूमध्ये पाण्डे लमजुङ, श्रेष्ठ खोटाङ, नेपाल इलाम, सुवेदी सल्यान, रिसाल दोलखा, बास्तोला सिन्धुपाल्चोक,



ओमप्रकाश अर्याल

लम्साल नवलपरासी पश्चिम र मिश्र भने बारामा कार्यरत रहेका थिए। मन्त्रालयले उनीहरुलाई सरुवा गरेपनि ती जिल्लामा नयाँ प्रजिअ खटाउन भने सकेको छैन।

**रोचक विषय त अन्तरिम सरकारका गृहमन्त्री अर्यालले मन्त्रालयबाट मात्र १३ जना सहसचिवहरू बाहिर खेदेका छन्। जसमा ८ जना प्रमुख जिल्ला अधिकारीहरू नै रहेका छन् भने मन्त्रालयमा भित्रिने भाग्यमानी सहसचिवहरु ७ जना रहेका छन्। गृहबाट अन्य निकायमा सरुवा गरिएका सहसचिवहरूको सूचीमा गोपालप्रसाद अर्याल, डा. टोकराज पाण्डे, कल्पना श्रेष्ठ रहेका छन्।**

सरकारले आगामी २०८२ फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन गर्ने तयारी गरिरहेको छ। निर्वाचनको मुखमा शान्ति सुरक्षाको चुनौती रहेको समयमा ८ जिल्लामा कार्यरत अनुभवी प्रजिअहरु सरूवा गरेर के सन्देश दिन खोजेको भन्ने प्रश्न मन्त्रालयमा उठ्ने गरेको छ। साथै, नयाँलाई तत्कालै नखटाउनु पनि गृह प्रशासन र सरकारकै असक्षमता, नालायकीपन र कमजोरी रहेको बताइन्छ। उता, मन्त्रालयमा विभिन्न मन्त्रालय र निकायबाट सहसचिवहरू उमेश ढुंगाना, शान्तिराज प्रसाईं, लक्ष्मीप्रसाद पौडेल, मदन कोइरालालगायत भित्रिएका छन्।

यसैगरी, सहसचिवहरु रेखा कँडेल, निश्चलराज पाण्डे र राजन पौडेल पनि भित्रिएका छन। पाण्डेको भने सरुवा संशोधन हुने जानकार स्रोत बताउँछ। उनी मुटुको रोगी भएकोले प्रजिअको भूमिकामा काम गर्न असमर्थ रहेको बुझिएको छ। सरुवा गरेर मन्त्रालयमा भित्र्याइएका कतिपय सहसचिवहरू संवेदनशील घडीमा जिल्ला हाँक्नका लागि नयाँ अनुहार मानिन्छन्। निर्वाचनको समयमा सिडिओको जिम्मेवारीमा खटाउँदा क्षमतावान, खारिएका र अनुभवीहरूलाई प्रथामिकता दिनुपर्ने गृह प्रशासनका जानकारहरुको भनाई रहेको छ।

**शान्ति सुरक्षामा चुनौती**

अनुभवीहरुलाई मन्त्रालय बाहिर पठाएर आफू अनुकूलका अनुभवीहरूलाई भित्र्याएर खटाउँदा त्यसले निर्वाचन सुरक्षामा समस्या निम्त्याउने खतरा देखिन्छ। निर्वाचनमा धाँधली गरेर भएपनि नयाँ राजनीतिक शक्तिहरूलाई निर्वाचन जिताउन वर्तमान सरकारले गृह प्रशासनमा सरूवा आतंक सिर्जना गरेर बेथिति भित्र्याएको आशंका व्यक्त गर्न थालिएको छ। जसले सरकारमा जो आएपनि 'कानै चिरेका' भन्ने जनउक्तिलाई पुष्टि गरेको गृह स्रोतको भनाई रहेको छ।

अनुभवी कर्मचारीलाई कानून विपरीत सरुवा गर्ने भन्दा पनि सरकारको नीति अनुसार छिटो छरितो, प्रभावकारी, पारदर्शी र जिम्मेवार ढंगले काममा खटाउनु सरकारको दायित्व मानिन्छ। त्यसपछि नागरिकलाई सेवा प्रवाह गर्नका लागि प्रेरित, भ्रष्टाचार र अनियमिततामा संलग्न रहेको खण्डमा कारवाहीको डण्डा चलाउनु सरकारको कर्तव्य मानिन्छ। अझ सरकारले संविधान, ऐन कानूनसम्मत दिएका निर्देशनहरूको पालना नगर्ने कर्मचारीहरूलाई कानून बमोजिम दण्डित, कारवाही र हटाउने अधिकार प्रयोग गर्नसक्छ। कर्मचारीहरूलाई अवधि पूरा नहुँदै एक/दुई महिनामै सरूवा गरेर समस्याको समाधान हुन नसक्ने कर्मचारीहरु बताउछन्।

बरु समस्या, बेथिति भित्रिने र कर्मचारी प्रशासनमा असन्तुष्टि बढेर विद्रोहको वातावरण जन्मिने बिषयलाई गृह प्रशासनले हेक्का राख्न नसकेको गुनासो पनि सुनिन्छ। ०८२ भदौ महिनामा गरिएको जेनजी विद्रोहका कारण तत्कालीन सरकार सत्ताच्यूत हुन पुगेको थियो। त्यसपछि सुशीला कार्की नेतृत्वमा गठित अन्तरिम सरकारले हनिमुन अर्थात् सय दिन पार गरिसकेको छ। तरपनि सार्वजनिक प्रशासनमा रहेका विकृति र बेथितिहरु न्यूनीकरण गर्न नसकेको होइन कि विगतकै सरकारले जस्तै मनलागी सरुवा गरेर कर्मचारीहरुको मनोबल गिराएको आरोप खेप्दै आएको छ। यसअघि मुलुकमा आलोपालो गरी नेपाली काँग्रेस, एमाले, तत्कालीन नेकपा माओवादीलगायतका दलहरु मिलेर नै सरकार संचालन गर्दै आएका थिए।

प्राय यी सबै राजनीतिक दलहरू संसद, सरकार र शासन सत्तामा गएको बिगतको नजीरले बताउँछ। सार्वजनिक प्रशासनमा उनीहरुले सुधार ल्याउन नसकेको बरु भ्रष्टतन्त्र कायम गरेको पुष्टि भइसकेको विषय हो। यही कारण ०८२ भदौ २३ र २४ गते जेनजी आन्दोलन हुन पुगेको थियो। त्यसपछि सत्तामा पुगेको नागरिक सरकार लेसमेत यस्ता बेथितिहरु न्यूनीकरणमा आम नागरिकहरुमा आशा जगाउन सकेको देखिंदैन। अझ घोषित मितिमा प्रतिनिधि सभा निर्वाचन सम्पन्न गर्ने अठोटबाट सरकार पछि हटेको पनि छैन।

सरकारले परिवर्तनका नारा र आश्वासन भने आम नागरिकलाई बाँड्न पछि परेको छैन। तर, ययअघि पटक-पटक आम नागरिकलाई चुनावमा भ्रम छर्ने, आफूतिर आकर्षित गर्ने कार्यहरु ठूला दलहरूले गर्दै आएका थिए। आम निर्वाचनपछि सांसद, मन्त्री र प्रधानमन्त्री हुँदासमेत उनीहरुले सार्वजनिक प्रशासनमा रहेको बेथितिहरु हटाउन संघीय निजामती ऐन ल्याउन दस वर्षसम्म पनि खासै भूमिका खेल्न नसकेको आरोप खेप्दै आएका थिए। आन्दोलनको बलमा गठित वर्तमान खरानीमाथिको कार्की सरकारले पनि विगतकै सरकारले झैं निजामती प्रशासनलाई संचालन गर्न खोज्दा झन गिजोलिएको गुनासो व्याप्त रहेको पाइन्छ।

## समाचार/विविध

# श्रमिकको स्वास्थ्य परीक्षण शुल्क वृद्धि प्रकरण

## कर्णलाई श्रम सचिवबाट आउट गर्ने तयारी

● साँघु संवाददाता



डा. कृष्णहरि पुस्कर कर्ण

काठमाडौं। नेपाल प्रहरीबाट अवकाश प्राप्त एआईजीपी राजेन्द्र सिंह भण्डारीले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारमा भरखरै श्रम, रोजगार तथा सामाजिक मन्त्रालयको नेतृत्व गर्ने अवसर प्राप्त गरेका छन्। बैतडीमा जन्मेका उनले मन्त्रालयलाई नेपाल प्रहरी संगठनमा झैं आदेशको भरमा संचालन गर्न खोजेको उनको पहिलो निर्णयबाट नै पुष्टि हुन्छ। तर, सचिव डा. कृष्णहरि पुस्कर कर्ण भने आदेश भन्दा पनि चाकडीमा रमाउने प्रवृत्ति बोकेका विशिष्ट श्रेणीका कर्मचारीमा गनिन्छन्।

सचिव कर्णले सेटिङका आधारमा श्रमिकको स्वास्थ्य परीक्षण शुल्क बृद्धि गर्ने निर्णय यसअघि गरेको आरोप खेपेका थिए। सेटिङका आधारमा गरिएको श्रमिकको स्वास्थ्य परीक्षण शुल्क बृद्धि निर्णय गलत मनसायले गरेको भन्दै कर्णमाथि छानबिन गर्न जेन-जीहरूले मन्त्री सिंहमाथि दबाब दिएको स्रोत बताउछ। उनीहरूले एकैपटक तीन हजार रुपैयाँ श्रमिकको स्वास्थ्य परीक्षण शुल्क बृद्धि गर्ने निर्णय सेटिङका आधारमा गरिएको आशंका गरेका छन्। त्यसैले सचिव कर्णमाथि छानबिन गर्न जेन-जीहरुले मन्त्री भण्डारी र प्रधानमन्त्री सुशीला कार्कीको ध्यानाकर्षणसमेत गराइसकेको स्रोत बताउछ।

मन्त्री भण्डारीले मन्त्रालयको बागडोर संहाल्नासाथ स्वास्थ्य परीक्षण शुल्क बृद्धि गर्ने निर्णय खारेज गर्न सचिवलाई निर्देशन दिएका थिए। तर, उनले अटेर गर्दै असहयोग गरेका थिए। यो विषय सार्वजनिक भएपछि सचिव कर्णमाथि छानबिन तथा कारबाही गर्न मन्त्री सिंहमाथि जेनजीहरूले दबाब दिएको बताइन्छ। योसँगै सचिव कर्णलाई अन्यत्र सरुवा गरेर नयाँ सचिव भित्र्याउने गृह कार्य भित्रभित्रै भइरहेको स्रोत बताउँछ। सचिव कर्णले कैलाश खड्का र तत्कालीन मुख्यसचिव एकनारायण अर्यालसँगको मिलेमतोमा ६ हजार ५ सयबाट श्रमिकको स्वास्थ्य परीक्षण शुल्क एकैपटक नौ हजार ५ सय रुपैयाँ पुऱ्याएको आरोप लाग्ने गरेको छ।

निवर्तमान मन्त्री शरदसिंह भण्डारीले पनि सेटिङको आधारमा शुल्क बृद्दि गरिए पत्ता लगाएका थिए। आफूले नै स्वीकृत दिएपनि सेटिङका आधारमा गरिएको पत्ता लागेपछि मन्त्री सिंहले स्थगन गर्न उनलाई दवाव दिएका थिए त्यसपछि सचिव कर्णले मन्त्री सिंहमाथि गाडी काण्ड देखाएर थप बदनाम गराएको तथ्य त्यसबखत निकै चर्चामा आएका थिए। यसअघि प्रधानमन्त्री सुशीला कार्की स्वयमले सो मन्त्रालयको समेत जिम्मेवारी लिएका थिइन। त्यसबखत पनि पूर्व मन्त्री भण्डारीको कार्यकालमा अघि बढेको स्वास्थ्य परीक्षण शुल्क बृद्धिको निर्णय कार्यान्वयनमा भने गएको थियो।

सचिव कर्णले शुल्क बृद्धिको निर्णयलाई गुमराहमा राखेको पत्तो पाएपछि प्रधानमन्त्री कार्कीले नै नवनियुक्त भण्डारीलाई उक्त निर्णय खारेज गर्न निर्देशन दिएको बताइन्छ। प्रधानमन्त्रीको निर्देशन बमोजिम मन्त्री भण्डारीले शुल्क बृद्धिको निर्णय तत्काल खारेज गर्न निर्देशन दिएका थिए। तर, सचिव कर्णले ठूलै लेनदेनका आधारमा गरिएकोले मन्त्रीको निर्देशनलाई कार्यान्वयन नगरेको जानारस्रोतले दावी गरेको छ। सचिवले असहयोग गरेपछि मन्त्री भण्डारीले एकल निर्णयमार्फत शुल्क बृद्धिको निर्णय खारेज गरिदिएका छन।

त्यतिमात्र होइन उनलाई मन्त्रालयबाट सरुवा गर्ने चर्चा सुरु भएपछि उल्टै प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठसँग सेटिङ गरेर थमौती हुन कोसिस गरेको स्रोत बताउँछ। कर्ण सचिव बढुवा भएपछि पनि प्रदेशको प्रमुख सचिवमा पाइला टेक्नु परेको छैन। अझ मधेशी कोटाबाट बढुवामा दुई तहको लाभ लिएका थिए। तरपनि शक्ति केन्द्रको आडमा उनले प्रदेशमा सरुवा भएर जानै परेन। उनले मन्त्रीको आदेशबेगर नै अर्को महत्वपूर्ण निर्णय गरेर मन्त्रीलाई थप चुनौती दिएको चर्चा छ।

२०८२ पुष ४ गते शुक्रबार संघीय मामिला तथा सामान्य प्रशासनबाट मन्त्रालयमा भित्रिएकी कनिष्ठ सहसचिव मिरा आचार्यलाई बैदेशिक रोजगार विभागको महानिर्देशकको जिम्मेवारीमा खटाएका छन्। उनी विभागकी पहिलो महिला महानिर्देशक बन्न सफल भएकी छिन। आचार्य एकवर्ष अगाडि मात्र महिला कोटामा खुला प्रतिस्पर्धामार्फत सहसचिव बढुवा भएकी थिइन। उनी उपसचिवमा सामान्य प्रशासन मन्त्रालयमा कार्यरत रहेकै बखत कर्ण भने सचिवको जिम्मेवारीमा रहेका थिए। आन्तरिक प्रशासन शाखा प्रमुख रहँदा आचार्यले सचिव कर्णको माग बमोजिमको सेवा सुविधा उपलव्ध गराएको गुन तिर्न विभागको जिम्मेवारीमा खटाएको अनुमान मन्त्रालयमा कार्यरत कर्मचारीहरुले गरेका छन्। श्रम मन्त्रालयर मातहत निकायमा आचार्य भन्दा वरिष्ठ आधा दर्जन भन्दा बढी सहसचिवहरु कार्यरत रहेका छन्। तर, उनीहरुलाई हेरेको हेरै बनाएर कनिष्ठ सहसचिव आचार्यलाई किन सचिव कर्णले आकर्षक विभागको नेतृत्वमा खटाउने निर्णय गरे भन्ने जिज्ञासा कर्मचारीहरुले व्यक्त गरेका छन्।

उता, सचिव कर्णले यो बिचमा प्रशासन महाशाखा प्रमुख निश्चल राज पाण्डे बिरामी हुँदाहुँदै गृहमा सरुवाको सहमति दिएको आरोपसमेत खेप्नु परेको छ। जबकि, मुटुका रोगी सहसचिव पाण्डेलाई मन्त्रालयबाट बाहिर पठाएर आफू अनुकूलका सहसचिवलाई भित्र्याएको आरोपसमेत लाग्ने गरेको छ। त्यसैले सहसचिव पाण्डेको सरुवा भने संशोधन हुने प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय स्रोतले जानकारी दिएको छ।

अर्को रोचक विषय यसअघि आफैंले रोजेर बैदेशिक रोजगार विभागका महानिर्देशकको जिम्मेवारीमा पठाएका सहसचिव कमल प्रसाद भट्टराईलाई सचिव कर्णले मधेश प्रदेशको निमित्त प्रमुख सचिवमा सरुवा गर्न सफल भएका छन्। वरिष्ठ सहसचिवसमेत रहेका भट्टराई २०८२ माघ महिनाको तेश्रो हप्तामा सचिव बढुवाको लाइनमा रहेका छन्। सचिव बढुवापछि पनि सरकारले सोही प्रदेशमा पदस्थापना गर्नेगरी हाल त्यहाँ खटाएको बुझिएको छ।

# संघीय मामिला मन्त्रालयको बेथिति कसले रोक्ला

## नयाँ मन्त्री र सचिवको पनि पहिलो निशानामा कर्मचारी !

● रामहरि चौलागाईं

**काठमाडौं। अहिले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नेतृत्व अर्थमन्त्री समेत रहेका रामेश्वर खनालले गर्दै आएका छन्। उनले निजामती सेवामा २८ वर्ष बिताएका थिए। लेखा अधिकृतदेखि राजस्व र त्यसपछि अर्थ सचिवको जिम्मेवारीमा रहेकै बखत उनले भ्याट छली र नक्कली भ्याट प्रकरण सार्वजनिक भएपछि तत्कालीन अर्थमन्त्री भरतमोहन अधिकारीको 'कार्यशैलीप्रति असन्तुष्ट' बाहना बनाएर राजीनामा दिएर हिंडेका थिए।**

उनलाई योग्य, सक्षम, कार्यकुशल, सुधारवादी र अनुभवी व्यक्ति भनेर गर्ने गरिन्छ। तर, सामान्य प्रशासन मन्त्रालयको नेतृत्व गरेपनि मुलुकको निजामती कर्मचारी प्रशासनको सरूवामा विगतदेखि कायम रहेको बेथितिमा भने सुधार गर्न नसकेको आरोप मन्त्री खनालमाथि लाग्ने गरेको छ।

मन्त्री खनालको ध्यान सामान्यमा भन्दा पनि अर्थ मन्त्रालय र राजस्व संकलनमै बढी केन्द्रित रहेको बताइन्छ। उनले कर्मचारी सरूवाको सम्पूर्ण जिम्मेवारी नयाँ सचिव चन्द्रकला पौडेललाई अधिकार प्रत्यायोजन गरेको स्रोतको भनाई रहेको छ। तर, सचिव पौडेलले न्यायिक र व्यवहारिक ढंगले कर्मचारीहरूको सरूवा गर्न नसकेको गुनासो केही कर्मचारीहरुले गर्दै आएका छन्। अघिल्लो सरकारकी सामान्य प्रशासन मन्त्री भगवती न्यौपानेले वर्षौंदेखि मन्त्रालयमा सेटिङ गरेर बसेका कर्मचारी जालो तोड्ने हिम्मत गरेकी थिइन।

जबकि मन्त्रालयको आन्तरिक व्यवस्थापन शाखामा विगत ११ वर्षदेखि नासुद्वय आरसी अधिकारी र कम्प्युटर अपरेटर उमेश पराजुलीको हालीमुहाली चल्दै आएको गुनासो कर्मचारीहरुको रहेको छ। उनीहरुले कर्मचारीहरुको हरेक सरुवामा आफ्नो पहुँच प्रयोग गर्दै कतै सरुवा हुनु परेको छैन। त्यतिमात्र होइन उनीहरुले कर्मचारी प्रशासन महाशाखा प्रमुख सहसचिवदेखि शाखा प्रमुख उपसचिव र शाखा अधिकृतहरुसमेत आफू अनुकूलहरुलाई भित्र्याएर आफ्नो दवदवा र प्रभाव कायम राख्न सफल भएको आरोप कर्मचारीहरुबाटै खेप्दै आएका छन्।

जेनजी आन्दोलनपछि मन्त्रालयको नेतृत्व गरेका मन्त्री खनाल र सचिवहरुलेसमेत उनीहरुको सेटिङको जालो तोड्ने हिम्मत गर्न नसकिरहेको आरोप मन्त्रालयमा कार्यरत केही कर्मचारीहरुले लगाएका छन्। कर्मचारी प्रशासन महाशाखा प्रमुखको जिम्मेवारी सहसचिव पार्वती शर्माले पाएकी छिन। शाखा प्रमुख उपसचिव अनुज घिमिरे र शाखा अधिकृत भविन्द्र कार्कीसँगको साँठगाँठमा अहिले पनि माथि उल्लेखित सुब्बाद्वयले हालीमुहाली चलाइरहेको गुनासाहरु सुनिने गरेका छन्। उनीहरुको यो टिमले विगतका सचिव र मन्त्रीहरुलाई प्रभावमा पारेर आफू अनुकूल, जथाभावी र बेथितिपूर्ण ढंगले कर्मचारीहरूको सरूवा गर्ने वातावरण बनाउँदा निजामती प्रशासन सेवाभित्र व्यापक असन्तुष्टि बढ्दै गएको बताइन्छ।

राजनीतिक पहुँच, सोर्सफोर्स र थैली बुझाउन नसक्नेहरू निरीह कर्मचारीलाई वर्षौंवर्षसम्म प्राय हिमाली, पहाडी र दुर्गम जिल्लामा खटाएर अन्याय गरिएको छ। सोर्सफोर्स र थैली बुझाउनेहरूलाई भने काठमाडौं उपत्यका वरपरका जिल्ला, सिंहदरबार परिसर, शहरी क्षेत्र, तराई मधेसका आकर्षक र मालदार निकायमा खटाउने गरिएको आरोप लाग्ने गरेको छ। यसअघिका सचिव रवीलाल पन्थले पनि यी र यस्ता कार्यको जालोलाई तोड्ने भन्दा निरन्तरता दिएको गुनासाहरु जीवित रहेका थिए। जसले गर्दा मन्त्री खनालले कर्मचारी सरुवामा थिति बसाल्न खोजेपनि वर्षौंदेखि मन्त्रालयमा जरो गाडेर बसेका केही कर्मचारीहरुको असहयोगका कारण सकेका छैनन्।

इमानदार, पारदर्शी स्वभावकी निष्कलं छवि बनाएकी नयाँ सचिव पौडेलले पनि सरुवा बेथितिलाई व्यवस्थित गर्ने भन्दा पनि पुरानै सेटिङलाई निरन्तरता दिने हुन् कि भन्ने आशंका व्यक्त गर्न थालिएको छ। निर्वाचन आयोगले निर्वाचन आचार संहिता-२०८२, पुस १० गतेबाट जारी गरेको छ। यतिखेर एकसय भन्दा बढी स्थानीय पालिकाहरूमा शाखा अधिकृत, उपसचिव र सहसचिवस्तरका प्रमुख प्रशासकीय अधिकृतहरुको दरबन्दी रिक्त रहेको बताइन्छ। अझ रोचक कुरा त मन्त्रालयको अतिरिक्त समूहमा सहसचिव, उपसचिव, अधिकृत, नायवसुब्बा गरी दर्जनौ कर्मचारी जिम्मेवारीविहीन अवस्थामा रहेका छन्।

उनीहरु दिनहुँ मन्त्रालयमा आएर हाजिर गर्दै मन्त्रालय अघिल्लतिरको बगैंचामा दिनभर घाम तापेर सरकारी सेवा, सुविधा लिन बाध्य छन्। तर, पालिकाहरूमा स्वीकृत दरबन्दी भन्दा एक तह मुनिकाले कामु प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी संहाल्नु परेको विकृत अवस्था छ। विगतदेखि नै संघीय सरकारले दरबन्दी अनुसार स्थानीय निकायहरुमा कर्मचारी खटाउन सकेको छैन। अर्कोतिर साउन, भदौ र असोज महिनामा मात्र अन्तर मन्त्रालयमा कर्मचारीको सरूवा गर्नुपर्ने कानूनी प्रावधान रहेको छ। सो विपरीत वर्षभरि नै कर्मचारीहरूको सरूवा गर्ने प्रवृत्तिमा पनि सुधार ल्याउन मन्त्रालयको नेतृत्वले सकिरहेको पाइँदैन।

साउन, भदौ र असोज महिनाबाहेक रिक्त रहेको दरवन्दीमा मात्र कर्मचारी सरूवा गर्न सकिने कानूनी व्यवस्था रहेको छ। त्यसबाहेक मन्त्रालय वा निकायले कर्मचारी सरूवा गर्दा पनि सामान्य प्रशासन मन्त्रालयको अनुमति लिएर मात्र गर्नुपर्ने प्रावधान छ। तर, मन्त्रालयको अनुमति लिई कर्मचारी सरूवा गरेर पछि जानकारी पठाउने प्रवृत्ति अझ बढी मौलाउँदै गएको स्रोत बताउँछ। जसले कर्मचारी प्रशासनमा विकृति र बेथिति बढेको भन्दै व्यापक असन्तुष्टि बढ्दै गएको बताइन्छ।

# राष्ट्रिय प्रकृति संरक्षण कोषमा बिचौलिया चलखेल

● साँघु संवाददाता

काठमाडौं। राष्ट्रिय प्रकृति संरक्षण कोषको सदस्य सचिवमा वन तथा वातावरण मन्त्री माधव चौलागाई, निवर्तमान मन्त्री ऐनबहादुर शाही र युएसएडमा काम गरेका गैरसरकारी संस्थाका माहिर अन्तर्राष्ट्रिय खेलाडी हेमराज न्यौपानेले आफू निकट रहेका संरक्षणविद् डा. नरेश सुवेदीलाई नियुक्ति गर्न सफल भएका छन्। प्रकृति संरक्षण कोष ऐन, २०३९ मा भएको व्यवस्था बमोजिम कोषको बोर्ड बैठकले सुवेदीलाई ०८२ पुस २ गते सदस्य सचिवमा नियुक्त गरेको थियो। गत वर्ष २०८१ असारमा तत्कालीन सदस्य सचिव शरदचन्द्र अधिकारीले डेढ वर्ष अवधि बाँकी छँदै राजीनामा दिएर बाहिरिएका थिए।

त्यसपछि बोर्डले बाँकी अवधिका लागि कोषकै वरिष्ठ निर्देशक रहेका सुवेदीलाई सदस्य सचिवमा नियुक्ति गरेको थियो। उनको अघिल्लो कार्यकालको बाँकी अवधि २०८२ पुस २ गते सकिएको थियो। त्यही दिनमा वन मन्त्री चौलागाई, निवर्तमान मन्त्री तथा कोषका अध्यक्ष शाही र युएसएडमा काम गरिसकेका हेमराज न्यौपानेको मिलेमतोमा पुन सुवेदीलाई सदस्य सचिवमा नियुक्ति दिलाउन सफल भएको आरोप लाग्ने गरेको छ। २०८२ मंसिर २४ गते मन्त्रालयको कार्यभार संहालेका र राम्ररी ब्रिफिङ लिन नपाउँदै कोषमा विवादस्पद व्यक्ति सुवेदीलाई हतार हतारमा नियुक्ति गरेकाले नयाँ मन्त्री पनि सेटिङ्गमा चलेको आरोप लागेको छ।

सुवेदीले गैंडा संरक्षणमा विद्यावारिधि गरेको स्रोत बताउछ। पर्वत निवासी सुवेदीलाई अब मोहरा बनाएर कर्णाली प्रदेशको रारा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षणमा हेमराज न्यौपानेले एकलौटी 'तर'मार्ने योजना बनाएको स्रोतको दाबी छ। त्यसैले सदस्य सचिव सुवेदीको नियुक्ति पाँच वर्षे कार्यकालका गरिएको बताइन्छ।

सुवेदीको कोषको सदस्य सचिवमा गरिएको नियुक्तिप्रति मन्त्रालय र कोषमा कार्यरत कर्मचारीहरू भने त्यति सन्तुष्ट रहेको पाइँदैन। सुवेदीको निर्णय गर्ने क्षमतामा प्रश्न उठ्ने गरेको बताइन्छ। त्यसो हुँदा कोषको काममा न्यौपाने जस्ता बिचौलिया, पूर्व मन्त्री शाही र उनका छोरा नै बढी हावी हुने आशंका गर्न थालिएको छ। कोषको सदस्य सचिवको मासिक तलव दुई लाख भन्दामाथि हुने बताइन्छ। महिनामा १५ दिन काठमाडौं बाहिरका संरक्षण र निकुञ्ज क्षेत्रको भ्रमणमा र विदेश भ्रमण बारंवार जाने अवसर जुर्ने हुँदा कमाईसमेत राम्रै हुने स्रोत बताउँछ।

त्यसैले स्वदेशी, विदेश भ्रमण भत्ता, तलव गरी मासिक रु. ५ देखि १० लाख रूपैयाँसम्म पुग्ने गरेको मन्त्रालयमा चर्चा सुनिन्छ। अझ कोषले गैरसरकारी संस्थामार्फत संरक्षणका धेरै काम गर्दै आएको छ। अवका दिनमा यस्ता संरक्षणको काम, विदेश भ्रमणमा न्यौपाने, शाही र मन्त्री चौलागाई निकट गैरसरकारी संस्थाहरु स्वत हावी हुने चर्चा पनि सुरु भएको छ। विगत २६ वर्षदेखि कोषमा निरन्तर कार्यरत सुवेदी यसअघि कोषको वरिष्ठ निर्देशक र सदस्य सचिव भएर जिम्मेवारी संहालिसकेका हुन्।

पदीय जिम्मेवारीकाक्रममा सुवेदीले नेपालको प्रकृति संरक्षण र जैविक विविधताको क्षेत्रमा योगदान पुऱ्याएको दावी मन्त्रालय स्रोतले गरेको छ। उनकै पहल र सक्रियतामा नेपाल सरकारले ललितपुरस्थित सदर चिडियाखानाको व्यवस्थापन आगामी ३० वर्षका लागि पुन: राष्ट्रिय प्रकृति संरक्षण कोषलाई नै जिम्मा दिने निर्णय गरेको बताइन्छ। साथै, उनको नेतृत्वदायी क्षमता र अन्तरराष्ट्रिय समन्वयकाकारण विभिन्न दातृ निकायबाट संरक्षण केन्द्रित दुईसय भन्दा बढी परियोजनाहरू कोषमा भित्र्याएको दाबी निकट स्रोतहरुले गरेका छन्। तरपनि ती कार्यको परिणाम र प्रभाव भने देखिनेगरी बाहिर आउन सकेको छैन।

सुवेदीको बौद्धिकता र नियतमा खोटोपन नरहेतापनि नियुक्ति भने कानूनसम्मत हुन नसकेको जानकार स्रोतको बुझाई रहेको छ। प्राज्ञिक र अनुसन्धानको क्षेत्रमासमेत सुवेदीको उपस्थिति प्रभावशाली रहेको कोषले दाबी गर्दै आएको छ। सुवेदीका हालसम्म करिब दुई सय भन्दाबढी उच्चस्तरीय अनुसन्धानमूलक कृतिहरू प्रकाशित भइसकेको दावी पनि गरिन्छ। संरक्षण विज्ञान, व्यवस्थापनमा दखल राख्ने सुवेदीको कार्यकालमा प्रकृति संरक्षण, वन्यजन्तु व्यवस्थापन, जलवायु अनुकूलनका क्षेत्रमा थप नवीन र रणनीतिक उपलब्धि हासिल गर्ने अपेक्षा चाहिं गरिएको छ।

तरपनि बिचौलिया न्यौपाने, शाही र मन्त्री चौलागाईबाट हुने हस्तक्षेपले सोचेअनुरुप उपलब्धि हासिल हुन सक्ने विषयमा भने अहिलेदेखि नै आशंका गर्न थालिएको छ। अघिल्लो सरकारका पालामा २०८१ असार १७ मा कोषका अध्यक्षको हैसियतले डा. कृष्णप्रसाद ओलीले सदस्य सचिवमा सुवेदीलाई नियुक्त गरेका थिए। तर, उनले त्यो एक वर्ष पाँच महिनाको अवधिमा संरक्षणका क्षेत्रमा विशेष काम गरेर देखाउन भने नसकेको कोषकै कर्मचारीहरू बताउँछन्।

# बैंकमा थन्किएको ऋण, थिलथिलो अर्थतन्त्र
# नेपालको बैंकिङ प्रणाली : ऋण संकटको चक्र



**लोकबहादुर थापा मगर**
सहायक रथी(अप्रा.)

**नेपालको वित्तीय प्रणाली, विशेषतः बैंकिङ क्षेत्र, पछिल्ला वर्षहरूमा गम्भीर संरचनात्मक चुनौतीको सामना गरिरहेको छ। यसको केन्द्रमा गैर–निष्पादित ऋण (NPL) र नबिक्री भएका सम्पत्तिको बढ्दो समस्या रहेको छ। गैर–निष्पादित ऋण बैंकहरूको आन्तरिक कमजोरी मात्र होइन। यो समग्र अर्थतन्त्र, कानूनी संरचना, नीतिगत प्राथमिकता, राजनीतिक वातावरण र अन्तर्राष्ट्रिय विश्वसनीयतासँग गाँसिएको बहुआयामिक संकट हो।**

ऋण आर्थिक विकासको इन्धन हो। तर यही ऋण जब फिर्ता नआउने अवस्थामा पुग्छ, तब यसले बैंकिङ प्रणाली मात्र होइन, सम्पूर्ण आर्थिक चक्रलाई कमजोर बनाउँछ। यस अध्ययनले नेपालको बैंकिङ प्रणालीमा गैर-निष्पादित ऋणको अवस्था, कारण, प्रभाव र समाधानका उपायहरूलाई विश्लेषण गर्दछ।

**अर्थ र अर्थपूर्णता**

गैर-निष्पादित ऋण भन्नाले ऋणीले ब्याज वा मूलधन ९० दिनभन्दा बढी समयसम्म नतिरेको ऋणलाई जनाइन्छ। यस्तो ऋणबाट बैंकले आम्दानी गर्न सक्दैन र ठूलो मात्रामा प्रावधान राख्नुपर्छ। यसले नाफा घटाउनुका साथै पूँजी पर्याप्तता र ऋण प्रवाह क्षमतामा प्रतिकूल असर पार्दछ।

नबिक्री भएका सम्पत्तिहरू भने ऋण असुली असफल भएपछि बैंकले जमानतस्वरूप प्राप्त गरेका तर बजारमा बिक्री गर्न नसकेका घरजग्गा, उद्योग वा अन्य सम्पत्तिहरू हुन्। यी सम्पत्तिहरू निष्क्रिय बोझका रूपमा बैंकको ब्यालेन्स शीटमा थन्किन्छन्।

**वर्तमान अवस्था**

पछिल्ला वर्षहरूमा नेपालको बैंकिङ प्रणालीमा गैर-निष्पादित ऋणको अनुपात निरन्तर बढ्दो देखिन्छ। आर्थिक सुस्ती, महामारीपछिको कमजोर पुनरुत्थान र ऋण प्रवाहमा अत्यधिक प्रतिस्पर्धाले जोखिमपूर्ण कर्जाको मात्रा बढाएको छ।

तीन प्रतिशत वरपर रहेको गैर-निष्पादित ऋण पाँच प्रतिशतभन्दा माथि पुग्नु केवल आँकडाको विषय होइन। यो प्रणालीगत कमजोरीको संकेत हो। यससँगै नबिक्री सम्पत्तिको मात्रा पनि तीव्र रूपमा बढ्दै गएको छ, जसले बैंकहरूको दीर्घकालीन स्थायित्वमा दबाब सिर्जना गरेको छ।

**मुख्य कारण**

> **अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले बैंकिङ प्रणालीको स्वास्थ्य मूल्याक्तन गर्दा गैर–निष्पादित ऋणलाई प्रमुख सूचक मान्छन्। उच्च गैर–निष्पादित ऋणले अन्तर्राष्ट्रिय सहकार्यमा ऋण सर्त कडा बन्ने र विश्वसनीयता घट्ने जोखिम बढाउँछ। विदेशी लगानीकर्ताहरू बैंकिङ प्रणालीलाई अर्थतन्त्रको मेरुदण्डका रूपमा हेर्ने भएकाले जोखिम बढेमा उनीहरू लगानीबाट पछि हट्ने सम्भावना रहन्छ।**

गैर-निष्पादित ऋण वृद्धिको प्रमुख कारण कमजोर ऋण मूल्याङ्कन प्रणाली हो। धेरै बैंकहरूले परियोजनाको वास्तविक नगद प्रवाह, बजार सम्भावना र व्यवस्थापन क्षमताको गहिरो अध्ययन नगरी केवल जमानतमा आधारित ऋण प्रवाह गरेका छन्।

राजनीतिक र सामाजिक दबाब, ऋण पुनःप्राप्तिमा ढिलो कानुनी प्रक्रिया, समयमै ऋण वर्गीकरण नगर्नु र प्रारम्भिक चेतावनी प्रणालीको अभावले समस्या झन् जटिल बनाएको छ। प्राथमिक क्षेत्र ऋणको अव्यवस्थित विस्तार पनि जोखिमको अर्को कारण बनेको छ।

**आर्थिक असर**

गैर-निष्पादित ऋण बढ्दा बैंकहरूको नाफा घट्छ र पूँजी कमजोर हुन्छ। परिणामस्वरूप बैंकहरूले नयाँ ऋण प्रवाहमा कडाइ गर्छन् र ब्याजदर बढ्छ।

यसको प्रत्यक्ष असर साना तथा मध्यम व्यवसाय, कृषि क्षेत्र र नवप्रवर्तनशील उद्यमहरूमा पर्छ। उत्पादनशील क्षेत्रमा लगानी घट्दा रोजगारी सिर्जना सुस्त हुन्छ र आर्थिक असमानता बढ्ने खतरा रहन्छ।

**सामाजिक प्रभाव**

ऋण अभावका कारण उद्यमशीलता कमजोर हुन्छ, आयस्तरमा दबाब पर्छ र आर्थिक निराशा फैलिन्छ। दीर्घकालीन रूपमा यसले सामाजिक असन्तोष र आर्थिक अस्थिरता जन्माउन सक्छ।

**अन्तर्राष्ट्रिय असर**

अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले बैंकिङ प्रणालीको स्वास्थ्य मूल्याङ्कन गर्दा गैर-निष्पादित ऋणलाई प्रमुख सूचक मान्छन्। उच्च गैर-निष्पादित ऋणले अन्तर्राष्ट्रिय सहकार्यमा ऋण सर्त कडा बन्ने र विश्वसनीयता घट्ने जोखिम बढाउँछ। विदेशी लगानीकर्ताहरू बैंकिङ प्रणालीलाई अर्थतन्त्रको मेरुदण्डका रूपमा हेर्ने भएकाले जोखिम बढेमा उनीहरू लगानीबाट पछि हट्ने सम्भावना रहन्छ।

**बाह्य अनुभव**

पाकिस्तान र बंगलादेशको अनुभवले देखाएको छ कि गैर-निष्पादित ऋण समाधानका लागि राजनीतिक इच्छाशक्ति, कानूनी सुधार र संस्थागत क्षमता अत्यावश्यक हुन्छ। बैंक पुनर्गठन, कडा नियमन र प्रभावकारी पुनःप्राप्ति संयन्त्रमार्फत ती देशहरूले क्रमशः स्थायित्वतर्फ प्रगति गरेका छन्।

**सुधारका उपाय**

नेपालमा गैर-निष्पादित ऋण नियन्त्रणका लागि ऋण व्यवस्थापन प्रणालीलाई सुरुदेखि नै सुदृढ बनाउनुपर्छ। समयमै ऋण वर्गीकरण, प्रारम्भिक चेतावनी प्रणाली र जोखिम पहिचानमा प्रविधिको प्रयोग अपरिहार्य छ।

ऋण पुनःप्राप्तिका लागि द्रुत अदालत, विशेष इकाइ र पेशागत सम्पत्ति व्यवस्थापन संस्थाको आवश्यकता छ। दिवालियापन, पुनर्संरचना र जमानत बिक्री प्रक्रिया सरल र छिटो बनाइनुपर्छ। बैंक नेतृत्वमा कर्पोरेट सुशासन, पारदर्शिता र पेशागत स्वतन्त्रता बलियो बनाउनु जरुरी छ।

नियामक निकाय, विशेषतः नेपाल राष्ट्र बैंक, ले जोखिममा आधारित सुपरीवेक्षण र आधुनिक नियमन उपकरण प्रयोग गरी प्रणालीगत जोखिमलाई समयमै नियन्त्रण गर्नुपर्ने देखिन्छ।


*(लेखक परिचयः ब्रिगेडियर जनरल लोकबहादुर थापा मगर (सेवानिवृत्त) नेपाली सेनाका पूर्व अधिकृत तथा दक्षिण एसियाली भू-राजनीति र अन्तर्राष्ट्रिय सम्बन्धका अनुसन्धानकर्ता हुन्। फोनः +९७७ ९८५१०७३४७७, इमेलः thapalok53@gmail.com)*

## स्वास्थ्य/घरेलु उपचार

# क्यान्सर उपचारमा विकल्पतर्फ नयाँ खोज

*काठमाडौं। क्यान्सर उपचार क्षेत्रमा वैज्ञानिकहरूले नयाँ र अनौठो सम्भावनाको ढोका खोलेका छन्। सन् २०२५ डिसेम्बरमा सार्वजनिक एक अध्ययनले विशेष प्रकारका जीवाणु प्रयोग गरेर क्यान्सर कोष नष्ट गर्न सकिने सम्भावना देखाएको हो।*

*अनुसन्धानका क्रममा वैज्ञानिकहरूले केही जीवाणुले क्यान्सर कोषलाई प्रत्यक्ष रूपमा आक्रमण गर्ने र शरीरको प्रतिरक्षा प्रणालीलाई सक्रिय बनाउने क्षमता रहेको पत्ता लगाए। प्रयोगशालामागरिएको परीक्षणमा यी जीवाणुले आन्द्राको क्यान्सर भएका मुसामा ट्युमर पूर्ण रूपमा नष्ट गरेको जनाइएको छ।*





*परम्परागत क्यान्सर उपचार विधि–केमोथेरापी र रेडियोथेरापी-ले शरीरका स्वस्थ कोषमा समेत असर पार्ने समस्या रहेको अवस्थामा जीवाणु-आधारित उपचार कम दुष्प्रभावयुक्त विकल्प हुन सक्ने आशा गरिएको छ। यसले उपचार खर्च र बिरामीको पीडा दुवै घटाउन सहयोग पुऱ्याउन सक्ने वैज्ञानिकहरूको विश्वास छ।*

*हालसम्म यो अध्ययन जनावरमा सीमित रहे पनि निकट भविष्यमा मानव परीक्षण सुरु गर्ने तयारी भइरहेको जनाइएको छ। यदि मानवीय परीक्षणमा पनि समान परिणाम आएमा क्यान्सर उपचारको विश्वव्यापी रणनीतिमै ठूलो परिवर्तन आउन सक्ने अपेक्षा गरिएको छ।*

# रगतबाटै अल्जाइमर चिनिने दिशामा खोज

*काठमाडौं। स्मरणशक्ति कमजोर हुँदै जाने गम्भीर स्नायु रोग अल्जाइमरको पहिचान अब महँगो स्क्यान र लामो परीक्षणबिनै सम्भव हुने दिशामा विश्व स्वास्थ्य अनुसन्धानले महत्वपूर्ण फड्को मारेको छ। सन् २०२५ डिसेम्बर तेस्रो साता सार्वजनिक भएको अन्तर्राष्ट्रिय अध्ययनले रक्त परीक्षणमार्फत अल्जाइमरको प्रारम्भिक संकेत पत्ता लगाउन सकिने प्रमाण प्रस्तुत गरेको हो।*

*अनुसन्धान अनुसार, मस्तिष्कमा जम्मा हुने उ-तबग२१७ नामक प्रोटिनको मात्रा रगतमा देखिन थालेपछि अल्जाइमरको जोखिम उच्च हुन्छ। अध्ययनमा सहभागी ७० वर्षभन्दा माथिका करिब १० प्रतिशत व्यक्तिमा रोगको स्पष्ट लक्षण नदेखिँदै पनि उक्त प्रोटिनको असामान्य स्तर भेटिएको जनाइएको छ। यसले रोग सुरु हुनुभन्दा*



*धेरै वर्ष अगावै चेतावनी दिन सक्ने वैज्ञानिकहरूको निष्कर्ष छ।*

*हालसम्म अल्जाइमर पत्ता लगाउन एमआरआई, पीईटी स्क्यान जस्ता महँगा प्रविधि प्रयोग गर्नुपर्ने अवस्था थियो, जुन सबै देश र वर्गका मानिसका लागि सहज थिएन। नयाँ रक्त-आधारित परीक्षणले भने सस्तो, छिटो र सर्वसुलभ विकल्प प्रदान गर्ने अपेक्षा गरिएको छ।*


*विशेषज्ञहरूका अनुसार प्रारम्भिक पहिचान सम्भव भएपछि जीवनशैली सुधार, औषधि तथा थेरापीमार्फत रोगको गति सुस्त पार्न सकिन्छ। बढ्दो वृद्ध जनसंख्या भएको नेपालजस्ता देशका लागि यो खोज विशेष उपयोगी हुन सक्ने स्वास्थ्य विज्ञहरूको धारणा छ।*

# माइक्रोप्लास्टिकले मुटुमा बढ्दो खतरा

*काठमाडौं। दैनिक जीवनमा प्रयोग हुने प्लास्टिकबाट निस्कने सूक्ष्म कण अर्थात् माइक्रोप्लास्टिक मानव स्वास्थ्यका लागि गम्भीर खतरा बन्दै गएको अर्को वैज्ञानिक अध्ययनले देखाएको छ। सन् २०२५ डिसेम्बरमा सार्वजनिक प्रारम्भिक अनुसन्धानले माइक्रोप्लास्टिक र मुटु तथा रक्तनलीसम्बन्धी रोगबीच प्रत्यक्ष सम्बन्ध हुन सक्ने संकेत गरेको हो।*

*अनुसन्धानकर्ताहरूका अनुसार खानेपानी, खाना, हावा र प्लास्टिक प्याकेजिङमार्फत शरीरमा प्रवेश गर्ने सूक्ष्म प्लास्टिक कण रक्तप्रवाहमा मिसिन सक्छन्। यी कणले शरीरको प्रतिरक्षा प्रणालीलाई उत्तेजित गरी रक्तनलीमा सुजन उत्पन्न गर्ने र धमनी कठोर बनाउने जोखिम बढाउन सक्छन्।*

*अध्ययनमा माइक्रोप्लास्टिकको उच्च मात्रा भेटिएका व्यक्तिमा उच्च रक्तचाप,*



*धमनी अवरोध र हृदयघातको सम्भावना बढी देखिएको उल्लेख छ। यद्यपि यो अध्ययन अझ प्रारम्भिक चरणमै रहे पनि वैज्ञानिकहरूले यसलाई गम्भीर चेतावनीका रूपमा लिएका छन्।*

*स्वास्थ्य विज्ञहरू प्लास्टिकको अत्यधिक प्रयोग कम गर्न, सुरक्षित खानेपानी प्रयोग गर्न र प्लास्टिकजन्य सामग्रीमा कडाइ गर्न सरकारहरूलाई आग्रह गरिरहेका छन्। वातावरणीय प्रदूषण मात्र नभई दीर्घकालीन स्वास्थ्य संकटको रूपमा माइक्रोप्लास्टिक उभिन सक्ने भन्दै थप गहिरो अनुसन्धान आवश्यक रहेको निष्कर्ष निकालिएको छ।*

# नेपाली सेनाको कल्याणकारी प्रणाली : सुधार किन जरूरी छ ?
# सेनाको गरिमा र जवानको पीडा : भित्रको अँध्यारो


**श्रीमान् प्रधान सेनापतिज्यू, मार्फत, साँघु साप्ताहिक**

**नेपाली सेनामा विद्यमान केही सुधार गर्नुपर्ने विषयवस्तुहरू प्रधान सेनापति समक्ष प्रत्यक्ष रूपमा नपुगेको र ती विषयहरू कार्यान्वयन हुन नसकेको अवस्थालाई ध्यानमा राख्दै, आज यसै साँघु साप्ताहिक पत्रिकामार्फत नेपाली सेना तथा सम्पूर्ण सैनिक परिवारको हकहित र समग्र विकासका लागि आफ्ना केही गुनासा र अपेक्षाहरू प्रधान सेनापति र हेडक्वार्टर समक्ष प्रस्तुत गर्ने प्रयास गरेको छु।**

प्रधान सेनापतिज्यू, नेपालीमा एउटा उखान छ- एउटा लालटिनले टाढासम्म उज्यालो दिन्छ, तर आफ्नै मुनि अँध्यारो हुन्छ। आज राष्ट्रियताको सवालमा होस् वा विकास निर्माणका कार्यमा, नेपाली सेनाले देश र जनताको पक्षमा उत्कृष्ट योगदान दिँदै आएको तथ्य सर्वविदितै छ। पछिल्लो जेन-जी आन्दोलनपछिको सन्दर्भमा चिफसा'बबाट राष्ट्र र जनताको हितका लागि लिइएका निर्णयहरूले नेपाली सेनाको कद र गरिमा अझ उँचो बनाएको चर्चा हामीले चारैतिर सुन्दै आएका छौँ।

तर, यति हुँदाहुँदै पनि केही नगण्य राजनीतिक तत्वहरूले चिफसा'ब तथा नेपाली सेनाले राष्ट्रिय महत्वका केही भौतिक संरचना, सम्पत्ति जोगाउन नसकेको आरोप लगाउँदै आएको अवस्था छ। यस्ता आरोपको अवकाशप्राप्त वरिष्ठ जर्साबहरूबाट तथ्यसहित प्रतिकार हुनु संस्थाका लागि अत्यन्त महत्वपूर्ण र गर्वको विषय हो। तसर्थ, हामी सैनिक जवानहरू देशको आवश्यकताअनुसार उच्चतम योगदान दिन सधैँ तत्पर छौँ। आफ्नो देश र मातृभूमिको रक्षाका लागि कमान्डरको एक आदेशमा जीवनको आहुति दिन तयार जवानहरूका लागि माथिल्लो निकायबाट सैनिक र उनका परिवारका लागि केही कल्याणकारी सुविधा उपलब्ध गराइएका छन्।

तर, विश्वका द्वन्द्वग्रस्त राष्ट्रहरूमा शान्ति कार्यमा खटिएपछि प्राप्त हुने रकमको झण्डै ३३ प्रतिशत हाराहारी



हिस्सा नेपाली सेनाले कटौती गरी कल्याणकारीअन्तर्गत अस्पताल र विद्यालय सञ्चालनमा प्रयोग गर्दै आएको तथ्य पनि यथार्थ हो। यद्यपि, यस्तो कार्य त मूलतः राज्यको दायित्वभित्र पर्ने विषय हो। नेपाल सरकारले यस कल्याणकारी क्षेत्रमा सहयोग गर्न नचाहेको हो कि, वा नेपाली सेनाको नेतृत्व तहबाट सरकारसमक्ष यस विषयमा स्पष्ट प्रस्ताव नै नपुगेको हो-यो कुरा हामीजस्ता तल्लो दर्जाका सैनिकलाई थाहा नहुनु स्वाभाविक विषय हो।

अर्को महत्वपूर्ण पक्ष के छ भने, नेपाली सेनामा निश्चित समयसम्म आफ्नो जिम्मेवारी पूरा गरी अवकाशपश्चात परिवारको पालनपोषण, बालबच्चाको शिक्षा तथा स्वास्थ्यका लागि वैदेशिक रोजगारीमा जानुबाहेक अर्को विकल्प नदेखिनु नेपाली सेनाका लागि मात्र होइन, नेतृत्व तहमा रहनुहुने विभागीय जर्साबहरूका लागि पनि अत्यन्त दुःखद् यथार्थ हो। आजको महँगीमा नेपाली सेनाले आफ्नै विद्यालय र अस्पतालको विस्तार गरी सकल दर्जाका कम्तीमा दुई सन्तानलाई अनिवार्य रूपमा आफ्नै संस्था नेपाली सेनाको कल्याणकारी कोषबाट सेवा दिने जिम्मेवारी लिन नसक्नु बजेटको अभाव हो कि इच्छाशक्तिको कमी ?

सैनिक विद्यालयहरूमा सेनाका आफ्ना छोराछोरीभन्दा सार्वजनिक विद्यालयबाट आउने विद्यार्थीलाई बढी प्राथमिकता दिइनुका पछाडि के कारण छन् ? के साँच्चै नेपाली सेनासँग बजेटको अभाव छ ? यदि त्यस्तो हो भने, करिब एक खर्ब रुपैयाँ हाराहारीमा रहेको सेनाको कल्याणकारी कोष के केवल ब्याजका लागि फिक्स डिपोजिटमै सीमित रहने हो ?

यसैगरी, इम्प्यानल प्रणालीमार्फत सार्वजनिक विद्यालयमा अध्ययनरत सैनिकका एक मात्र सन्तानको मासिक शुल्क सेनाले व्यहोर्दै आएको व्यवस्थामा यस वर्षदेखि २५ हजार रुपैयाँसम्म मात्र स्वामित्व लिने र बाँकी रकम स्वयं सैनिकले तिर्नुपर्ने भन्ने चर्चा चलिरहेको छ। यो निर्णय सम्बन्धित युनिट तहबाट लिइएको हो कि माथिल्लो निकायबाटै गरिएको हो-यो स्पष्ट हुन आवश्यक देखिन्छ। देशभरका इम्प्यानल विद्यालयहरूमा मासिक शुल्क कतै २ हजार त कतै ३-४ हजार रुपैयाँ मात्र रहेको अवस्थामा, अघिल्ला वर्षहरूमा पूर्ण रूपमा शुल्क व्यहोर्दै आएको सेनाले अहिले कटौती गर्नुपर्ने अवस्था किन आयो ?

कम्तीमा सैनिक विद्यालयमा सबैका सन्तान अटाउन नसके पनि, तत्कालीन चिफसा'बहरूले सुरु गरिदिएको इम्प्यानल सुविधालाई एक सन्तानबाट दुई सन्तानसम्म विस्तार गरिने अपेक्षा जवानहरूले गरेका थिए। तर उल्टै, पाउँदै आएको एउटै सन्तानको सुविधा समेत कटौती हुन थालेपछि, केवल सन्तानको शिक्षाका लागि नेपाली सेनाका जवानहरु बाध्य भएर उधारो पेन्सन समेत नलिई १७-१८ वर्षमै जागिर छोडी विदेशिन बाध्य हुने तीतो यथार्थ आज देखिँदैछ।

चिफसा'ब कल्याणकारी अस्पतालमार्फत दिइने स्वास्थ्य सुविधामा सैनिकका दुई सन्तानलाई मात्र उपचार गर्ने कोटा तोकिनुले बालबालिकाको बाँच्न पाउने नैसर्गिक अधिकारमाथि नै प्रश्न खडा गरेको छ। एउटै परिवारमा कसैले सैनिक अस्पतालबाट उपचार सुविधा पाउँदा अर्को सन्तानले नपाउँदा, विकासोन्मुख बालमस्तिष्कमा कस्तो मनोवैज्ञानिक प्रभाव पर्ला ? आजको समाजमा दुईभन्दा बढी सन्तान हुने परिवार अत्यन्त न्यून छन्, र बढीमा तीन सन्तानसम्म सीमित हुने अवस्था छ। यस्तो अवस्थामा सन्तानको संख्याका आधारमा उपचार सुविधा सीमित गर्नुभन्दा, बरु परिवारका जम्मा सदस्य (जस्तै ६ जना) को कोटा निर्धारण गरी सैनिकको इच्छाअनुसार उपचार दिने नीति भएमा केही राहत मिल्ने थियो।

यस्तै, सैनिक अस्पतालले बाह्य अस्पतालमा रेफर गरेको अवस्थामा सैनिकका सन्तानको उपचार खर्च भुक्तानी गर्न आलटाल, ढिलासुस्ती, कन्जुस्याइँ गरेको पाइनु पनि सकल दर्जाकै लागि चिन्ताको विषय बनेको छ। सैनिक अस्पतालबाट रेफर गरिएको उपचारको दायित्व अन्ततः हाम्रो आफ्नै सैनिक अस्पतालको हुनुपर्ने होइन र ?

एकातिर कल्याणकारी कोषमा वार्षिक अर्बौं रुपैयाँ थपिँदै जानु र अर्कोतिर सेनाले पाएको शिक्षा तथा स्वास्थ्यसम्बन्धी सुविधा क्रमशः कटौती हुँदै जानु कुन सिद्धान्तसँग मेल खान्छ ? यस विषयमा तल्लो दर्जाका भूतपूर्व सैनिकदेखि माथिल्लो तहका जर्साबहरूसम्मको हकहितलाई मध्यनजर गर्दै, विज्ञहरूको सहभागितामा हाल विद्यमान केही नीतिगत त्रुटिहरू परिमार्जन गरिने अपेक्षा र आशा हामीले हालका चिफसा'ब अशोक राज सिग्देलबाट गरेका छौँ। सलाम चिफसा'ब।

*-प्रेषक :अवकाशप्राप्त जमदार, हाल वैदेशिक रोजगार (ब्रुनाइ)*

## चिठ्ठी-पत्र

E-mail : sanghuweekly@gmail.com, gopaldai1@gmail.com

# ठेक्का सम्झौता गर्ने अनि घर जग्गामा लगानी प्रवृत्ति छ

# कालोसूची र कानूनी कारवाही सँगसँगै अगाडि बढाएका छौं



**चुँडाराज ढकाल**
आयोजना निर्देशक (एडीबी), सडक विभाग

*(ढकाल विगत दुई वर्षदेखि सडक विभाग मातहतको एशियाली विकास बैंक (एडीबी) आयोजना निर्देशनालयको नेतृत्व गरिरहनु भएका प्राविधिक सहसचिव हुनुहुन्छ। खासगरी बुटवल–नारायणघाट सडकको निर्माण कार्य तोकिएको समयमा सम्पन्न नहुँदा यात्रा असहज भएको गुनासोहरू बारम्बार बाहिर आएका थिए। यसबीच आयोजनाले निर्माण पक्षलाई जिम्मेवारीबोध गराउँदै सम्बन्धित पक्षलाई घच्घचाएको कारण झण्डै ८० प्रतिशतभन्दा बढी काम सम्पन्न भइसकेको दाबी गरिएको छ। अब म्याद थप गरिएकै समयमा अर्थात आगामी आर्थिक वर्ष २०८३ साउनको पहिलो वा दोस्रो हप्तासम्म यो सडकको सम्पूर्ण निर्माण कार्य सम्पन्न भइसक्ने अपेक्षा आयोजनाले गरेको छ। एडीबी आयोजनाअन्तर्गत निर्माण भइरहेको सडक, लागत, गुणस्तर र ढिलाइ हुनुका कारणलगायत विविध विषयमा केन्द्रित रहेर साँघु साप्ताहिकका लागि रामहरी चौलागाईंले आयोजना निर्देशक ढकालसँग गरेको कुराकानीको सम्पादित अंश–सम्पादक)*

**० तपाईं निर्देशनालयको आयोजनाको नेतृत्व गरेपछि के–कस्ता कामहरू भइरहेका छन् ?**

मैले नेतृत्व गर्नुभन्दा अगाडि आँबुखैरेनी-पोखरा सडकको अवस्था निकै अस्तव्यस्त थियो। विशेषगरी पश्चिम खण्डमा त ठेक्का नै तोड्नुपर्ने अवस्था आएको थियो। हाल पश्चिम खण्डको करिब ७० प्रतिशत काम सम्पन्न भइसकेको अवस्था छ। पूर्वी खण्डको हकमा भने निर्माण पक्षले काम पूरा गरिसकेकाले सम्पन्न भएको प्रमाणपत्रसमेत दिइसकेका छौं। अब एक-दुई महिनाभित्र सडक उद्घाटन गर्ने तयारीमा लागेका छौं।

त्यसैगरी नारायणघाट-बुटवल सडक खण्डको अवस्था पनि निकै जटिल थियो। करिब साढे तीनदेखि चार वर्षको अवधिमा जम्मा १६-१७ प्रतिशत मात्र काम भएको अवस्था थियो। यतिखेर करिब ७५-८० प्रतिशत काम सम्पन्न भइसकेको छ। दाउन्ने सडक खण्डबाहेक अन्य स्थानमा भने सवारी आवागमन सहज भइसकेको छ। सो खण्डको काम पनि तीव्रगतिमा भइरहेको छ र आगामी साउन महिनासम्म सम्पन्न गर्ने लक्ष्यसहित काम भइरहेको छ।

**० यसको मतलब पछिल्लो चरणमा निर्माण कार्यले गति लिएको भन्ने तपाईंको दाबी हो ?**

मैले एक्लै गरेको होइन। निर्माण पक्षसहित आयोजना टिमले नै गरेको हो। जहाँ समस्या छ र असहजता छ भन्ने कुरा पहिचान गरेर समाधानतर्फ अगाडि बढ्नु नै हाम्रो मुख्य भूमिका हो। आयोजनाको तर्फबाट दिनुपर्ने सेवा-सुविधा, जस्तै विद्युत्, खानेपानी, वनलगायतका भौतिक संरचना स्थानान्तरणजस्ता विषयमा सहजीकरण गर्न हामीले नेतृत्वदायी भूमिका निर्वाह गर्‍यौं।

**० अहिले चाहिं सबै निकायको साथ सहयोग छ हो ?**

यसमा निर्देशनालयका साथै सडक विभाग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको नेतृत्वको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहेको छ। त्यति मात्र होइन, स्थानीय नागरिक र सडक यात्रुहरूकोसमेत ठूलो साथ हामीले पाएका थियौं। खुसीको कुरा, सबै पक्षले साथ, सहयोग र धैर्यता देखाएकै कारण आज यो अवस्थामा पुग्न सफल भएका हौं।

कतिपय अवस्थामा यात्रा गर्ने क्रममा यात्रुहरूले चार-चार घण्टासम्म जाममा बस्नुपरेको थियो। त्यसका बाबजुद सवारी साधनहरूले धैर्यपूर्वक आफ्नो पालो कुरेर नै यात्रा गर्नुभयो। त्यसकारण साझा प्रयास, सहकार्य र धैर्यका कारण अस्तव्यस्त अवस्थामा रहेका आयोजना अन्तर्गतका तीनवटै सडकलाई वर्तमान अवस्थामा ल्याउन सफल भएका छौं।

**० खासगरी बुटवल-नारायणघाट सडकको निर्माण कार्यमा ढिलाइ हुनुको प्रमुख कारण के थियो नि ?**

गैंडाकोटदेखि सडक फराकिलो पार्ने बुटवल-नारायणघाट सडकले सुरुमा असाध्यै धेरै चर्चा पायो। तर, पनि लामो समयसम्म काम अघि बढ्न सकेन। जसका कारण यात्रुहरूले धेरै असुविधा भोग्नुपर्‍यो। ठेक्का सम्झौता हुनासाथ काम सुरु भयो र त्यसपछि सबै कल्भर्ट भत्काएर डाइभर्सन तयार गरियो। तर, केही समयपछि वर्षातका कारण डाइभर्सन बग्यो र सडकको अवस्था अस्तव्यस्त हुन पुग्यो।

त्यसपछि कोभिड-१९ महामारी फैलियो, जसका कारण निर्माण पक्ष अर्थात् चिनियाँ कम्पनी फर्कियो। यसले केही समय ढिलाइ हुनु स्वाभाविक थियो। साथै ठेक्का सम्झौता गरेपछि इन्धनको मूल्यसमेत एक्कासी वृद्धि भयो, जसले गर्दा ढिलाइ मात्र नभई सडक निर्माण महँगो हुन पुगेको गुनासोसमेत निर्माण पक्षले गर्दै आएको छ।

**० निर्माण कम्पनी त चीन सरकारको स्वामित्वको होइन र ?**

सरकारी कम्पनी भएकाले थप पैसा मागेर काम गर्नुपर्ने स्थिति आएन। यस विषयमा कूटनीतिक च्यानलमार्फत समन्वय गरेर समस्या समाधान गरियो। निर्माण पक्षले शतप्रतिशत घाटा भएको दाबी गर्दै आएको छ। हामीले मूल्याङ्कन गर्दा करिब ५०-६० प्रतिशत घाटा भएको अनुमान गरेका छौं।

उनीहरूको खर्च तुलनात्मक रूपमा महँगो हुनुको कारण नेपाली इन्जिनियरहरूको तुलनामा तलब खर्च धेरै हुनु हो। जस्तो नेपाली इन्जिनियरहरूले मासिक ४०-५० हजार रुपैयाँमा काम गर्दा चिनियाहरूले ४-५ लाख रुपैयाँ लिन्छन्। घाटा हुनुको अर्को कारण समयमै कामको आवश्यक मोबिलाइजेसन अगाडि बढाउन नसक्नु पनि हो। तर, पनि आउँदो साउनको ८-१० गतेसम्म सम्पूर्ण निर्माण कार्य पूरा भइसक्नेछ। अहिलेको अवस्था हेर्दा सोही गतिमा काम भइरहेको छ।

**० एडीबीको लगानीमा निर्माण भइरहेका आयोजनाको लागत र सडक निर्माणको अवस्था के कस्तो छ ?**

एशियाली विकास बैंक (एडीबी) अन्तर्गत हाल चारवटा मुख्य सडक निर्माण कार्यहरू भइरहेका छन्। जसमा नारायणगढ-बुटवल, कमला-कञ्चनपुर, दोस्रो मुग्लिन-पोखरा र तेस्रो काँकडभिट्टा-लौकही रहेका छन्। हालै हेटौंडा-नारायणगढ सडकको डिजाइन पनि पूरा गरिसकेका छौं।

पूर्व-पश्चिम जोड्ने यो सडकले बीचमा दुई ठूला शहर चितवन र हेटौंडालाई जोड्नेछ। पश्चिमबाट आएका यात्रुलाई काठमाडौंसम्म आवतजावतका लागि निर्माणाधीन फास्ट ट्र्याकमा जोड्न सहज हुने गरी सडक फराकिलो बनाउन लागिएको हो। सो योजना अनुसार १०-१२ वटा ओभरपास निर्माण गरिनेछ भने निकुञ्ज क्षेत्रमा जंगली जनावरका लागि अन्डरपास निर्माण गरिनेछ।

यसले स्थानीय स्तरमा बसोबास गर्ने नागरिकलाई सडक क्रस गर्दा थप सुविधा पुग्नेछ। सो सडक निर्माण सम्पन्न भएपछि हेटौंडाबाट नारायणघाटसम्म करिब एक घण्टामा यात्रा तय गर्न सकिनेछ। जसका कारण सवारी साधन र यात्रु दुवैको यात्रा अझ सहज र सुविधाजनक हुनेछ।

**० एडीबी आयोजनाले प्रायः विदेशी परामर्शदाता राख्ने भएकाले उनीहरूले ठूलो मात्रामा पैसा बाहिर लैजाँदा लागत महँगो गएको भन्ने भनाइ पनि सुनिन्छ नि, यसबारे के भन्नुहुन्छ ?**

हो, यस्तो आलोचना सुनिन्छ। तर, हाम्रो परियोजनामा विदेशी परामर्शदाता सीमित चार-पाँच जना मात्र रहेका छन्। जबकि ५०-६० जना नेपाली परामर्शदाताहरूले नै काम गरिरहेका छन्। विदेशीसँग काम गर्दा उनीहरूको तलब उच्च हुन्छ होला। तर, त्यसको परिणामस्वरूप पूर्वाधार गुणस्तरीय बन्छ भने त्यो लागत स्वीकार्य हुन्छ।

सामान्य सडक र पुल निर्माणका लागि भने हामीलाई विदेशी परामर्शदाता आवश्यक नै छैन। आवश्यक परेको खण्डमा मात्र टिम लिडर र केही क्वालिटी कन्ट्रोलका विशेषज्ञ राख्ने गरिएको छ।

**० विदेशी दातृ निकायहरूसँग ऋण लिएर सडक निर्माण गर्दा त्यसको आउटपुटले धान्ला त ?**

केही सडक परियोजनामा विदेशी ऋण सहयोगमा निर्माण भइरहेका छन्। तर पनि मुख्य काम भने हामी नेपालीले नै गरेका छौं। सरकारले देशभरिका विभिन्न क्षेत्रलाई संघमा जोड्ने दृष्टिले योजना बनाएको छ। जस्तो मधेस र काठमाडौंलाई छोटो दूरीमार्फत जोड्ने गरी फास्ट ट्र्याक निर्माण भइरहेको छ। सुर्खेत-कोहलपुरदेखि जुम्ला जोड्ने, धनकुटादेखि इटहरीसम्म एक-दुई टनेल र पुल निर्माण गरेर जोड्ने योजना छ।

त्यसो गर्न सकियो भने यातायात अझ सहज हुन्छ, आन्तरिक र बाह्य पर्यटक, स्थानीय आर्थिक गतिविधि पनि थप बढ्नेछ। उदाहरणका लागि, भारतको बिहारबाट पर्यटक सगरमाथा क्षेत्रमा पुगेर होमस्टेमा बसोबास गर्दै सुरक्षित रूपमा फर्किन सक्नेछन्। जसले मुलुकको आम्दानी पनि बढ्नेछ। त्यसकारण यी दृष्टिकोणमा तपाईं-हामी सबैको साथ-सहयोग आवश्यक पर्छ। नकारात्मक दृष्टिकोणले मात्र हेरेर निराश हुन पनि हुँदैन। हामी सबै मिलेर योजना र विकासलाई अघि बढाउनु जरुरी छ।

**० निर्माण मुख्य होइन, गुणस्तर कायम राख्न तपाईंहरू के कत्तिको सचेत हुनुहुन्छ ?**

मेरो मान्यता निर्माण मात्र होइन, गुणस्तर पनि सुनिश्चित हुनुपर्छ भन्ने हो। गुणस्तर भन्नाले माटो, ढुङ्गा, गिटी, सिमेन्ट मात्र होइन, डकुमेन्ट, डिजाइन, वातावरण, भूगर्भ, भौगोलिक अवस्था र प्रोजेक्टका हरेक पक्षमा लागू गरिनुपर्छ। त्यसैले कतिपय कामका लागि विदेशी परामर्शदाता राखेर पनि मुख्य रूपमा गुणस्तरमा फोकस गरेका छौं।

> - **पर्यावरणलाई बचाउन जंगली जनावर अनिवार्य छन्।**
> - **बुटवल–नारायणघाट सडक विस्तारमा साठी प्रतिशत घाटा छ !**
> - **गुणस्तर र दीर्घकालीन सुनिश्चितताका लागि अघि बढिरहेका छौं।**
> - **साझा प्रयास र धैर्यताले व्यवस्थित सडक निर्माण भइरहेको छ।**
> - **दीर्घकालीन सडकका लागि कंक्रिटमा लगानी आवश्यक छ।**
> - **अन्डरपास, ओभरपास र फ्लाइओभर निर्माण गरिँदैछ।**
> - **अब हामीलाई विदेशी परामर्शदाता आवश्यक नै छैन।**

**० सडक निर्माणमा गुणस्तरको प्रश्न त जताततै र जहिल्यै उठिरेहका छन् त ?**

हाम्रो सुझाव निर्माण व्यवसायी साथीहरूले यसअघि किन राम्रो भयो, अहिले किन भएन भनेर उफ्रिनु हुँदैन भन्ने हो। सुधार सबै क्षेत्रबाट हुँदा मात्र सम्भव हुन्छ। हरेक कामलाई फ्रिक्वेन्सीअनुसार निगरानी गरिएको छ। तर पनि कतिपय स्थानमा गुणस्तरका प्रश्न उठिरहेका छन्। यसका लागि डर वा त्रासले होइन, सक्रिय र सु-संगठित मेकानिजम बनाएर गुणस्तर सुनिश्चिततामा जोड दिनुपर्छ।

**० कतिपय निर्माण पक्षले कमसल मेटेरियल प्रयोग गरेको कारण समस्या आएको धेरै घटनाहरू बाहिर आएका छन्, नि ?**

खराब मेटेरियल प्रयोग भएमा त्यसलाई तुरुन्त रोक्नु आवश्यक छ। केवल सुपरभाइजरलाई दोष दिएर मात्र उम्किन मिल्दैन। माथिल्लो तहबाट नै गुणस्तरको विषयमा स्पष्ट योजना तय गरिनुपर्छ। शक्ति र पहुँचको भरमा अयोग्य व्यवसायीहरूले त्यस्तो कार्य गरेका भए कारबाहीको दायरामा ल्याउनै पर्छ।

सरकारी नियामक निकाय मात्र नभई सडक विभाग, मन्त्रालय, राजनीतिक दल र मिडियासमेतले खबरदारी गर्नुपर्छ। गुणस्तरीय स्रोत-साधनको प्रयोग सुनिश्चित गर्नुपर्छ। जस्तो सडक निर्माण गर्दा हाम्रो मुलुकमा आवश्यक मेटेरियल नजिकै उपलब्ध छ, जबकि छिमेकी मुलुक भारतमा सडक निर्माण गर्दा धेरै टाढाबाट ल्याउनुपर्छ। जसले गर्दा नेपालको तुलनामा दुई गुणा सडक निर्माण महँगो पर्छ।

तर, हाम्रो मानसिकता नजिक भए पनि कमसल भनेर ढाँट्ने प्रवृत्ति गलत छ। टाढाबाट सामग्री ल्याएर प्रयोग गर्दा अन्ततः जनताले नै तिरेको करबाट भुक्तानी गर्ने हो। त्यसैले यी विषयमा सचेत रहँदै गुणस्तरीय मेटेरियल प्रयोग गर्न हाम्रो सुझाव छ।

**० कालोपत्रेभन्दा कंक्रिट सडकमा सरकारले किन जोड दिइरहेको छैन ?**

मुलुकमा सिमेन्ट उत्पादनका लागि ठूला-ठूला कारखाना स्थापना भइसकेका छन् र विद्युत् उत्पादन पनि पर्याप्त छ। त्यसैले दीर्घकालीन रूपमा बलियो सडक निर्माणका लागि कंक्रिटमा लगानी गर्नु अहिलेको आवश्यकता हो। कंक्रिट र कालोपत्रे दुवैका आआफ्नै फाइदा-बेफाइदा छन्।

**० सडक निर्माणमा कंक्रिटमा लगानी गर्नुको फाइदा के छ ?**

अब मुलुकको धन स्वदेशमै राख्न र रोजगारी बृद्धिका लागि पनि गुणस्तरीय एवं कंक्रिट सडक निर्माणतर्फ जानुपर्छ। निर्माण व्यवसायीले बनाएका केही कंक्रिट सडकमा सुरुमा केही गुनासो नआएका पनि होइनन्, तर सुधार गर्न सकिन्छ। सुरुको लगानी कालोपत्रेको तुलनामा करिब तीन गुणा महँगो पर्छ।

कालोपत्रे सडक लामो दूरीमा यात्रा गर्दा आरामदायी हुन्छ भने कंक्रिटमा केही कठिनाई हुन्छ। अहिले हामी दाउन्ने सडक खण्डमा ८-१० किलोमिटर परीक्षणका रूपमा यही गर्दैछौं। कंक्रिट सडकमा मोटाइ ३०-३२ सेन्टिमिटर हुनुपर्छ, नत्र क्र्याक आउँछ। कालोपत्रेमा क्र्याक आए स्वतः टालिन्छ, तर कंक्रिट सिसाजस्तो हुने भएकाले नफुट्ने गरी निर्माण गरिनुपर्छ।

**० तपाईंको विचारमा सडक परियोजनाहरू निर्माणक्रममा ढिलाइ हुनुका मुख्य कारणहरू के–के हुन् ?**

कतै मेटेरियल अभाव र कतै बेलाबेला हुने स्थानीय अवरोधका कारण ढिलासुस्ती हुने गरेको छ। साथै निर्माण व्यवसायीहरुले स्रोत-साधन आवश्यक गतिमा परिचालन गर्न नसक्दा पनि प्रभाव परेको देखिन्छ। त्यसैगरी बिजुलीका पोल र खानेपानीका पाइप स्थानान्तरण गर्ने विषयमा पनि प्राविधिक जटिलता आउने गरेका छन्।

कतिपय अवस्थामा माथिबाट खन्ने कि तलबाट भन्ने निर्णय समयमा हुन सक्दैन। जसका कारण भारी संरचना उठाएर लैजानुपर्ने स्थानमा आवश्यक तयारी नहुँदा काम अघि बढाउन समस्या आउने गरेका छन्। यस्ता विषयहरू आपसी समन्वयबाट मात्र समाधान गर्न सकिने भएकाले हामी सबै मिलेर पहल गर्नु जरुरी छ।

**० काँकडभिट्टा–लौकही सडकखण्डको आयोजना कार्यान्वयनमा के–कस्ता चुनौती र अनुभवहरू तपाईंसँग छन् ?**

मैले एडीबीको नेतृत्व सम्हाल्दा काँकडभिट्टामा भर्खरै ठेक्का लागेको थियो। अनि, ठेकेदारहरू पनि परिचालित भएका थिएनन्। पश्चिम खण्डमा केही समस्या देखिए पनि पूर्वतर्फका दुई-तीनवटा पुलसहितका ठेक्का तुलनात्मक रूपमा सहज छन्।

बिजुलीका पोल स्थानान्तरण, ढल तथा खानेपानी व्यवस्थापन गर्नुपर्ने भएकाले समय लाग्छ नै। ठूला आयोजना सुरु भएपछि निर्माण सामग्रीको माग धेरै बढ्छ। बजार क्षेत्र र स्थानीय पालिकाहरूले अनुमानका आधारमा थोरै-थोरै मात्र स्रोत-साधन परिचालन गर्न दिने प्रचलन छ, जसले कामको गति सुस्त बनाउँछ। निर्माण सामग्री निकासा गर्ने प्रक्रिया कतिपय अवस्थामा सुन चोर्नु वा सुन जोगाउनुजस्तै जटिल बनेको अनुभव हामीसँग छ।

**० किन यस्ता समस्या आउने गरेका हुन त ?**

उपलब्ध स्रोत-साधनलाई पारदर्शी रूपमा खर्च गर्दै, सरकारी राजस्व तिरेर, विकास आयोजना ढिलासुस्ती नहुनेगरी र परिणाम देखिने गरी काम गर्नुपर्ने अवस्था छ। तर, हाम्रा कतिपय नियम-कार्यविधि अत्यन्त नियन्त्रणमुखी रहेका छन्। उदाहरणका लागि दिनको २० वटा ट्रकभन्दा बढी सामग्री निकाल्न नपाइने व्यवस्था छ। अझ असारदेखि असोजसम्म ती सामग्री निकाल्न र निकासा गर्न नपाइने व्यवस्था विद्यमान छ। त्यसपछि दशैं-तिहारपछि एकैपटक सामग्री निकाल्ने प्रवृत्तिलेसमेत आयोजना समयमा निर्माण नहुनेगरी प्रभाव पारेको देखिन्छ। यसरी हेर्दा सामान्य देखिने तर नसोचिएका यस्ता विषयहरूले पनि ठूला विकास आयोजनाहरू निर्माणमा ढिलाई मात्र होइन ठूलो असर पार्दो रहेछ।

**० यी सवालमा निर्माण पक्षलाई जिम्मेवार बनाउन र समयमा काम सम्पन्न गराउन तपाईंहरूको आगामी रणनीति के के छ त ?**

यी सबै विषयलाई गहिरो रूपमा केलाएर हामीले अध्ययन गरिरहेका छौं। कतिपय ठेकेदार कम्पनीका संचालनकहरु स्पष्ट सन्देश दिँदै काममा लापरबाही गरे ठेक्का तोडिने र आवश्यक परे ब्ल्याकलिस्टसमेत राखिने चेतावनी दिँदै आएका छौं। जहाँ त्रास र आशा दुवैलाई सन्तुलनमा राख्नुपर्छ भन्ने मान्यता हाम्रो रहेको छ। जबकि ठेकेदारले जोखिम र काम गरे भविष्यको सम्भावना पनि उज्ज्वल देखोस्। यही सन्तुलन कायम गर्न सकियो भने मात्र सम्झौता (कन्ट्याक्ट) स्पष्ट रूपमा कार्यान्वयन गर्न सकिन्छ।

**० निर्माण क्षेत्रमा चुनौती र सुधारका उपायहरू के के देख्नुहुन्छ ?**

ठेक्का संझौता गर्ने अनि घर जग्गामा लगानी गर्दा तुरुन्त नाफा हुने आशाले केही निर्माण व्यवसायीहरूले पेस्की लिएर त्यसो गरेको पनि देखियो। त्यसपछि उनीहरूले समयमा काम अगाडि नबढाउँदा निर्माण सामग्रीको मूल्य बढिसकेको हुन्छ। केही पक्षले बढी फाइदा उठाउन खोज्दा निर्माण क्षेत्र बदनाम हुन पुगेको छ। हामीले यी बिषयलाई पनि मध्यनजर गरेका छौं। साथै, यात्रालाई अवरोध नगरी सहज बनाउन नयाँ पहुँच मार्ग बनाउनुपर्ने, त्यसको डिजाइन र योजना तयार गर्न जोड दिएका छौं। अझ वन क्षेत्र दुवै पट्टी रहेको अवस्थामा सडक एकपट्टि सार्नुपर्ने अवस्था आउँछ। वन पनि सरकारकै अधिकार क्षेत्र भएकाले व्यक्तिगत निर्णय भने गर्न सक्दैनौं।

**० सरकारी निकायसँग समन्वयको अभाव छ भन्न खोज्नु भएको हो ?**

सरकारी निकायसँग समन्वयको अभाव छ, समस्या छन्। ती सबै मुद्दाहरू मिलाउन सके मात्रै काम समयमै सम्पन्न गर्न सकिन्छ। परियोजना अघि बढाउँदा रोकावट हुने, घरबार प्रभावित, स्थानीय भोगचलन गर्ने व्यक्तिलगायत सबैसँग छलफल गरी सहकार्य आवश्यक छ। यसरी सबैको सहभागिता सुनिश्चित गर्न सकेमात्रै परियोजना समयमा सफल र दिगो बनाउन सकिनेगरी नीति निर्माणमा हामी अगाडि बढिरहेका छौं।

**० सडक निर्माणको समयमा पूर्वाधार र सेवा व्यवस्थापनलाई किन ध्यान दिइँदैन नि ?**

सडकमा बिजुलीका पोल, दूरसंचार, ढल व्यवस्थापन, नेट लगायतका सेवाहरू राख्दै आएका छौं। तर, सडक बिस्तार वा मर्मत गर्नुपर्दा र उनीहरुसँग सहयोग गर्न माग्दा समयमा पाउँदैनौ। यद्यपि, सडक सबैको लागि र नागरिकले नै प्रयोग गर्ने भएकोले उनीहरु पनि सचेत हुनैपर्छ। जस्तो अहिले पूर्व-पश्चिम हाइवे चार लेनमा बिस्तार गर्ने योजना छ। सरकारको १४औं योजना देखिको प्रयास पनि हो। १५ र १६ औं योजनामा विस्तार गर्ने भनिएको छ। चार लेन सडक बनाउँदा घर-टहरा हटाउनु पर्छ, रुख काट्दा क्षतिपूर्ति, बिरुवा रोप्नेदेखि खर्चको योजना वन विभागसँग मिलाएर तयार गरिन्छ। त्यसपछि मात्र नागरिकको सुविधा, पर्यावरणीय सन्तुलन र निर्माण दुवै सम्भव हुनेछ।

**० चार लेनमा सडक बिस्तार गर्दा चितवन र पर्सा निकुञ्जमा ठूलै समस्या रहेको बताइन्छ नि ?**

चितवन र पर्सा निकुञ्जमा सडक चौडा गर्दा जङ्गली जनावरलाई सहज ढंगलेक्रस गर्न दिनु अत्यन्तै जरुरी छ। यदि रोड चार लेन बन्यो भने एकै पटक तीन-चार वटा गाडी गुडदा जनावरहरू अलमलमा पर्छन नै। जसले आत्तिएर मर्न पनि सक्छन्। त्यसैले केवल जनावरलाई मात्र नभई यात्रु र पर्यटन क्षेत्रमा पनि ठूलो क्षति पुर्‍याउँनेछ। नेपाल बाघ र गैंडामा विश्वमै धनी छ। यी सम्पत्तिको संरक्षणका लागि ऋण नलिई विश्वले अनुदान वा सहयोग गर्नुपर्छ भन्ने मेरो दृष्टिकोण छ।

**० यी बिषयमा सम्वन्धित निकायको ध्यानकार्षण गर्नु भएको छैन ?**

एडीबीले पनि यो बिषयमा पहल गरिरहेको छ। हाम्रो जस्तो आर्थिक कमजोर रहेको मुलुकले ऋण लिएर मात्र दुर्लभ जनावर बचाइदिनसक्ने अवस्था पनि छैन। त्यसैले अन्तर्राष्ट्रिय फोरममा हाम्रा नेता र मन्त्रीहरूले यस विषयमा बहस गरेर सहयोग जुटाउनुपर्छ। अर्को कुरा चितवन राष्ट्रिय निकुञ्जमा टुरिजमका अवसरहरू पनि प्रशस्त छन्। सौराहा जस्तो पर्यटक केन्द्रले ठूलो आम्दानी दिन सक्छ। त्यसैले यी क्षेत्रमा सडक निर्माण र बिस्तार गर्दा सिमसार र अन्य प्राकृतिक क्षेत्रको संरक्षण जरुरी देखिन्छ।

हामीलाई जिउँदो रहन अक्सिजन चाहिन्छ जस्तै, पर्यावरणलाई बचाउन जङ्गली जनावर अनिवार्य छन्। जसले गर्दा मन्त्रालय र विभागहरूले अन्य निकायहरुसँग समेत सहमति गरेर योजना बनाउनु आवश्यक छ। जङ्गल जोगाउँदै, जनावरलाई डिस्टर्ब नहुने, सडक निर्माण र बिस्तार दुवै सम्भव पनि होस्।

# मुद्रास्फीति : मूल्य–अपेक्षाहरूमा किन बेमेल छन् ? यो जनता र देशका लागि अत्यन्तै दुर्भाग्यपूर्ण किन भयो ?



शंकरमान सिंह

**नेपाल जस्तो मुलुकका नीति निर्माताहरू र मिडियाले हालको मुद्रास्फीति दरको लगनशीलताका साथ ट्र्याक राख्छन्, तर यो प्रायः बिर्सिन्छ कि यसले भविष्यको मुद्रास्फीतिबाट उपभोक्ताहरूले के अपेक्षा गर्छन् भन्ने कुरालाई पनि महत्व दिन्छ ।**

नेपालमा लचिलो मुद्रास्फीति लक्ष्यीकरण ढाँचाको परिचय पछि, मुद्रास्फीति संरचनात्मक रूपमा घटेको छ । यद्यपि, मुद्रास्फीति अपेक्षाहरू समान रूपमा घटेका छैनन् ।

**किन अपेक्षा र वास्तविक मुद्रास्फीति बीचको अन्तरको महत्त्वपूर्ण आर्थिक लागत छ ?**

नेपाल राष्ट्र बैंक को मुद्रास्फीति अपेक्षा सर्वेक्षण अफ हाउसहोल्ड्सले मूल्य प्रवृत्ति बारे उपभोक्ताहरूको विचारको उत्तम उपलब्ध मापन प्रदान गर्दछ । मुद्रास्फीतिको अपेक्षाहरूले नीति निर्माताहरूले वित्तीय निर्णयहरू कसरी लिने र अर्थतन्त्र व्यवस्थापन गर्ने तरिकालाई पनि असर गर्छ । यी सबै भविष्यको मुद्रास्फीति र अर्थतन्त्रको अन्य म्याक्रो-स्थिरता सूचकहरूमा फर्किन्छन् ।

मुद्रास्फीति निराशावादको व्याख्या के हो ? युवाहरूको मुद्रास्फीति अपेक्षाहरू सामान्यतया वृद्धहरूको भन्दा ७५-१०० बिपिएस कम हुन्छन् । अस्थिर र उच्च मुद्रास्फीति युगको प्रत्यक्ष अनुभव भएका वृद्ध व्यक्तिहरू हालसालै मुद्रास्फीति अनुभव भएका युवाहरू भन्दा बढी निराशावादी हुन सक्छन् । तैपनि, यसले धेरैजसो खाडललाई व्याख्या गर्दैन ।

अर्को कारण यो हुन सक्छ कि मुद्रास्फीति मापन गर्न प्रयोग गरिएका विधिहरू त्रुटिपूर्ण छन् । हामी सहमत छौं कि नेपालको उपभोक्ता मूल्य सूचकांक पुरानो छ र आजको उपभोग बास्केटसँग मिलाउन आवश्यक छ । यद्यपि, विश्लेषणले यसको आधारमा ठूलो र निरन्तर खाडलको धेरै व्याख्या गर्न गाह्रो पाएको छ । वास्तविक मुद्रास्फीति र उपभोक्ता अपेक्षाहरूको वास्तविक कारण जेसुकै होस्, अन्तर मूल्यमा आउँछ । उदाहरणका लागि, वित्तीय संस्थाहरूको गुणस्तर र घरेलु पूँजीको उपलब्धतामा उल्लेखनीय सुधार भए तापनि नेपालमा पूँजीको वास्तविक लागत जिद्दी रूपमा उच्च रहन्छ ।

नेपालको मुद्रास्फीति २०२५ को सेप्टेम्बरमा २१ वर्षकै न्यून बिन्दुमा झरेको छ, जुन रेकर्डमा सबैभन्दा कम सूचकहरू मध्ये एक हो । किनभने आन्तरिक मागमा आएको कमीले भ्रष्टाचार, राजनीतिक अस्थिरता र विद्यार्थी तथा आप्रवासी कामदारहरूको बढ्दो बहिर्गमनले गर्दा कमजोर अर्थतन्त्रलाई प्रतिबिम्बित गर्दछ । देशको केन्द्रीय बैंक, नेपाल राष्ट्र बैंकका अनुसार, सेप्टेम्बरको मध्यमा मुद्रास्फीति १.८७ प्रतिशतमा रहेको छ, जुन एक वर्ष अघिको ३.८६ प्रतिशत थियो ।

पछिल्लो पटक मुद्रास्फीति आर्थिक वर्ष २००३-०४ को मध्य मे देखि मध्य जुलाई सम्ममा यति कम थियो, जब यो १.८ प्रतिशत मापन गरिएको थियो । केन्द्रीय बैंकका अनुसार कमजोर घरेलु उपभोगका कारण मुद्रास्फीतिमा तीव्र गिरावट आएको कुरा आएको छ । बाढी र पहिरोसँगै हालैको राजनीतिक अनिश्चितताले खर्चमा थप कटौती गरेको देखिन्छ ।

विश्लेषकहरू भन्छन् कि नेपाली आप्रवासी कामदार र विद्यार्थीहरूको विदेश पलायनले पनि उपभोगलाई असर गरेको छ । सेप्टेम्बरको मध्यमा नेपालको विदेशी मुद्रा सञ्चिति २०.४१ अर्ब डलर पुगेको छ, जसले देशमा प्रवाहित हुने धेरैजसो पैसा अर्थतन्त्रमा प्रवाहित हुनुको सट्टा बैंकहरूमा निष्क्रिय अवस्थामा रहेको देखाउँछ ।

अर्थशास्त्रीहरूको मत छ कि यो प्रवृत्तिले उपभोगलाई कमजोर बनाएको छ, जुन वृद्धिको प्रमुख चालक हो। केन्द्रीय बैंकको तथ्याङ्कले समीक्षा महिनामा खाद्य तथा पेय पदार्थको मुद्रास्फीति १.३४ प्रतिशतले घटेको देखाएको छ भने गैर-खाद्य तथा सेवा मुद्रास्फीति ३.७० प्रतिशत रहेको देखाएको छ ।

यसको विपरीत, गत वर्षको सोही अवधिमा यी वर्गहरूको मूल्य सूचकांक क्रमशः ५.०६ प्रतिशत र ३.१९ प्रतिशतले बढेको थियो ।

दुग्ध उत्पादकहरूका अनुसार घट्दो आय स्तर, बढ्दो बेरोजगारी र युवा बसाइँसराइमा वृद्धि जस्ता आर्थिक चुनौतीहरूले बिक्री नभएका दुग्ध उत्पादनहरूको भण्डार र किसानहरू महिनौंसम्म भुक्तानी नपाएको अवस्थामा रहेको छ, जसले दुग्ध उद्योगमा दीर्घकालीन मन्दीलाई संकेत गर्दछ ।

१.८७ प्रतिशतको मुद्रास्फीति तथ्याङ्क ऐतिहासिक रूपमा कम छ र यसले वास्तविक तस्वीरलाई समेट्दैन भन्ने अभिमत राख्ने पनि छन् । नेपालमा आर्थिक गतिविधि सामान्यतया सेप्टेम्बर र अक्टोबरमा बढ्छ, जब दशैं, तिहार र छठ जस्ता प्रमुख चाडपर्वहरूले घरायसी खर्च बढाउँछन् । अर्थशास्त्रीहरूको अनुमान छ कि वार्षिक बजार कारोबारको ४० देखि ७० प्रतिशत यस चाडपर्वको मौसममा हुन्छ ।

मूल्य वृद्धि मुद्रास्फीतिले एक निश्चित अवधिमा, सामान्यतया एक वर्षमा वस्तु र सेवाहरूको ईकाई कति महँगो भएको मापन गर्दछ । यो अर्थशास्त्रमा सबै भन्दा परिचित शब्दहरु मध्ये एक हो । बैंक, वित्तीय संस्थासँग लगानीयोग्य पुँजीको अभाव र कित्ताकाटको फुकुवाले किनबेच घटिरहेका बेला सर्वसाधारणले घरजग्गा तथा हाउजिङको मूल्य बढ्ने अपेक्षा गरेका छन् ।

देश आयातित वस्तुमा निर्भर हुँदा मुद्रास्फीति पनि आयात हुने विज्ञहरू बताउँछन्, जसले जनताको दैनिक जीवनमा प्रत्यक्ष प्रतिकूल प्रभाव पार्छ । र, विज्ञहरूले सबैभन्दा बढी चिन्ता गर्ने मुद्दाहरू बेरोजगारी र मुद्रास्फीति हुन्-जसलाई कुनै पनि राजनीतिक दलहरूले गम्भीर रूपमा उठाएका देखिदैनन् ।

यो स्पस्ट छ कि सरकार आफ्नो उपस्थिति देखाउन र जनताको पीडाप्रति चासो नदेखाउँदा जनताले सास्ती भोग्नुपरेको छ । देशमा बढ्दो बेरोजगारी र बढ्दो मुद्रास्फीतिलाई सम्बोधन गर्ने कुनै पनि राजनीतिक दल जनताको पीडा सम्बोधन गर्न गम्भीर छैनन्, न त कुनै प्रतिबद्धता नै गरेका छन् ।

**यो जनता र देशका लागि अत्यन्तै दुर्भाग्यपूर्ण किन भयो ?**

पर्यटनले नेपालको कूल गार्हस्थ उत्पादनमा १५ प्रतिशत योगदान पुऱ्याउँछ । जबसम्म सरकारले राम्रो समष्टिगत, वित्तीय र मौद्रिक नीतिहरू कायम राख्न सक्छ, तबसम्म त्यो प्रकारको आर्थिक स्थायित्व हुन्छ । नेपालको सबैभन्दा ठूला व्यापारिक साझेदार भारत र चीन रहेकाले भारतको आर्थिक स्थिति राम्रो रहेकोले नेपालका लागि राम्रो भएको मत राख्नेहरु छन् । नेपाल पनि भाग्यमानी छ किनभने रेमिट्यान्स उपलब्ध गराउने विदेशी कामदारहरूको ठूलो संख्या छ ।

मूल्य बृद्धिले सम्पूर्ण आपूर्ति श्रृंखलालाई असर गर्छ र समग्र उपभोग्य वस्तुको मुद्रास्फीति बढाउनेछ र क्रयशक्ति घटाउँछ, जसले गरिब जनतालाई आफ्नो खानाको लागि अझ गाह्रो बनाउँछ ।

नेपालकै सन्दर्भमा हेर्ने हो भने पनि २०४६ सालयता र हालैका सरकारहरूबाट समेत प्रत्येक वर्ष अर्थमन्त्रीले अत्यावश्यक वस्तुहरूको मूल्य बढ्न नदिने र नियन्त्रणभित्र राख्ने आश्वासन दिए पनि व्यवहारमा ती कुरा लागू हुन सकेको देखिंदैन । अर्थशास्त्रीहरूद्वारा भनिने उच्च दरको मूल्यवृद्धिबाट हुने नकारात्मक परिणामहरूको बोध हुँदाहुँदै पनि त्यसलाई रोक्न नसकी यो मूल्यस्फितिको दर विगतका वर्षहरूमा तीव्रतर हुँदै जाने क्रम देखा परेको छ ।

मुद्रास्फीतिको तरबार यी विश्वव्यापी आर्थिक शक्तिद्वारा प्राप्त वृद्धिको आश्चर्यजनक दर कटौती गर्न कटिबद्ध छन् । नेपाल एक अपवाद देश हुन सक्दैन । मुद्रास्फीति एक समस्या भएको छ ।

नेपालमा मूल्यवृद्धि मापन गर्न नेपाल राष्ट्र बैंकले आधार वर्ष परिवर्तन गर्ने कुरा सार्वजनिक भएको छ । नेपाल राष्ट्र बैंकले २०८०/८१ लाई आधार वर्ष बनाउने भएको छ । समयको अन्तरालसँगै उपभोक्ताको व्यवहारमा परिवर्तन आएको भन्दै नेपाल राष्ट्र बैंकले बजारमा वस्तु तथा सेवाको उपलब्धतामा आएको परिवर्तन तथा प्रादेशिक संरचना लगायतका कारणले आधार वर्ष परिवर्तन गर्न लागेको जनाएको छ । नेपाल राष्ट्र बैंकले २०८० साउनदेखि २०८१ असार मसान्तसम्म देशका ७७ वटै जिल्लाबाट तथ्यांक संकलन गर्ने बताएको छ । यसबाट वास्तविक मुद्रास्फीतिको अवस्थाको दृश्य देखिने अपेक्षा गर्न सकिन्छ ।




**अर्थशास्त्रीहरूद्वारा भनिने उच्च दरको मूल्यवृद्धिबाट हुने नकारात्मक परिणामहरूको बोध हुँदाहुँदै पनि त्यसलाई रोक्न नसकी यो मूल्यस्फीतिको दर विगतका वर्षहरूमा तीव्रतर हुँदै जाने क्रम देखा परेको छ ।**

## फेसबुक सामाजिक सञ्जाल फेसबुक सामाजिक सञ्जाल

### राजनीतिक नालायकीको भारी अदालतले बोक्ने ?




यी पूराना दलहरू र नेताहरूले संवैधानिक प्रजातान्त्रिक राजतन्त्र ध्वस्त पारे, गणतन्त्रिक लोकतन्त्र पनि ध्वस्त पारे, कर्मचारीतन्त्रलाई ध्वस्त पारे, प्रहरी सुरक्षाकर्मीलाई ध्वस्त पारे, शासन प्रशासन ध्वस्त पारे, कहिले राजनीतिलाई संवैधानिक बनेर बसेका राजाको पाउमा लगेर चढाए । कहिले संसद र सरकार चलाउन नसकेर राजनीति घरिघरि अदालतमा लगेर बुझाउदै आए ।

अदालतलाई पनि आफ्नो सत्ता राजनीतिको स्वार्थमा दुरूपयोग गर्न राजनीतिकरण गर्दै लगे । तर नेपालको अदालत अझै जीवित देखिन्छ । नेताहरू अहिले यो जीवित रहेको अदालतलाई पनि ध्वस्त पारेर मुलुकलाई राज्यविहीन पार्ने दाउमा लागेका छन् । अहिले पनि आफू भागेर, देश सम्हाल्न नसकेर मरेको संसद ब्युँताउन सकिन्छ कि भनेर यी काँतर भगौडा नेताहरूले राजनीतिक मुद्दा अदालतमा पुऱ्याएर अदालतलाई राजनीतिको भुंग्रोमा झोस्न खोज्दैछन् । आफू राजनीतिमा असफलभए, नालायक भए, समाधान अदालतबाट गराउन खोज्दैछन् । अदालतले यसबेला राम्ररी बुझेको होला, यदि अदालत यस्ता नेताहरूको कूराजनीतिले सकियो भने यो देशमा सेना मात्र बाँकी रहनेछ । २०८२ भदौमा देश जोगाउन नेपाली सेना मात्र सक्रिय थियो । यदि नेपाली सेना पनि सकियो भने मुलुक बाँकी रहने छैन । राष्ट्र भनेको खेलवाड गर्ने चिज हैन, चेतना भया ।

*- भीम उपाध्याय, मनमौजी*

### व्यवसाय जलेको १०७ दिन, कारबाही किन शून्य ?




जेन-जी आन्दोलन भएको र सरकार गठन भएको १०७ दिन(२०८२ पुस १४ गते) पुगेछ । हामी उद्योगी , व्यवसायीको व्यवसायिक प्रतिष्ठान र व्यक्तिगत सम्पत्ति जलाईएको पनि सोही अवधि १०७ दिन पूरा भएछ । तर, सरकारले प्रमाण हुँदा हुँदै पनि अहिलेसम्म कसैलाई कार्वाही गर्न सकेको छैन, न त पुराना र नयाँ राजनीतिक दलहरुले यस बिषयमा एक शब्द खर्चिएकै छन् । अहिले त सरकार सहमति गरेर दोषीलाई कार्वाही नगर्नेमा पुगेको छ । राजनीतिक दलहरु दाउपेच र आआफ्नो राजनीतिक जोडघटाउ र हिसाव मिलाउनै व्यस्त छन् ।

अनि हाम्रा व्यवसायी प्रतिष्ठान जलाएर नयाँ लगानीको अपेक्षा गर्छौं, हामी दण्डहीनता कायम गराएर ऋण बृद्धिका कुरा गर्छौं, राजनीतिक अराजकता बिच रोजगारी बृद्धिका कुरा गर्छौं ।

अब राजनीतिक जोड घटाउ हैन , व्यवस्था र राजनीतिक अस्थिरताले कति नेपालीले व्यवसाय गुमाए, कति व्यवसायी ऋण तिर्न नसकेर कालो सूची मा परे, कति नेपाली रोजगारी नपाएर विदेश पलायन भए, कतिले आत्महत्या समेत गरे । यसको हिसाब गर्नु छ ।

*-प्रवल जंग पाण्डे*

### सैनिक महत्वको कोट र जलेको दरबार जयगढको सिंहासन र अछाम राज्यको उदय



१) सिंजाका राजा आदित्य मल्लले आफ्नी छोरीले दरबारमा कार्यरत एक ब्राम्हणसँग प्रेम विवाह गरी जन्मिएको नाती (यस विषयमा विभिन्न भनाइ र लेखाइ पाइन्छ) देवचन्द्र वर्मन (ब्राम्हण) लाई जयगढमा राजधानी बनाई अछाम राज्य चाहिं दाइजोस्वरूप प्रदान गरेको उल्लेख पाइन्छ । यी वर्मन वंशजहरूले पछि वर्मन, बर्मा, शाही तथा शाह थर लेख्ने गरेको पाइन्छ ।

२) उक्त राज्यबाट पछि आश्रित रूपमा दर्नाकोट (दर्माकोट), मंगलसेन, विमकोट लगायतका राज्यहरू स्थापित भए । दर्नाकोट करिब ७०० घरधुरी मात्र भएको सानो राज्य थियो । वि.सं. १४९५-१४९७ तिर उद्य वर्माले यस राज्यको स्थापना गरेको मानिन्छ ।

३) नेपाल एकीकरणको क्रममा यहाँका राजा रुद्र शाहीले स्वेच्छाले नेपाल देशको आश्रित राजा बन्ने इच्छा व्यक्त गरी दुल्लुमा मुकाम गरी बसेका वडा काजी अमरसिंह थापा समक्ष जानकारी गराएका थिए । सोही अनुरूप वि.सं. १८४७ सालमा यो क्षेत्र नेपालमा एकीकृत भयो ।

४) प्रारम्भमा यस राज्यले नेपाल सरकारलाई वार्षिक रु. ५१ सिर्तो (कर) तिर्दै आएको थियो । यस राजवंशलाई नेपाल सरकारले वि.सं. २०१७ सालसम्म 'राजा' कै उपाधि प्रदान गरेको थियो । यस वंशका अन्तिम राजा देवेन्द्र बहादुर शाह थिए ।



यो कोट इलाका आज पनि सैनिक दृष्टिले महत्वपूर्ण मानिन्छ । तर, पुरानो दरबार (कोट)लाई माओवादीले वि.सं. २०५९ साल फागुन ४ गते जलाइदिएकाले ऐतिहासिक भवनहरू अवशेषमा मात्र सीमित बाँकी रहेका छन् । हाल उक्त स्थानमा विद्यालय जस्तो सानो भवन निर्माण भइरहेको छ ।

*(स्रोत : स्थलगत भ्रमण)*

*– प्रेम सिंह बस्न्यात*

### गड्यौला मऱ्यो, तर त्यो अमर सन्देश बाँचिरह्यो परिस्थिति होइन, सोचाइले जीवन बनाउँछ....



एकपटक एक जना प्रोफेसरले आफ्नो कक्षामा मदिराले मानिसलाई कस्तो हानि गर्छ भन्ने बुझाउन एउटा प्रयोग गरेर देखाए। उनले मदिरा भएको भाँडोमा एउटा जिउँदो गड्यौला हालिदिए। गड्यौला अल्कोहलमा हाल्नासाथ छटपटाउँदै ठहरै मऱ्यो । त्यो दृश्य देखाएपछि प्रोफेसरले विद्यार्थीहरूलाई सोधे,-"भाइबहिनीहरू, यस प्रयोगबाट के सिक्यौ ?"

एक जना विद्यार्थीले उत्तर दियो, "सर, अल्कोहल त पिउनै पर्ने चिज रहेछ नि । त्यसले त पेटका किरा-गड्यौला गड्यौला मारेजस्तै ठहरै मार्दो रहेछ !"

यो उत्तर सुनेर कक्षा नै हाँसोले गुञ्जियो । तर यसले एउटा गहिरो सन्देश दिन्छ-हामी कुनै पनि कुरालाई कसरी अर्थ लगाउँछौं र कसरी हेर्छौं भन्ने कुराले हाम्रो जीवनमा गहिरो प्रभाव पार्छ ।

**यसै सन्दर्भमा अर्को प्रसंग जोडौं ।**

एकपटक एउटा महायज्ञमा पण्डितले प्रवचन दिँदै पतिपत्नीको प्रगाढ सम्बन्धको महिमा गाउँदै भने,-"पतिपत्नी भनेको एउटा रथका दुई पाङ्ग्रा जस्तै हुन् । यात्रामा कुनै एउटा पाङ्ग्रा बिग्रियो भने रथ अगाडि बढ्न सक्दैन ।"

यति भनेर पण्डितले भक्तजनहरूलाई सोधे,-"अब भन्नुस्, यसबाट के बुझ्नुभयो ?" एक जना व्यक्तिले भने,-"रथको एउटा पांग्रा त जुनसुकै बेला बिग्रिन सक्छ । त्यसैले एउटा एक्स्ट्रा पांग्रा सधैँ राख्नुपर्छ ।"

**अब अर्को उदाहरण पढौं ।**

एउटा घरमा एउटा कुकुर र एउटा बिरालो पालिएका थिए । मालिकले दुवैलाई समान रूपमा माया, स्याहार र राम्रो खानपान दिन्थ्यो। तर कुकुर इमानदार र आज्ञाकारी बन्यो भने बिरालो अल्छी र दुष्ट बन्यो । कारण के थियो ?

कुकुरले सोच्दथ्यो-"यो मानिसले मलाई यति मायाँ गर्छ, यति राम्रो खान दिन्छ । कतै यो मानिस भगवान त होइन ?"

तर बिरालोले सोच्दथ्यो-"यो मानिसले मलाई यति धेरै माया गर्छ, यति धेरै हेरविचार गर्छ। कतै म नै भगवान त होइन ?" एउटै परिस्थिति, एउटै व्यवहार–तर सोचाइमा आकाश-जमिनको फरक ।

**अन्तिम उदाहरण ।**

रातभर चलेको हावाहुरीले दुई घरका छाना उडाइदियो । एक जना व्यक्ति भगवानलाई गाली गर्दै रोइरहेका थिए-

"दुष्ट भगवान ! म जस्तो गरिबको घरको छानो उड्दा तैंले के हेरेर बसेको थिइस् ? आज मेरो परिवारलाई बिचल्लीमा पारिस् ।"

तर अर्का व्यक्ति भने खुशी हुँदै आफ्नो उडेको छानो फेरि गाँस्दै थिए र भनिरहेका थिए-"धन्यवाद भगवान ! तिम्रो कृपाले मेरो घरको छानो मात्र उड्यो, परिवार सुरक्षित रह्यो । अब म यति बलियो छानो बनाउँछु कि अर्को हावाहुरीले केही बिगार्न सक्ने छैन ।"

निष्कर्ष स्पष्ट छ-परिस्थिति एउटै हुन्छ, तर सोचाइले मानिसलाई दुःखी पनि बनाउँछ अनि आशावादी पनि ।

*-खिलध्वज थापा, (जागरण समाचार)*

## रंग विरंग

### अफिस कर्मचारीलाई 'अनिवार्य हाँसो ब्रेक'



*टोकियो । अत्यधिक कामको चाप र मानसिक तनावले ग्रसित जापानमा डिसेम्बर २०२५ मा एउटा अनौठो तर रमाइलो प्रयोग सुरु गरिएको छ । टोकियोका केही निजी कम्पनीहरूले कर्मचारीका लागि 'अनिवार्य हाँसो ब्रेक' लागू गरेका छन् ।*

*यस नियमअनुसार दिनमा दुई पटक १०-१० मिनेट सबै कर्मचारीले काम रोकेर हास्य भिडियो हेर्न, जोक्स सुनाउन वा सामूहिक हाँसो अभ्यास गर्नुपर्ने हुन्छ । व्यवस्थापनका अनुसार यसको उद्देश्य तनाव घटाउनु र कार्यक्षमता बढाउनु हो ।*

*एक आईटी कम्पनीका प्रबन्धकले भने, "हामीले कफी ब्रेक त धेरै वर्षदेखि दिइरहेका थियौं, तर हाँसो ब्रेक पहिलोपटक हो ।" प्रारम्भिक नतिजा उत्साहजनक देखिएको कम्पनीको दाबी छ । कर्मचारीहरूबीच आपसी सम्बन्ध सुधारिएको र कामप्रतिको उत्साह बढेको बताइएको छ ।*

*यद्यपि केही कर्मचारीले सुरुमा असहज महसुस गरे पनि केही दिनमै यसलाई रमाइलो अनुभवका रूपमा लिन थालेका छन्। सामाजिक सञ्जालमा जापानी अफिसहरूमा सामूहिक हाँसो गरिरहेका भिडियोहरू भाइरल भएका छन् ।*

*मानसिक स्वास्थ्य विशेषज्ञहरूले हाँसोले तनाव हर्मोन घटाउने र सकारात्मक सोच बढाउने वैज्ञानिक आधार रहेको बताउँदै यस्तो प्रयोग अन्य देशका कार्यस्थलले पनि अनुकरण गर्न सक्ने बताएका छन् ।*

### बिरालो १२ वर्षपछि घर फर्किंदा मालिक अचम्मित



*रोम । इटालीको फ्लोरेन्स शहरमा १२ वर्षअघि हराएको एउटा बिरालो अचानक घर फर्किएपछि मालिक मात्र होइन, सिंगो टोल नै अचम्ममा परेको छ । सन् २०१३ मा हराएको 'लियो' नामक बिरालो २०२५ डिसेम्बरको पहिलो साता आफ्नै पुरानो घरको ढोकामा देखिएको थियो ।*

*७० वर्षीया मारिया रोसीले ढोका खोल्दा आफूले दशकअघि हराएको बिरालो ठ्याक्कै चिनेको बताइन् । "उमेर बढे पनि आँखाको रङ र खुट्टाको सेतो दाग उस्तै थियो," उनले स्थानीय सञ्चारमाध्यमलाई भनिन् । पछि पशु चिकित्सकले माइक्रोचिप जाँच गर्दा लियो नै भएको पुष्टि भयो ।*

*अचम्मको कुरा, लियो करिब २० किलोमिटर टाढाको ग्रामीण क्षेत्रमा वर्षौंसम्म एउटा किसानको गोठमा बसेको भेटियो । किसानका अनुसार बिरालो हरेक वर्ष जाडो सुरु हुनासाथ हराउने र गर्मीमा फर्किने गर्थ्यो। यसपालि भने किसानको मृत्यु भएपछि बिरालो आफैँ पुरानो बाटो हुँदै शहर फर्किएको अनुमान गरिएको छ ।*

### चोरले चोरी फिर्ता गर्दा माफीपत्र पनि छोड्यो !

*रियो दि जेनेरियो । ब्राजिलको एक सानो सहरमा भएको अनौठो घटनाले डिसेम्बर २०२५ मा धेरैलाई हँसाएको छ । एक अज्ञात चोरले चोरी गरेर लगेको सामान केही दिनपछि फिर्ता गर्दै हातले लेखेको माफीपत्र छोडेको घटना सार्वजनिक भएको हो ।*

*स्थानीय पसलबाट नगद र केही सामान चोरी भएको थियो। पसलधनीले प्रहरीमा उजुरी दिए पनि केही दिनमै पसलको ढोकामा एउटा झोला भेटियो, जसमा चोरी भएका सबै सामान थिए । झोलासँगै एउटा नोट पनि थियो-"माफ गर्नुहोस्, यो काम गरेर राति निदाउन सकिन ।"*




*माफीपत्रमा चोरले आर्थिक कठिनाइका कारण चोरी गरेको तर अपराधबोधले सताएको उल्लेख गरेको छ । उसले "नयाँ वर्ष सुरु हुनु अघि आफू सही बाटोमा फर्किन चाहेको" पनि लेखेको थियो ।*

*यो घटना सामाजिक सञ्जालमा भाइरल भएपछि मानिसहरूले चोरको इमानदारीको प्रशंसा गरेका छन् । केहीले "कम्तीमा उसको आत्माले उसलाई जित्यो" भन्दै रमाइला टिप्पणी गरेका छन् ।*

*प्रहरीले घटनालाई मानवीय पक्षबाट हेर्ने बताएको छ । पसलधनीले पनि चोरविरुद्ध मुद्दा नचलाउने घोषणा गरेका छन् । "मानिस गल्ती गर्छ, तर सुधारको मौका दिनुपर्छ," उनले भने ।*

*सामाजिक सञ्जालमा यो घटना भाइरल बनेको छ । धेरैले "बिरालोको स्मरणशक्ति मानिसभन्दा बलियो" भन्दै रमाइला टिप्पणी गरेका छन् । पशु विज्ञहरूका अनुसार बिरालोमा दिशाबोध (Homing instinct) अत्यन्त विकसित हुन्छ, जसले वर्षौंपछि पनि घर फेला पार्न सहयोग गर्छ ।*

# व्यापार बढ्दो तर घाटा किन निरन्तर बढ्दै ?
# विगत सरकारका कमजोरीमा वर्तमान सरकार मौन

● साँघु टिप्पणीकार

**काठमाडौं । सरकारको बैदेशिक घाटा घट्ने भन्दा पनि निरन्तर बढ्नुलाई अर्थविद्हरुले आश्चर्यको रुपमा हेरेका छन् । २०८२/८३ पहिलो पाँच महिनामा वैदेशिक व्यापार ९ खर्ब रुपैयाँ नजिक पुगेको भन्सार विभागले जानकारी दिएको छ । मुलुकमा सजिलै उत्पादन गर्न सकिने बस्तुहरुसमेत विदेशबाट आयात गर्दा व्यापार घाटा निरन्तर बढिरहेको छ । जसलाई न्यूनीकरणका लागि सरकारले खासै चासो देखाएको पाइँदैन । विभागका अनुसार चालु आ.व.को मंसिर मसान्तसम्म रु. ८ खर्ब ८२ अर्ब ६९ करोड बराबर वैदेशिक व्यापार भएको छ । जुन गत आ.व. सोही अवधिको तुलनामा २०.०७ प्रतिशत भन्दा धेरै मानिन्छ ।**




कुल वैदेशिक व्यापारको आकार २० प्रतिशतले वृद्धि भएको छ । तरपनि व्यापार घाटा भने १०.५२ प्रतिशतले बृद्धि भएको विभागले जनाएको छ । चालु आर्थिक वर्षको मंसिर मसान्त अर्थात पाँच महिनाको अवधिसम्म व्यापार घाटा रु. ६ खर्ब ४९ अर्ब ६८ करोड बराबर पुगेको छ । गत आ.व सोही अवधिमा व्यापार घाटा ५ खर्ब ८७ अर्ब ८२ करोड रहेको बिभागले जनाएको छ । कुल वैदेशिक व्यापारमा आयात हिस्सा केही खस्किएको छ । जुन ३.५३ प्रतिशतले घटेर ८६.८० प्रतिशत कायम भएको छ । त्यस्तै निर्यात हिस्सा ३१.७३ ले बढेर १३.२० प्रतिशत कायम भएको भन्सार विभागले जारी गरेको तथ्यांकले देखाएको छ ।

२०८१/८२ मंसिरसम्म रु. ७ खर्ब ३५ अर्ब १४ करोड बराबर वैदेशिक व्यापार भएको विभागले २०८२ पुष ७ गते जारी गरेको तथ्यांकमा उल्लेख छ । आयात र निर्यात दुवै वृद्धि भएको तथ्यांकले देखाएको छ । तरपनि समग्रमा वैदेशिक व्यापार घाटा भने निरन्तर बढेको बताइन्छ । मसान्तसम्म रु. ७ खर्ब ६६ अर्ब १८ करोड बराबर वस्तु आयात भएको छ । जुन गत आ.व. सोही अवधिको तुलनामा १५.८३ प्रतिशत धेरै हो । निर्यात भने १ खर्ब १६ अर्ब ५० करोड बराबर भएको छ । यो गत आवको तुलनामा ५८.१७ प्रतिशतले बृद्धि भएको बताइन्छ ।

विभागका अनुसार, २०८२ मंसिर मसान्तसम्मको वैदेशिक व्यापार यो अवधिमा आयात रु. ७ खर्ब ६६ अर्ब भएको छ भने निर्यात १ खर्ब १६ अर्ब रहेको छ । यो अवधिमा व्यापार घाटा ६ खर्ब ४९ अर्ब हुन पुगेको छ । कुल वैदेशिक व्यापार भने यो अवधीमा ८ खर्ब ८२ अर्ब भएको बताइन्छ । जुन आयात/निर्यातको अनुपातमा ६.५८ प्रतिशत हो । जसले गर्दा निर्यात हिस्सा १३.२० प्रतिशत रहेको छ भने आयात हिस्सा बढेर ८६.८० प्रतिशत पुगेको छ ।

यी विषयमा किन गएन नजर ?

यसअघि नेपाली कांग्रेस र नेकपा एमालेको सरकार हुँदा भिन्न ढंगले ऐन कानून निर्माण गरेको भए पक्कै पनि व्यापार घाटा कम गर्न सकिने थियो । तीव्रगतिमा विकास निर्माणलाई अगाडि बढाएको, उत्पादन बृद्धिमा जोड दिएको भए पक्कै निर्यात बढाउन सहज हुने थियो । अझ सुशासन कायम र भ्रष्टाचार नियन्त्रणमा निवर्तमान सरकारले जोड दिएको भए जेन-जी आन्दोलनको नहुन पनि सक्थ्यो ।

साथै, दस वर्षसम्म कुम्भकर्ण बनेर संघीय निजामती ऐन ल्याउन नसक्ने झण्डै दुई तिहाई नजिकको सरकारको ध्यान प्रशासनिक सेवा सुधारतर्फ जान सकेको थिएन । उत्पादन बृद्धि गर्ने भन्दा भएको सीमित स्रोत साधन वितरण गरेर सस्तो लोकप्रियता कायम गर्ने दिशामा ठूला राजनीतिक दलहरू लाग्दा अवस्था बिग्रिएको अर्थविद्हरु बताउँछन् । सरकारको ध्यान उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने भन्दा पनि राज्यको आर्थिक, स्रोत साधनको दोहनतर्फ नै केन्द्रित भएको आरोप नलागेको पनि होइन । जसले गर्दा उत्पादन क्षमता, आर्थिक विकास र सुशासन स्वत कमजोर हुँदै गएको बताइन्छ ।

कृषि क्षेत्रमा उत्पादन बढाउने सिंचाई, उन्नत प्रविधि, कृषिमा यान्त्रिकीकरण, व्यवसायिककीकरण, उन्नत मलबिऊ, रासायनिक मल, बजारको व्यवस्था गर्न सरकारको नजर पर्न नसक्दा कृषि उत्पादन निरन्तर घट्दै गएको छ । उर्जा उत्पादनका क्षेत्रमा अनेकौं कानूनी अड्चन, लगानी मैत्री नीति नहुँदा, लक्ष्यअनुसार विद्युत उत्पादन हुन सकिरहेको छैन । पर्यटन प्रबर्द्धनमा पनि सरकारको प्राथमिकता पर्न नसक्दा उत्साहजनक काम हुन सकेको देखिंदैन । हस्तकला, सूचना प्रविधि र दक्ष जनशक्ति उत्पादनमा पनि निरासाजनक अवस्था रहेको जानकारहरु बताउँछन् ।

निर्यात बढाउन, नेपाली उत्पादनको अन्तर्राष्ट्रिय बजार खोज्न सरकार र हाम्रा कूटनैतिक नियोगहरूले प्रयाप्त काम गर्न नसक्दा पनि व्यापार घाटा निरन्तर बढ्दै गइरहेको बताइन्छ । यही कारण सरकारमा जो व्यक्ति र राजनीतिक दलले नेतृत्व गरेपनि नेपाली जनताको जीवनस्तर माथि उठ्न सकिरहेको छैन । मुलुकमा सुशासनको कमी हुँदा जतातते भ्रष्टाचारको जालो बढ्दै गइरहेको छ । कतिपय सरकारी निकायका कर्मचारीहरूले अतिरिक्त लाभ बिना सेवा प्रवाह नै गर्दैनन् भन्ने आरोप लाग्ने गरेको छ । उद्योग व्यवसाय संचालन गर्दा कर्मचारीलाई पाइलैपिच्छे खुशी पार्नुपर्ने र राजनीतिक दलहरुलाई पनि चन्दा बुझाउने बाध्यतामा उनीहरु छन् ।

**कमिशनको खेल पनि उत्तिकै**

ठुला-साना निर्माण कार्य गर्दासमेत निर्माण पक्षले ५ देखि १० प्रतिशत अग्रिम कमिशन भुक्तानी गर्नैपर्छ । सो कुरा बोलकवोल नगरेसम्म बिल भरपाईको भुक्तानी नहुने प्रबृत्ति मौलाउदै आएको छ । कर्मचारीतन्त्रले आफ्नो जिम्मेवारीको फटाफट पूरा नगर्दा त्यसको मार नागरिकले बेहोर्नु परेको छ । कर्मचारीहरुले सेवा प्रवाह गर्दा अनेकौं बहाना गरेर फायल रोक्ने र यो वा त्यो बहानामा घुस दिन बाध्य पार्ने गरेका छन् ।

यी कार्यमा कार्यालय प्रमुखदेखि विभागका महानिर्देशक, मन्त्रालय र निकायका सचिव, मन्त्री र प्रधानमन्त्रीको मिलेमतो र सेटिङ हुने गरेको जनगुनासाहरु बाहिर आउने गरेका छन् । यही कारण भ्रष्टाचार न्यूनीकरण र मुलुकमा सुशासन कायम हुन नसकेको जानकारहरु बताउँछन् । ०५२ सालमा सुरु गरिएको 'जनयुद्ध'मा १७ हजार भन्दा बढी जनताको बलिदान भएको थियो । झण्डै एक दशकसम्म चलेको सशस्त्र क्रान्तिका नाममा भएको विध्वँसले ठूलो धनजनको क्षति हुन पुगेको थियो । मुलुक शान्ति प्रक्रियामा आइसकेपछि भएको दुई पटकका संविधान सभा निर्वाचनमा दुई सय अर्ब भन्दा बढी राज्यस्रोत खर्च भएको अनुमान गरिएको छ ।

शान्ति प्रक्रियाको एक दशकपछि जनताका प्रतिनिधिहरूले बनाएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेशी प्रतिनिधित्वको वर्तमान संविधान खारेज गर्न देशी विदेशी शक्तिहरू यतिबेला निकै सक्रिय भएर लागेका छन । लोकतान्त्रिक संविधानको रक्षा गर्दै संविधान कार्यान्वयनको एक दशकको अभ्यासकाक्रममा देखिएका कमी-कमजोरीहरूलाई सुधार गर्दै, जेनजी आन्दोलनको भावनालाई समेट्नु नै अहिलेको राजनीतिक निकास मानिएको थियो । त्यसैलै संवैधानिक प्रकृयाबाटै संविधान संशोधन गरी मुलुकमा राजनीतिक स्थिरता, विकास, सुशासन कायम गर्नुपर्ने दायित्व सरोकारवाला निकायहरुको दायित्व मानिन्छ ।

त्यसपछि कृषि क्षेत्रमा उत्पादन, आत्मनिर्भर, कृषि वस्तुको आयात कम, उर्जा उत्पादन, पर्यटन क्षेत्रको विकास गरी रोजगारी सिर्जना गर्नुको बिकल्प देखिदैन । कृषि, वन, खानी, जडिबुटी र हस्तकलाको उद्योग विकास, निर्यात र नयाँ रोजगारीका क्षेत्र सिर्जना गरी स्वदेशमै युवा पुस्तालाई बस्ने वातावरण बनाउनै पर्छ । सूचना-प्रबिधिको विकास, दक्ष जनशक्ति उत्पादन गरी विदेशमा निर्यात गर्न सकेमा मात्र केही राहत मिल्नेछ । शिक्षा र स्वास्थ्य निःशुल्क, राजस्व बृद्धि, चुहावट नियन्त्रण, भ्रष्टाचार न्यूनीकरण, सुशासन कायम, सुरक्षा निकाय र कर्मचारीतन्त्रलाई बलियो बनाउन सकेमात्र मुलुकको अर्थतन्त्र बालियो बनाउन सकिन्छ ।

# मन्त्रीलाई थाहा नै नदिई झटाझट कर्मचारी सरुवा !

साँघु संवाददाता

काठमाडौं । प्रा. डा. कुमार इङनामले ०८२ मंसिर २८ गते भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको जिम्मेवारी संहालेका थिए । उक्त मन्त्रालयको जिम्मेवारी भनेको मुलुकभरको जग्गा प्रशासन, गरिबी न्यूनीकरण र सहकारी संस्थाहरुको निगरानी गर्नु मुख्य कर्तव्य रहेको बताइन्छ । तर, यी सवालमा मन्त्रालयले खासै काम गर्न नसकेको गुनासाहरु बारम्बार सुनिने गरेका छन् । जसले गर्दा मन्त्रालय र मातहत निकायमा दर्जनौ बेथितिहरु रहेको स्रोत बताउँछ ।

यही कारण विगतमा मन्त्रालयको नेतृत्वमा पुगेका मन्त्री र सचिवहरुले माथि उल्लेखित कार्य भन्दा पनि आफू अनुकूल र फाइदा उठाउन खोज्दा बेथितिहरु न्यूनीकरण हुन नसकेको भनाईहरु आइरहेका छन् । नव नियुक्त मन्त्री इङनामले मन्त्रालय मातहत निकायमा रहेका कमीकमजोरी र गर्नुपर्ने सुधारका बारेमा राम्ररी ब्रिफिङ लिन पाएका छैनन् । तर, २०८२ पुष ४ गते मन्त्रालयबाट दुईजना सहसचिवहरुको गृह मन्त्रालयमा सरुवा गरिएको छ भने दुई जना भित्रिएका छन् ।

रोचक विषय त जबकि मन्त्री इङनामले आफ्नै मन्त्रालयबाट ती सहसचिवहरुको सरुवा हुँदा र नयाँ भित्रिदासमेत सुईंकोसमेत पाउन नसकेको स्रोत बताउछ । आफैं उपस्थित मन्त्रिपरिषद बैठकले गरेको निर्णयबारे अनविज्ञता व्यक्त गर्दै उनले सरुवामा परेका सहसचिवहरुलाई रमाना नदिने र रोक्ने अडान लिएको बताइन्छ । तर, आफैं उपस्थित मन्त्रिपरिषद बैठकले गरेको निर्णय स्वीकार नगर्ने अडान भने केटाकेटीपन भन्दै कर्मचारीहरुले आश्चर्य ब्यक्त गरेका छन् । सरकारले मन्त्रालयको प्रशासन महाशाखा प्रमुख एवम् सहसचिव मदन प्रसाद कोइराला र सहकारी विभागमा कार्यरत र जिष्ट्रार उमेश प्रसाद ढुंगानाको सरुवा गृह मन्त्रालयमा गरेको छ ।


प्रा. डा. कुमार इङनाम

सहसचिवद्वय कोइराला र ढुंगानालाई गृहसचिव रामेश्वर दंगालको आग्रहअनुसार सरुवा गरिएको बुझिएको छ । कोइराला गृहका जानकार र ढुंगाना भने सचिव दंगालको जिल्लाबासी भक्तपुरे भएकोले उनको रोजाईमा परेको बताइएको छ । गृहबाट गोबिन्दप्रसाद रिजाल र राष्ट्रपति कार्यालयबाट सहसचिव सुशील ढकाल भित्रिएका छन् । मन्त्रालयबाट अनुभवी सहसचिवहरु बाहिरिएसँगै नयाँ भित्रिएकाहरुलाई कसरी व्यवस्थापन गर्ने भन्ने सवालमा मन्त्री इङनाम र सचिव मदन भुजेल अन्यौलमा परेको बताइन्छ ।

निवर्तमान भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले सेट गरेका कर्मचारीहरुलाई मन्त्री इङनामले हटाउने हिम्मत गर्न सकिरहेका छैनन् । निवर्तमान मन्त्री अधिकारी आफ्नो स्वार्थपूर्तिका लागि अतिरिक्त लाभ लिंदै कर्मचारीको सरुवा, बढुवादेखि भू-माफियासँग मिलेमतो गरी सार्वजनिक जग्गा दर्तालगायतका कार्यहरु गरेको आरोपसहित बाहिरिएका थिए । अधिकारीले मन्त्रालयको नेतृत्व गर्नासाथ भूमि व्यवस्थापन तथा अभिलेख विभागको महानिर्देशकको जिम्मेवारीमा पाल्पा निवासी सहसचिव शिवप्रसाद रेग्मीलाई खटाएका थिए । जेनजी आन्दोलनपछि प्रधानमन्त्री सुशीला कार्की, अनिल कुमार सिन्हा र भरखरै मन्त्री इङनामले नेतृत्व गर्ने अवसर प्राप्त गरेका छन् । सहसचिव रेग्मीले विभागको नेतृत्व संहालेपछि मन्त्रालयमा तीनजना सचिवहरु फेर बदल भइसकेका छन् । तरपनि डीजी रेग्मीले भने विभागबाट अन्यत्र निकायमा सरुवा हुनु परेको छैन ।

यसैबिच, मन्त्रालयको पछिल्लो चर्चा अनुसार, भूमि व्यवस्थापन विभागको महानिर्देशकबाट सहसचिव रेग्मीलाई मन्त्रालयमा तानेर जग्गा प्रशासन महाशाखाको जिम्मेवारीमा खटाउने योजना रहेको बताइन्छ । उक्त महाशाखामा कार्यरत सहसचिव ध्रुव घिमिरेलाई सहकारी विभाग वा भूमि विभागको नेतृत्वमा खटाउने गृह कार्य मन्त्रालयले गरेको बताइएको छ । मन्त्रालयको गरिबी निवारण महाशाखामा कार्यरत सहसचिव नारायण प्रसाद सापकोटालाई यी दुई विभागमध्ये भूमि व्यवस्थापन महाशाखाको नेतृत्वमा खटाउने योजनामा मन्त्रालयको नेतृत्व पुगेको स्रोत बताउँछ ।

हालै, मन्त्रालयमा भित्रिएका सहसचिवद्वय ढकाल र रिजालमध्ये एकजनालाई प्रशासन महाशाखा प्रमुख र अर्कोलाई भने गरिवी महाशाखामा व्यवस्थापन गर्ने मनसाय सचिव भुजेल र मन्त्री इङनामले राख्दै आएको चर्चा छ । तर, यसअघि यी दुई विभागको नेतृत्वमा जान मन्त्रालयमा कार्यरत सहसचिवहरुको बिचमा ठूलै माथापच्ची चल्ने गरेको भएपनि यसपटक भने वरिष्ठ कर्मचारीहरुले खासै रुची नदेखाएको चर्चा सुनिन्छ ।

# विदेशी नागरिक बल्ल सूचना प्रणालीमा आवद्ध

काठमाडौं । अध्यागमन विभागले नेपाल भ्रमणमा आउने विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली आबद्ध गर्न सुरु गरेको छ । विभागले नेपाल भ्रमण गर्ने विदेशी नागरिकहरुको सुरक्षा, सूचनामा सहजीकरण, सम्भावित अपराध नियन्त्रण र नेपालको पर्यटन प्रबर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले सो प्रणालीमा आवद्ध गराएको जानकारी दिएको छ । विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली विकास गरेको र २०८२ पुस १७ गते बिहीवार अर्थात सन् २०२६ जनवरी १ तारिखदेखि अनिवार्य रुपमा कार्यान्वयनमा लैजाने तयारी बिभागले गरेको बताइन्छ ।

उक्त प्रणालीलाई पहिलो चरणमा काठमाडौं उपत्यकाभित्रका तारे होटलहरुमा अनिवार्य रुपमा लागू गरिने बिभाग स्रोतले जानकारी दिएको छ । दोस्रो चरणमा आगामी २०८२ फागुन १७ देखि मुलुकभित्रका सबै तारे होटल, विमान कम्पनी, टुर्स एण्ड ट्राभल्स कम्पनी, मनी एक्सचेञ्जरहरुमा लागु गर्ने तयारी गरिएको छ । त्यसपछि भने क्रमश सबै प्रकारका होटल, गेष्ट हाउस र अन्य सार्वजनिक तथा निजी संस्थाबाट प्रवाह हुने सेवामा लागू गरिने कार्ययोजना रहेको बिभागस्रोतले बताएको छ । यस सूचना प्रणालीको कार्यान्वयनको प्रभावकारिताका लागि विदेशी नागरिकहरुलाई सेवा प्रदान गर्ने सबै निकायहरु प्रणालीमा दर्ता हुनुपर्ने विभागको भनाई रहेको छ ।

यो प्रणाली कार्यान्वयनको लागि छोटो अवधि मात्र बाँकी रहेको र हालसम्म प्रणालीमा आबद्ध भएका निकायहरुको संख्या न्यून रहेको बताइन्छ । त्यसैले यथाशीघ्र आबद्धताको लागि सवैपक्षसँग बिभागले अनुरोधसमेत गरेको छ । पहिलो चरणमा उपत्यकाका तारे होटेलहरुमा अनिवार्य लागू गर्ने भए तापनि विदेशी नागरिकहरुलाई सेवा प्रवाह गर्ने सबै सार्वजनिक संस्था एवम् निजी कम्पनीहरु अग्रिम रुपमा यस प्रणालीमा आबद्ध हुन बिभागले आव्हानसमेत गरेको छ ।

# बरण्डामा अझै तीन सय कर्मचारी अलपत्र !
## उपसचिवहरुको सरुवामा 'शुभलाभ खेती'

काठमाडौं । सरकारले निजामती ऐन कानूनअनुसार कर्मचारीहरूको व्यवस्थापन गर्न नसक्दा सुशासन पक्षधर अन्तरिम प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकार पनि पुरानै ढर्रामा चलेको गुनासो बाहिर आएको छ । कर्मचारी प्रशासन बुझेका र अर्थ सचिवबाट अवकास लिएका रामेश्वर प्रसाद खनालले हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयकोसमेत कार्यभार संहाल्दै आएका छन् । तर, उनै सक्षम र अनुभवी मन्त्री भनिएका खनालकै समयमा पनि उक्त मन्त्रालयमा तीन सय भन्दा बढी कर्मचारीहरूले जिम्मेवारी नपाउँदा बरण्डामा बसेर दिन कटाउने गरेको मन्त्रालय स्रोतले जानकारी दिएको छ ।

निजामती सेवा ऐन र नियमावली अनुसार उनीहरुले न्यायिक, निष्पक्ष र पारदर्शी ढंगले जिम्मेवारी पाउनुपर्ने उनीहरुको हक अधिकार हो । तर, अनुभवी, सु-शासनका पक्षधर भनेर प्रचार गरिएका मन्त्री खनालको पालामा उक्त संख्याका कर्मचारीहरूले मन्त्रालयको बरण्डामा हाजिर गर्दै काम नगरी दिन काट्न र तलब खान बाध्य छन । आन्तरिक राजस्व विभाग अन्तर्गतका ३३ वटा आन्तरिक राजस्व सेवा कार्यालय खारेजीमा परेपछि मन्त्रालयको अतिरिक्त समूहमा कर्मचारी थन्किन बाध्य भएको स्रोत बताउँछ । कार्यालय सहायक, खरिदार, नासु, शाखा अधिकृत, उपसचिव, सहसचिवस्तरका कर्मचारीहरू दिनहुँ मन्त्रालयमा पुगेर हाजिर लगाउने र सिंहदरवार परिसरका क्यान्टिनमा चिया खाजा खाएर घर फर्किने गरेका छन् ।

राजश्व अनुसन्धान विभागलाई अर्थ मन्त्रालयमातहत ल्याएपछि प्रशासन समूह अन्तर्गतका प्राय कर्मचारीहरुलाई सामान्यको बरण्डामा थन्क्याइएको छ ती निकायहरुमा भने राजश्व समूहका कर्मचारीलाई खटाइएको छ । राजश्व विभागबाट सामान्यमा थन्काइएका उपसचिव राजन बिसी, प्रकाश पोखरेललगायत पाँच जना रहेको बताइन्छ । यसैगरी, २०८२ पुस ११ गते शुक्रवार मात्र मन्त्रालयले बैदेशिक रोजगार विभागमा कार्यरत उपसचिव लवराज जोशीलाई सरुवा गरेर अतिरिक्त समूहमा थन्क्याएको छ ।

रक्षा मन्त्रालयबाट उपसचिव झनककुमार खत्री, सिन्धुपाल्चोक चौतारा साँगा चोकगढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट सरुवा गरेर महेन्द्रकुमार सापकोटा, काभ्रेको पनौती नगरपालिकाबाट दामोदर शर्मालाई मन्त्रालयमा सरुवा गरी बरण्डामा राखिएको छ । अन्यत्र निकायबाट मन्त्रालयमा सरुवा गरी अतिरिक्त समूहमा थन्काउनेक्रम निरन्तर चलिरहेको जानकार स्रोत बताउँछ । मन्त्रालयले २०८२ पुस ११ गते शुक्रवार मात्र ३० जना उपसचिवको सरूवा र कामकाजमा खटाएको हो । जसमा २० जनाको सरूवा र १० जनाको कामकाज सरूवा गरेको मन्त्रालयले जनाएको छ ।

कतिपयलाई रिक्त दरबन्दीमा सरूवा नगरी कामकाज खटाएर प्रिपेड असुली गर्न खोजेको आरोप पीडित कर्मचारीहरुले लगाएका छन् । कामकाज सरूवा भएका उनीहरूले सचिव चन्द्रकला पौडेल र प्रशासन महाशाखा प्रमुख सहसचिव पार्वती शर्मासमक्ष गुनासो गर्दै असन्तुष्टि पोखेको बताइन्छ । त्यसरी गरिएको सरूवामा पनि चारजना उपसचिवलाई अतिरिक्त समूहमा थन्क्याइएको छ । विभिन्न नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत रिक्त रहँदारहँदै पनि चारजना उपसचिवलाई अतिरिक्तमा थन्क्याउँदा सुशासनको रटान दिने जेन-जी मन्त्रीहरुले कुनै पश्चाप गरेको पाइँदैन ।

अर्थ मन्त्रालयकोसमेत जिम्मेवारी संहालेका, आफूलाई सक्षम र अनुभवी ठान्ने मन्त्री खनाल र सचिव पौडेलले न्यायिक, निष्पक्ष सरुवा गरेको पाइएन । मन्त्री र सचिवले पनि सामान्यको बेथितिको विषयमा लज्जाबोध गरेको महसुस कर्मचारीहरुले गर्न नसकेको चर्चा सुनिन्छ । श्रम मन्त्रालयबाट २०८२ पुस ११ गते शुक्रवार उपसचिवहरुको सरुवा गर्दा चारजनालाई बरण्डामा थन्क्याइएको छ ।

सामान्यले उपसचिव उपेन्द्रराज पौडेललाई पुस ११ गते शुक्रवार वैदेशिक रोजगार विभागबाट गृह मन्त्रालयमा सरूवा गरेको थियो । म्याग्दीको प्रजिअबाट तानेर गृहको बरण्डामा हाजिर गर्दै आएका निवर्तमान गृहमन्त्री रमेश लेखकका निजी सचिवसमेत भएर काम गरेका उपसचिव बद्रीप्रसाद तिवारीलाई २०८२ पुस ११ गते शुक्रवार नै गृह जिल्ला पर्वतको जिल्ला समन्वय समितिमा खटाएको छ । जिल्ला समन्वय समिति कार्यरत पर्वत निवासी उपसचिव किरण पौडेललाई भने कुश्मा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको निम्मेवारीमा खटाइएको छ ।

यस्तै सामान्यको अतिरिक्त समूहमा रहेका उपसचिवद्वय कृष्णकुमारी गौली तिवारी र राजेश्वरी खत्री सापकोटाकालाई भने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सरुवा गरिएको छ । यी दुवैजनालाई वैदेशिक रोजगार विभागमा खटाउने योजना मन्त्रालयको रहेको चर्चा छ । भरखरै मात्र विभागको नेतृत्व संहालेकी महानिर्देशक मिरा आचार्यको रोजाईमा उनीहरुलाई सो मन्त्रालयमा सरुवा गरिएको बताइन्छ । राजश्व अनुसन्धान विभागबाट दुई महिना अगाडि सामान्यको बरण्डामा थन्किएका उपसचिव विवेक घिमिरेलाई पनि सोही मन्त्रालयमा सरुवा गरिएको छ । कम्पनी रजिष्ट्रारको कार्यालयबाट मन्त्रालयमा पुगेका सोमराज बरालले पनि एक महिना भन्दा बढी समयदेखि बरण्डामा हाजिर गर्दै आएका थिए ।

बराललाई पुस ११ गते शुक्रवार नेपाल ट्रष्टको कार्यालयमा सरुवा गरिएको छ । उपसचिवहरु मुकुन्द शर्माको खानेपानी मन्त्रालय, पुरूषोत्तम घिमिरेको चौतारा साँगागढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा र धर्मानन्द जोशीको पर्साको पोखरिया नगरपालिकामा सरुवा गरिएको छ । अतिरिक्त समूहमा रहेका ७ जना उपसचिवहरूले लामो समयपछि जिम्मेवारी पाउन सफल भएका छन् ।

सामान्यले उपसचिव हिरालाल चौधरीलाई सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री कार्यालयबाट जीतपुर सिमरा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा सरुवा गरेको छ । यमकान्त पाण्डेयलाई मुसिकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट सोही पदमा बुद्धभूमि नगरपालिका कपिलवस्तुमा खटाएको बताइन्छ । उपसचिव बोखिराम ओलीलाई त्रिपुरासुन्दरी नगरपालिका डोल्पाको प्रमुख प्रशासकीय अधिकृतबाट सोही पदमा पनौती नगरपालिका काभ्रेमा सरूवा गरिएको छ । यस्तै बुढीगंगा नगरपालिका बाजुराका प्रमुख प्रशासकीय अधिकृत अम्मरराज जोशीलाई अन्यायपूर्व दुर्गमबाट पुन बाजुराको बुंगल नगरपालिकामा सरूवा गरिएको बताइन्छ ।

उता, कलैया उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीबाट उपसचिव नाथु साहलाई भोजपुर नगरपालिकामामा खटाइएको छ । पोखरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामविनय कुमार सिंहलाई मन्त्रालयले कलैया उपमहानगरपालिकामा सरुवा गरी पुस्कृत गरेको छ । यो सरूवामा पनि 'शुभलाभ'को खेती गरिएको आशंका मन्त्रालयका कर्मचारीले गरेका छन् । उपसचिव बासुदेव भट्टराईलाई बुद्धभूमि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट खानेपानी मन्त्रालयमा सरुवा गरिएको छ । राधा देवकोटा उपाध्यायको सिम्रौनगढ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा सिंहदरवारमा सरुवा गरिएको छ ।

अछामको साफेबगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट अर्जुनसेन ओली संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयम भित्रिन सफल भएका छन । रामआषिश दासको शहरी विकास मन्त्रालयबाट पर्यटन मन्त्रालय, दीपककुमार थापाको सामान्यबाट वन तथा बातावरण मन्त्रालयमा सरुवा गरिएको छ । उपसचिव धर्मा अर्याल बेलवासेलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा खटाइएको छ । मनोज कुमार सैनी भने भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट श्रम मन्त्रालयमा जम्प हान्न सफल भएका छन् ।

उपसचिव भक्तराज जोशीलाई खानेपानी मन्त्रालयबाट कैलालीको गौरीगंगा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीमा खटाइएको छ । हेमकुमार ढकालको जाजरकोट छेडगाड नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सरुवा भएको छ ।



# अर्थात् : जेमन्त



– शरदराज गौतम –

*मुलुकको मनोराजनैतिक चेतमा*
*फागुन २१ ले गहिरो खोंच बनाउँदै लग्दो छ ।*
*मुलुकको राजनैतिक चेतलाई लिएर*
*सुतुरमुर्ग हुनु बेग्लै कुरा हो ।*
*तर, आँखाले देखिएको कुरा हो,*
*फागुन २१ गतेलाई संविधानले मात्रै चिन्दो बनाइदैछ ।*
*अरु कसैले चिन्न नखोज्ने फागुन २१ लाई लिएर*
*राष्ट्रपति वा प्रधानमन्त्रीले के गीत गाउने ?*
*फाटेको बोट्टिस !*
*भए लाउने नभए त्यसै हल्लाउने ।*
*पूर्वी पहाडका गाउँमा घाँसे चेलीहरु यसै भन्छन् ।*
*ह्वाट इज दिस*
*फाटेको बोट्टिस*
*भए लाउने नभए, त्यसै हल्लाउने ।*
*संवैधानिक दलहरु यसको संवैधानिकतामा अलमल गर्दछन् ।*
*सिङ्गो नागरिक समाज भाते भाको छ ।*
*जसले भात पस्कियो, उसैको जय जयकार ।*
*यहीँनेर आफ्नो समय सीमा आउनु अघि नै*
*फागुन २१ गहिरो खोंचमा भास्सिदो भएको, त्यसैले हो ।*
*सुशासन र भष्ट्राचारमुक्त मुलुक खोज्न निस्किएकाहरु पनि*
*फागुन २१ को समय सीमामा अलमलिन्छन् भने*
*निश्चित छ, मुलुकसित थोरै विकल्प खुम्चिन्छ ।*
*कि विखण्डन, होइन भने विघटन ।*
*भूराजनीतिले दुबै हुन दिंदैन भने*
*मुलुक फेरि कलौंटे राष्ट्रवादको फन्दामा पर्ने निश्चित छ ।*
*यो मुलुकमा कलौंटे राष्ट्रवादीहरुको वैधानिक पुर्ख्यौंली छ ।*
*जो गोर्खाली साम्राज्यको वैधानिकतामा*
*मुलुकमा स्थिरता देख्दछ र शान्ति पनि ।*
*तिनलाई काठमाण्डौंमा चहकिलो घाम लागे*
*देशै रमाइलो ।*
*फागुन २१ लाई यतिखेर संविधानले मात्रै चिन्छ भन्ने देखाइदैछ ।*
*यससित राष्ट्रपति, राष्ट्रिय सभा, सरकार र संवैधानिक संयत्रहरु*
*बेफिक, गैरजिम्मेदार र बाइफाले हुने हो भने*
*यो सरासर २०८२ भदौ २३ र २४ को बर्खिलाप हुन्छ ।*
*र, त्यै बर्खिलापले मुलुकमा भित्रिने भनेकै*
*अराजकता, घात प्रतिघात र प्रतिशोध मात्रै हो ।*
*सामाजिक सञ्जालसित जोडिएर नबसेका*
*सिङ्गो भुइँ मान्छेसित कुनै अपरान्ह*
*घामको पहार तापेर बस्नुस्, कि*
*तपाईंलाई मुलुक भित्र भित्रै हुर्किदैं गरेको*
*विघटनको घुन पत्तो लाग्ने छ ।*
*यस्तोमा,*
*हरेकसित अभिमत, व्याख्या र निष्कर्ष हुनु*
*समाधान हुँदै होइन ।*
*टुप्पाबाट उम्रिएका बुद्धिजीवी, राजनैतिक विश्लेषक र नागरिक अगुवा*
*सबका सब आफ्ना मालिक खुस पार्न मस्त छन् ।*
*तिनलाई सापेक्षतामा एउटा एउटा मकुण्डो दिन सकिन्छ ।*
*तर, फागुन २१ मा आए पछि*
*ती सबै अदृश्य विरुपाक्ष हुन पुग्दछन् ।*
*फागुन २१ लाई लिएर मुलुक नजोडिने हो भने*
*मुलुकमा भित्रिने विखण्डन, विभाजन र विघटनको*
*जिम्मा लिन तयार हुनु पर्दछ ।*
*आजको दिनमा,*
*मुलुकको मनोसामाजिक सम्वादसित*
*जोडिनु मात्र समाधान हो ।*
*र, त्यो सम्वाद फागुन २१ मात्रै हुन सक्छ ।*
*नत्र, हिमालहरु त्यहीं रहिरहनेछन्*
*नदीनाला, फाँट र खलिहान*
*सबका सब त्यहीं नै रहनेछन ।*
*न हुने भनेको नेपाली परिचय मात्रै हो ।*
*मेरो विचारमा, कम्तीमा फागुन २१ सबका लागि*
*नेपाली परिचय जगाउने धरोहरमा सामेल हुने*
*समाधानसित जोडिने बनाउने महान अवसर हो ।*
*र, त्यति मात्रै हो ।*

## रवि–बालेन...

**माओवादी र कांग्रेसको सहमति**

अर्कोतर्फ, प्रचण्ड नेतृत्वको नेकपा माओवादी समेत विघटन भई बनेको नेपाली कम्युनिस्ट पार्टीका संयोजक प्रचण्ड र शेरबहादुर देउवाबीच जसरी पनि निर्वाचन गर्ने सन्दर्भमा मत मिलेको देखिन्छ ।

**गठबन्धनका विकल्प**

निर्वाचनमा नेपाली कांग्रेसलाई गठबन्धनका विभिन्न अवसरहरू प्राप्त छन् । नयाँ गठन भएको नेपाली कम्युनिस्ट पार्टीमा माधव कुमार नेपाल समेत समाहित भए तापनि जनस्तरमा उनीहरूको खास पकड छैन । उक्त पार्टीको नेकपा एमालेसँग तालमेल हुने सम्भावना पनि देखिँदैन ।

**पुराना शक्ति एकजुट हुने संकेत**

यदि रास्वपा, बालेन, हर्क साम्पाङ र कुलमान घिसिङहरूले पुराना शक्तिलाई निषेधको राजनीति गर्न खोजेमा पुराना शक्तिहरू एकजुट हुनुपर्ने बाध्यता आउन सक्छ ।

**नयाँ शक्ति कमजोर हुने खतरा**

जसरी २०८१ चैत १५ गते दुर्गा प्रसाईं र राजावादीहरूले तीनकुनेमा आमसभा गर्दा गणतन्त्रवादी शक्तिहरू एकजुट भई भृकुटीमण्डपमा प्रदर्शन गरेका थिए, त्यसैगरी अहिले पनि गणतन्त्र र संविधानको रक्षाका लागि कांग्रेस, एमाले र माओवादी एक ठाउँमा उभिन पनि सक्छन् । यस्तो तालमेल भएमा नयाँ शक्तिले पुराना शक्तिलाई सजिलै घुँडा टेकाउन सक्ने छैनन् ।

**कुलमानको राजनीतिक सीमाना**

कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टी भर्खरै दर्ता भएको हो । एकातिर यस दलको स्पष्ट राजनीतिक सोच र खाका छैन भने अर्कोतर्फ यसको नेतृत्वमा कुनै अनुभवी राजनीतिक व्यक्तित्व नभई कर्मचारी, कलाकार र कथाकार जस्ता व्यक्तिहरू रहेका छन् ।

**राजनीतिक आलोचना र जोखिम**

विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकलाई राजनीतिक दलहरूले आफ्नो स्वार्थका लागि संसदमा पक्ष-विपक्षको बहसको केन्द्र बनाउँदै चर्चाको शिखरमा पुऱ्याइदिएका मात्र हुन् । एकल निर्वाचनमा जाँदा कुलमानलगायत एक-दुई जनाले केही सिट जित्न सक्लान्, तर संगठन नै नभएका कारण रास्वपाले जस्तो राजनीतिक छलाङ मार्ने सम्भावना भने देखिँदैन ।

**कुलमान–हर्क दूरी**

कुलमान घिसिङ र हर्क साम्पाङ बीच पनि विगतमा छलफल भएको थियो, तर हर्कले कुलमानलाई त्यति महत्व दिएनन् । कुलमानले बढी महत्वाकांक्षा बोकेका कारण पनि उनी कुनै समूहमा मिल्न नसकेको अनुमान गरिएको छ ।

**प्रचण्डको कडा टिप्पणी**

अर्कोतर्फ, 'नेपाली कम्युनिस्ट पार्टी' का संयोजक प्रचण्डले कुलमानलाई "जुन थालमा भात खायो, त्यसैमा प्वाल पारेर हिँड्ने धोकेबाज" भनी सार्वजनिक रूपमा टिप्पणी गरेका छन् । यदि कुलमानको विपक्षमा तत्कालीन माओवादी लगायतका पुराना शक्तिहरू खनिए भने उनको राजनीतिक भविष्य संकटमा पर्न सक्छ ।

**सत्ता खेलमै नयाँ शक्ति**

अन्ततः पुराना पार्टीहरू सत्ता संघर्षकै कारण कमजोर भइरहेका बेला नयाँ शक्तिहरू पनि सोही सत्ता र शक्तिको खेलमा लागेका देखिन्छन् ।

**इतिहास दोहोरिन्छ ?**

पुराना दलहरूलाई जति नै निषेध गरे पनि २०४६ सालको जनआन्दोलन पछिको राष्ट्रिय प्रजातन्त्र पार्टीको जस्तो कन्तबिजोग भने हुने छैन । नयाँ शक्ति भन्नेहरूले पनि अझै त्यो स्तरको सामर्थ्य र संगठन आर्जन गरिसकेका छैनन् ।

**विदेशी 'गोटी' को आरोप**

नयाँ शक्तिहरू विदेशीको 'गोटी' बनेर परिचालित भएको आरोप र आशंका पनि व्याप्त छ । विदेशी शक्तिहरूले पुराना दलहरूलाई समाप्त गरी नयाँ वर्चस्व खडा गर्न खोजेको अड्कल काटिएको छ ।

**एमालेको सन्देश**

यदि यसो हो भने पुराना दलहरू एक ठाउँमा आउन सक्छन् । यसको सङ्केत नेकपा एमालेका महासचिव शङ्कर पोखरेलले २०८२ पुस १३ गते आइतबार पोस्ट गरेको एक सन्देशबाट पनि स्पष्ट हुन्छ । यद्यपि, वास्तविक चित्र हेर्न केही समय कुर्नु पर्नेछ ।

**रहस्यमय र विवादित पात्र**

नेपालको राजनीतिमा उदाएका नयाँशक्ति भनिएकाहरु मध्ये बालेन रहस्यमय पात्र रहेका छन् भने रबि लामिछाने विवादित पात्रका रुपमा चिनिएका छन् । कुलमान घिसिङ नैतिकरुपमा पनि पुराना दल र पुरानो सत्तामा तरमारेका विवादित व्यक्ति भएकाले उनलाई पुराना दलहरुले धोकेवाजको रुपमा चित्रित गरिरहेकाले यिनीहरुको भविष्य अत्यन्त जोखिमपूर्ण र परीक्षणको घडीमा रहेको छ ।

**मधेसवादी दलहरूको मौनता**

यत्रो राजनीतिक चहलपहलमा मधेसवादी दलहरू भने मौनता साँधेर बसेका छन् । उनीहरूमध्ये कसैले नयाँ पुस्ता खडा गरेर निर्वाचनमा जाने तयारी गरिरहेका छन् भने केहीले पुराना दलहरूसँग सहकार्य गर्ने सम्भावना छ ।

**निर्णायक घडी**

जे भए पनि निर्वाचन हुने निश्चित जस्तै छ । नयाँ र पुराना शक्ति बीचको भिडन्तले कस्तो नतिजा निकाल्छ भन्ने कुरा समानुपातिकको सूची र प्रत्यक्षतर्फको समीकरणका आधारमा मात्र भन्न सकिनेछ ।

**निषेधको राजनीतिमा जोखिम**

पुरानो संगठन र राजनीतिक विचारका कारण संसदीय निर्वाचनमा मतदाताहरू स्थानीय निर्वाचनमा जस्तै गरी नहल्लिन सक्छन् । निष्ठावान कार्यकर्ताहरूले नेताले गल्ती गरे पनि पार्टी र सिद्धान्त जोगाउन लाग्ने अनुमान गर्न सकिन्छ ।

**अन्तिम चेतावनी**

मुलुक सञ्चालनका लागि पुराना नेताहरूको अनुभव र नयाँ नेतृत्वको ऊर्जाको मिलन आवश्यक छ । निषेधको राजनीति गरेमा राजनीति अर्केको पोल्टामा पुग्न सक्छ र नेपालीहरू केवल दर्शक मात्र बन्नुपर्ने जोखिम रहन्छ ।

## बाबुराम–बालेनको...

दीर्घकालीन राजनीतिक संरचना निर्माणतर्फ उन्मुख हुने छ ।" यही कारण दुवै पक्ष हाल सार्वजनिक रूपमा मौन देखिए पनि भित्रभित्रै तयारी तीव्र पारिएको दाबी गरिएको छ । औपचारिक घोषणा नभए पनि स्रोतहरूका निरन्तर दाबी, दिल्ली-काठमाडौं आवतजावत र कार्य-विभाजनको चर्चा हेर्दा आगामी निर्वाचनअघि नै नयाँ राजनीतिक ध्रुव देखिन सक्ने संकेत देखिएको राजनीतिक विश्लेषकहरूको बुझाइ छ ।

**बाबुराम–बालेन किन र कसरी ?**

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र राजनीतिक रुपमा अभिभावक नभेटेका काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) बीच देखिएको बढ्दो नजिकियतलाई केवल व्यक्तिगत भेटघाटको रूपमा मात्रै लिन सकिँदैन । यसको पछाडि समय, परिस्थिति र राजनीतिक आवश्यकताको संयोजन देखिन्छ ।

**किन बाबुराम ?**

डा. भट्टराई लामो समयदेखि स्थापित दलहरूको सीमाबाट बाहिर निस्केर नयाँ वैकल्पिक राजनीतिक शक्ति निर्माणको वकालत दस वर्षदेखि गर्दै आएका नेता हुन् । उनीसँग

- राष्ट्रिय राजनीतिमा प्रधानमन्त्रीको अनुभव
- अन्तर्राष्ट्रिय राजनीतिक पहुँच
- वैचारिक र बौद्धिक सञ्जाल
- दिल्ली केन्द्रित कूटनीतिक सम्पर्क छ ।

स्थापित दलहरू कमजोर बन्दै गएको अवस्थामा भट्टराई नयाँ 'फ्रन्ट' खोजिरहेका छन् भन्ने विश्लेषण राजनीतिक वृत्तमा छ ।

**बालेनलाई डा. भट्टराई किन आवश्यक ?**

बालेन पछिल्ला वर्षहरूमा पार्टी संरचनाबाहिरको सबैभन्दा लोकप्रिय अनुहार बनेका छन् । तर, उनका लागि परिपक्व राजनीतिक गुरुको अति आवश्यकता रहेको थियो । २०४७ सालमा तत्कालीन मालेका युवा महासचिव मदन भण्डारीले अभिभावकको रुपमा मनमोहन अधिकारी, भारतमोहन अधिकारी र सहाना प्रधानलाई (एमाले पार्टी बनाएर) भित्र्याएर निर्वाचनमा होमिएका थिए । अहिले बालेन शाह पनि अभिभावकविहीन रहेका छन् । तर, अहिले बालेनको राजनीतिक शक्तिका रुपमा निम्न आधार रहेका छन् ।

- शहरी युवा मतदाता,
- एण्टी-इस्टाब्लिस्मेन्ट छवि
- स्वतन्त्र निर्णय गर्ने शैली

-परम्परागत राजनीतिप्रति असन्तुष्ट जनमत, उनको मुख्य शक्ति हो । तर, बालेनसँग अझै राष्ट्रिय संगठन, क्याडर संरचना र अन्तर्राष्ट्रिय राजनीतिक नेटवर्क कमजोर रहेको छ ।

**कसरी जोडिँदैछन् ?**

स्रोतहरूको दाबी अनुसार यही कमजोरी-शक्तिको पूरक सम्बन्धले बाबुराम-बालेनलाई नजिक ल्याएको हो । भित्रभित्रै तय भएको भनिएको कार्य-विभाजनले यसलाई पुष्टि गर्छः

आन्तरिक राजनीति, उम्मेदवार छनोट र संगठन विस्तार → बालेन समूह

अन्तर्राष्ट्रिय राजनीतिक लाइन र कूटनीतिक समन्वय → भट्टराई

यसरी हेर्दा यो सहकार्य व्यक्तिगत मित्रता होइन, रणनीतिक गठजोड जस्तो देखिन्छ ।

**के बन्न सक्छ ?**

राजनीतिक विश्लेषकहरूका अनुसार यदि यो सहकार्य औपचारिक रूप लिन्छ भने

- नयाँ पार्टी वा प्लेटफर्म
- स्वतन्त्र र असन्तुष्ट समूहहरूको ध्रुवीकरण
- पुराना दलको मत आधारमा विभाजन जस्ता असर देखिन सक्छन् ।

तर जोखिम पनि उत्तिकै छन् । बालेनको स्वतन्त्र छवि र डा. भट्टराईको पुरानो राजनीतिक इतिहासबीच सन्तुलन नमिल्दा सहकार्य टिकाउ नहुन सक्ने चेतावनी पनि छ ।

**निष्कर्ष** : बाबुराम-बालेनको सम्भावित सहकार्य पुरानो राजनीतिक संरचनाप्रति चुनौती र नयाँ शक्ति निर्माणको प्रयोग दुवै हो । सफल हुने-नहुने प्रश्न खुलै छ, तर स्रोतहरूको गतिविधि र भेटघाटले आगामी निर्वाचनअघि नेपाली राजनीतिमा नयाँ तरंग आउने सम्भावना बलियो बनेको देखिन्छ ।

## बालेन–रवि मिलन :...

मुख्य चर्चा र विश्लेषणको पाटो भनेको रवि र बालेनको सहकार्य कति लामो जान सक्छ ? भन्ने हो ।

उनीहरुको सहकार्य लामो र केही चुनावहरुसम्म तन्किने अवस्था बन्यो भने नेपालको राजनीतिक परिदृश्य नै फेरिनेछ सम्भावना छ । तर, नेपालको राजनीतिमा त्यति सजिलै अरुले दललाई इग्नोर गर्न पनि सकिँदैन । नेपालमा भइरहेको नयाँ भर्सेस पुराना दलको भाष्यका कारणले पनि यो परि स्थिति फेरिने अनुमान भइरहेका बेलामा पुरानालाई इग्नोर गर्न सकिँदैन भन्ने चाहिँ माओवादीको उदय र पतनलाई पनि हेर्न सकिन्छ । अहिलेको जुन शक्ति बन्न खोजेको छ, त्योभन्दा निकै ठूलो शक्तिसहित माओवादी शहरमा आएको थियो । केन्द्रीय राजनीतिको खेलाडी बनेको थियो । तर, पछिल्ला दिनमा उसले गुमाउँदै गएको शक्ति र विश्वासलाई पनि विश्लेषण गर्नुपर्ने हुन्छ ।

एमाले र कांग्रेसले पनि विगतभन्दा विश्वास गुमाउँदै गएको स्वभाविक रुपमा देखिन्छ । त्यो विश्वास अहिलेकै चुनावमा आर्जन गर्न सक्नेजस्तो देखिएको छैन । त्यसैले, एउटा चुनावसम्म एमाले र कांग्रेसलाई धक्का लाग्ने अनुमान चाहिँ गर्न सकिन्छ । त्यो धक्कालाई एमाले र कांग्रेसको प्रतिक्रिया कस्तो हुन्छ ? भन्ने पनि पनि जनअभिमत पनि देखाउने छ ।

त्यसो त, रवि र बालेनको मनोविज्ञान युद्धकालीन माओवादीजस्तो देखिन्छ । त्यसले नेपालको राजनीतिमा स्थायित्य दिने संभावना भने कम देखिन्छ । समाजलाई थप भयभित बनाउने, भूराजनीतिक संवेदनशीलता बढाउने र नेपालको सार्वभौमसत्तामा प्रश्न उठाउने काम चाहिँ गरेको देखिन्छ । त्यसैले, अहिले नेपालको सन्दर्भमा उनीहरुको एकता वा मिलनलाई सजगताका साथ हेर्नुपर्ने विश्लेषण पनि भइरहेको छ । यसले नयाँहरु के चाहन्छन् ? वा गर्दैछन् ? भन्ने देखाउन पनि सजिलो हुनेछ । त्यसैले, उनीहरु संस्थागत हुन नपाउँदै जसरी सत्ताको शिरमा पुग्ने सपनामा छन्, त्यसले पनि उनीहरुको दीर्घकालीन सहकार्यमा प्रश्न भने उठाउनेछ । यो जीत वा हारको कुरा भन्दा पनि उनीहरुले दिने नीति, कार्यक्रम र योजनाले देशको मार्गचित्र कस्तो हुनेछ ? भन्ने देखाउनुपर्ने बाध्यतामा रहेका छन् । अहिले देश बनाउने नीति, कार्यक्रम र योजनाभन्दा पनि पुरानालाई गाली गर्नु नै शक्ति आर्जन गर्ने माध्यम बनेको छ । सामाजिक सञ्जालको प्रयोगमार्फत पुराना दललाई गाली गर्नु नै नयाँ नीतिजस्तो बन्ने अवस्थालाई अब रवि र बालेनले कसरी चिर्न सक्छन् ? भन्ने मूल प्रश्न रहेको छ ।

नेपालको विकासको नीति, अन्तर्राष्ट्रिय सम्बन्ध, सुरक्षा नीतिको विषयमा पनि उनीहरु प्रष्ट देखिएका छैनन् । उनीहरुको अप्रष्टताले नेपालको राजनीति सङ्लिन दिने संभावना कम हुन्छ । त्यसैले, अहिले नेपाल आन्तरिक रुपमा निकै कमजोर अवस्थामा रहेको छ भने भूराजनीतिक रुपले पनि चेपुवामा परेको छ । यस्तो बेलामा रवि र बालेनको भूमिका देशको अन्तर र्ष्ट्रिय सम्बन्ध, सुरक्षा, आर्थिक विकाससँग जोडिएका नीतिको प्रष्टता आउने कुरामा हुनु पर्ने पनि विश्लेषण भइरहेको छ । उनीहरुको मिलनले चुनावको बाटो तय गर्ने संभावना भने बनाएको छ । जेनजीको नाममा देखिएको असन्तुष्टहरु उनीसँग संकेन्द्रीत हुने संभावना रहेको छ ।

## गुप्तचरका...

स्रोतले जानकारी दिएको छ ।

त्यसकारण गुप्तचरका डीएसपीदेखि एआईजीसम्मको बढुवाको गाँठोसम्म फुकेको बताइन्छ । तरपनि ऐन र नियमावली संशोधन नहुँदा विभागका कर्मचारीहरूले मंसिर महिनाको तलव खान भने पाएका छैनन् । बिभागले प्रधानमन्त्री मातहत कार्यालयको यसअघिको परिचयपत्र कार्ड कर्मचारीहरूबाट फिर्ता गर्न सर्कुलर जारी गरिएको छ । तर, बिभागले नयाँ कार्ड बनाएर पठाउन भने सकेको छैन । विभागमा २ हजार २ सय ६५ स्थायी कर्मचारी र करिव ५ सयजना मासिक १० हजार तलव पाउने गरी एजेन्ट परिचालित गरिदै आएको विभाग स्रोतले जानकारी दिएको छ ।

सामान्य नागरिक, पत्रकारको मोवाइलको ट्रयाक र रेकर्ड गर्ने राष्ट्रिय अनुसन्धान विभागले गर्दै आएको छ । नेपाल प्रहरीले आफ्नै गृह सचिव रामेश्वर दंगालको टेलिफोन र मोवाइलको कुराकानीको साउण्ड र ट्रयाक रेकर्ड चाहिँ कहिले गर्छ भन्ने प्रश्न मन्त्रालयकै कर्मचारीहरूले गरिरहेका छन् ।

तरपनि, यसैसाता गौरी बहादुर कार्की संयोजकको न्यायिक जाँचबुझ आयोगले अध्यक्षलाई बयानका लागि बोलाउने तयारी गरिएको छ । उनलाई ७ दिने पत्र काटने तयारी भइरहेको छ । अध्यक्ष ओलीलाई आयोगले सुरक्षाको कारण देखाउदै निवासमै गएर बयान लिने चाँजोपाँजो पनि सचिव दंगालले मिलाउन लागेको स्रोत बताउँछ ।

## पत्रकारका...

दैनिकका पत्रकार दिलीप पौडेल मुलुकको सवैभन्दा ठूलो पत्रकारको संगठन नेपाल प्रेस यूनियनका महासचिव रहेका छन् । अर्का पत्रकार बालकृष्ण अधिकारी पनि प्रेस काउन्सिलको सदस्य र प्रदेश प्रतिष्ठानको निवर्तमान अध्यक्ष हुन् ।

नागरिक दैनिकबाटै पत्रकारका नेताका रुपमा स्थापित रमेश खतिवडा यतिबेला नेपाल पत्रकार महासंघका सचिव नै छन् । महासंघकी केन्द्रीय सदस्य रुवी रौनियार पनि नागरिक दैनिकमा आवद्ध पत्रकार हुन् । उनी शिक्षा पत्रकार समूहकी उपाध्यक्ष समेत हुन् । बाहिर हेर्दा जिल्ला र प्रदेशहरुमा पनि नागरिकका पत्रकार नेताको भिडभाड नै देखिन्छ । तर पत्रकारको हकहितमा काम गर्न चुँ समेत गर्दैनन् । यसरी चुनावमा जिताएका पत्रकारका नेताहरुले नै मालिकलाई दबाब दिन नसकेर हरितन्नम् बनेको आक्रोश समेत श्रमजीवी पत्रकारले पोख्न थालेका छन् ।

'संपादक र पत्रकारका आधादर्जन नेताहरु मौन बसिदिने, दिनरात गोरु जोताई गरेर धक्ने पत्रकारहरु गहभरी आँशु पारेर मिचिनुपर्ने अवस्था आयो,' नागरिक दैनिकमा कार्यरत पत्रकार यसो भन्छन् । पत्रकारको यस्तो नाजुक अवस्था हुँदा पनि मिडियाका समस्यामा प्रधान संपादक र पत्रकारका नेताहरु किन मूकदर्शक बनेका हुन् भनेर आश्चर्य उत्पन्न भएको छ । यस्तो अवस्थामा नेपाल पत्रकार महासंघले पनि अझैसम्म श्रमजीवी पत्रकारहरुका लागि ठोस पहल नगरेको भनाई समेत आएको छ । महासंघ परिणाममुखी समाधानतिर नलागी रमिते हुँदा मालिकहरुले पेल्नेमौका पाएको पीडितको गुनासो छ । महासंघ 'एक्सन' मा नगए आगामी दिन नागरिकका पत्रकारका लागि झन् जटिल हुने देखिएको छ ।

रिपब्लिक मिडियामा श्रमजिवी पत्रकार ऐनले तोके अनुसारको सेवा, सुविधा र शर्तको कुनै पालना भएको छैन । सञ्चारगृहभित्र श्रमजीवी पत्रकार ऐन, २०५१ (पहिलो संशोधन २०६४) को कार्यान्वयन समेत रद्दीको टोकरीमा पुगेको छ । मिडिया हाउसमा यस्तै दुरावस्था आएपछि नेपाल रिपब्लिका मिडिया प्रालिका अध्यक्ष तथा प्रबन्ध निर्देशकलाई नागरिकमा कार्यरत पत्रकारले विगतमा पटकपटक ज्ञापनपत्र पनि थमाएका थिए । हुँदाहुँदासेवा, सुविधा वृद्धि त परै जाओस् आधा बर्षसम्मका पाकेको तलव समेत नपाउने विडम्वना आइलागेको छ ।

महिनौंसम्मको तलव सुविधा नपाएपछि एकताका दशैंको मुखमा नागरिक दैनिकमा कार्यरत पत्रकार सुविद गुरागाईं सुनसरीदेखि काठमाडौं आएर नागरिक दैनिकको मुख्य कार्यालय अघि धर्ना समेत बसेका थिए । त्यतिबेला पत्रकार महासंघको रोहबरमा समयमै तलव भत्ता सुविधा उपलब्ध गराउने सहमति पनि भयो र श्रमजीवी पत्रकार ऐनले तोकेको न्यूनतम पारिश्रमिकसहितका सबै सुविधा कार्यान्वयन गर्ने भनियो । त्यतिमात्र नभै समयमै पारिश्रमिक उपलब्ध गराइने सहमतिको नाटक पनि गरेको एक पत्रकार बताउँछन् । महासंघसहित चौतर्फी रुपमा दबाव परेपछि त्यो बेला नागरिकका मालिक अलिकति गलेका पनि हुन् । तर, एकाध बर्षपछि फेरि नागरिकमा पुरानै व्यथा बल्झिएको छ । श्रमजीवीहरूको आवाज सुन्न छाडिएको छ । 'फेरि पनि मालिकले समयमा पैसो दिने भन्दा पनि पत्रकारलाई सित्तैमा कज्याउने प्रवृत्ति देखिएको छ,' पीडित पत्रकारको दुखेसो छ, 'मिडियाको पुरानो शाख फर्काउन आश्वासन र गफमा होइन पटकपटक भएका सम्झौता कार्यान्वयन गरी नियमित पारिश्रमिकबाट शुरुवात गर्न अत्यन्त ढिलाई भइसकेको छ ।'

## देवता–दानव...

**आफ्नै धुन किन बनाउँदैनौं ?**

अर्केले पर्दाभित्र बसेर बजाएको मादलको तालमा नाच्न छोडेर, अर्केले देखाएको बाटोमा हिँड्न छोडेर, हामीले हाम्रो निम्ति उपयुक्त बाटो आफैं खोज्न र बनाउन नथालेसम्म, हामी अर्केको तालमा नाचिरहने कुरा स्पष्ट छ । आफ्नै बाजा र आफ्नै धुन नबनाएसम्म हाम्रो देशलाई "हल्लै हल्लाको देश होइन" भन्न सक्ने अवस्था आउँदैन ।

**जेन–जी : चेतना कि नामको नारा ?**

अहिले "जेन जेड पुस्ता" को चर्चा व्यापक छ । २०८२ भदौ २३ र २४ मा भएको आन्दोलनमा सहभागी भयौं भन्ने धेरै नवयुवाहरू सुनिन्छन् । तर, त्यसबेला पशुपतिनाथको मन्दिरमा तोडफोडको प्रयास कसले गऱ्यो भन्ने प्रश्न किन उठ्दैन ?

**आन्दोलन र जिम्मेवारीको प्रश्न**

सिंहदरबारलगायतका राष्ट्रिय महत्वका स्थानमा भएको आगजनी र अर्बौं अर्बको नोक्सानीको जिम्मेवारी कसले लिन्छ भन्ने कुरा पनि सुनिँदैन । पशुपतिनाथको मन्दिरमा आक्रमण प्रयास गर्ने जो कोही भए पनि कारबाही हुनुपर्छ भन्ने आवाज पनि उठ्दैन ।

**नयाँ पुस्ता, पुरानै चरित्र ?**

यसले पुरानो पुस्ता र राजनीतिमा जम्न खोजिरहेको नयाँ पुस्ताको चरित्र र व्यवहारमा खासै फरक देखाउन गाह्रो पारेको छ ।

**लोकप्रिय अनुहार, मौन योजना**

अहिले चर्चामा रहेका रवि, बालेन, कुलमान आदिले सरकारको नेतृत्वमा पुगेपछि के-कस्ता ठोस नयाँ काम गर्छन् भन्ने कुरा खुला रूपमा बताएका छैनन् । संविधान संशोधन, सुशासन, बजेट सुधार, पुँजीगत खर्च वृद्धि, निर्वाचन प्रणाली सुधार, संसदको आकार घटाउने विषयमा । रवि, बालेन, कुलमानहरूको स्पष्ट खाका देखिँदैन ।

**'मौनम् सम्मति लक्षणम्'**

मौनताले यथास्थितिप्रतिको समर्थन जनाउँछ भनिन्छ । यदि सबै कुरा अहिले जस्तै ठीक छ भन्ने हो भने, देशले केवल अनुहार परिवर्तन खोजेको हो कि शासकीय संरचना नै परिवर्तन खोजेको हो भन्ने प्रश्न गम्भीर रूपमा उठ्छ ।

**कुर्सी परिवर्तन कि संरचना परिवर्तन ?**

त्यसैले सत्तामा जाने प्रयासमा रहेका दलहरूले सर्वप्रथम मुलुकको रुपान्तरणको स्पष्ट खाका सार्वजनिक गर्नुपर्छ । मिति गुज्रेको औषधिको बोतलमा नयाँ लेबल टाँसेर जनता लामो समय झुक्याउन सकिँदैन ।

**आफ्नै बाजा, आफ्नै बाटो किन नरोज्ने ?**

पर्दाभित्र बसेर अर्काले निकालेको धुनमा नाच्ने कलाकार होइन, आफ्नै धुन र ताल विकास गरेर आफ्नै बाटोमा अघि बढ्ने आँट र साहस भएका राष्ट्रप्रेमी राजनीतिक अनुहारको पर्खाइमा छन् आज राष्ट्रप्रेमी नेपालीहरू ।

## टेलिकमको...

पेशीमा अनुपस्थित गराउन मात्रै करोडको खेल भएको स्रोत बताउँछ । सार्वजनिक सरोकारको मुद्दा (पीआईएल)को पेशीमा अनुपस्थित हुनु कानून व्यवसायी आचारसंहिता विपरीत मानिन्छ । टेलिकम उच्च स्रोतका अनुसार, पेशीमा अनुपस्थित नगराउनेदेखि सबै व्यवस्थापन गर्न उक्त समूह ५ करोडको थैली बोलेर हिंडेको चर्चा पनि छ ।

**सुनिल–विकल र प्रदीपको बाटोमा डिल्लीराम**

टेलिकमको प्रबन्ध संचालकको कार्यकाल सकिएपछि संकोच नै नमानी १०औं तहमा फर्किएर जागिर खाँदैआएका छन् डिल्लीराम अधिकारी । जुनियर भए पनि छायाँ एमडीको जस्तै शैलीमा काम गरिरहेका डिल्लीराम अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबिनमा पनि छन् । टेलिकमका पूर्व एमडी सुनिल पौडेल, सुरक्षण मुद्रण विकास समितिका पूर्वकार्यकारी निर्देशक विकल पौडेलजस्तै सूचना प्रविधिका क्षेत्रमा डिल्लीराम पनि फोरजी सेवा बिस्तारमा गरेको अरबौं घोटालामा अख्तियारको फन्दामा पर्ने अवस्था आउने टेलिकम स्रोत बताउँछ । उनले अख्तियारका पदाधिकारीसँग सुसम्बन्ध रहेको भन्दैआए पनि नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीको जस्तै नियति उनले पनि भोग्नुपर्ने देखिन्छ । टेलिकम स्रोत भन्छ, प्रदीप अधिकारीको अख्तियारका पदाधिकारीसँग पहुँच छ भन्दा जेलको बास भएको छ । प्रदीप अधिकारी र डिल्लीराम अधिकारी चितवनकै भएको र इन्जीनीयरीङ अध्ययन पनि सँगै पुल्चोक इन्जीनीयरीङबाट गरेका हुन् । दुवैको स्वभाव भनेको मीठो बोल्ने र अस्वभाविक लागत बढाइ सेटिङमा अरबौंको ठेक्का दिने रहँदैआएको छ ।

जेनजी आन्दोलनअघि अख्तियारले डिल्लीलाई अनुसन्धान गर्दा तत्कालीन संचार मन्त्रालयको नेतृत्वसमेत तानिनसक्ने भएकाले लचकता अपनाएको बुझाइ रहेको छ । अख्तियार स्रोत भन्छ- डिल्लीरामका बिरुद्ध छानबिन गर्ने हो भने इतिहासकै सबैभन्दा ठूला घोटालालाई समेत उछिन्ने तथ्य फेलापर्नेछन् । जेनजीको दबाव र वर्तमान सरकारको भ्रष्टाचारबिरुद्धको अठोटपछि फोरजी सेवा बिस्तारको छानबिन गर्न अख्तियारमाथि दबाव परेको छ । त्यसो त डिल्लीरामले एमडी हुँदा २८ भदौ २०७८ मा नेपाल टेलिकम र राष्ट्रिय वाणिज्य बैंकको लगानीमा 'नमस्ते पे' नामक अनलाइन भुक्तानी प्रणाली सुरु गरे पनि त्यो संचालन हुन सकेन । नमस्ते पेका नाममा टेलिकमको ३० करोड रुपैयाँ लगानी डिल्लीरामले डुबाएका थिए ।

फोरजी सेवा बिस्तारको ठेक्कामा अस्वभाविक लागत बढाएर अनियमितता त भयो नै, अधिकारी टेलिकमको एमडी हुँदा खरिद गरिएको ६५ करोडको स्मल सेल ६ बर्षसम्म पनि जडान हुनसकेको छैन । अधिकारीबिरुद्ध स्मल सेल र नमस्ते पे प्रोजेक्टमा टेलिकमलाई ९५ करोड नोक्सान पारेको उजुरीमा अख्तियारले बिस्तृत छानबिन गरिरहेको बताइएको छ । अख्तियार स्रोतका अनुसार, स्मल सेलमा टेलिकमका ६० भन्दा बढी कर्मचारी अनुसन्धानको घेरामा छन् । र, १५ जनाबिरुद्ध त मुद्दा नै दायर हुने संभावना रहेको स्रोत बताउँछ ।

पटक-पटक अनेक काण्डमा विवादमा पर्दैआएका पूर्वएमडी अधिकारीका साथै बित्त प्रमुख राजेन्द्र अर्यालले टेलिकममा हुवावेका दूतका रुपमा लिने गरिन्छ । उनीहरुमाथि टेलिकममा बसी हुवावेको लागि काम गरेको आरोप लाग्ने गरेको छ ।

## मन्त्रीभन्दा...

जिल्लामा अझै नयाँ प्रमुख जिल्ला अधिकारी खटाउन सकिएको छैन ।

०८२ पुष ११ गते मन्त्रालयले कारागार व्यवस्थापन विभागको महानिर्देशक सहित १२ जिल्लामा नयाँ प्रमुख जिल्ला अधिकारीलाई खटाएको छ । यसअघि विभागको महानिर्देशकको जिम्मेवारी रहेका सहसचिव लिलाराज शर्मालाई मन्त्रालयमा सरुवा गरिएको थियो । पुस ११ गते शुक्रवार कारागार विभागको नेतृत्वमा नुवाकोटमा कार्यरत प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरेलाई सरुवा गरी खटाइएको छ । सो जिल्लामा भने नयाँ प्रजिअ खटाइएको छैन ।

मन्त्रालयले जेनजी आन्दोलन अगाडि मात्र भोजपुरको प्रजिअमा खटाएका सहसचिव शिवलाल तिवारीलाई तनहुँमा सरुवा गरेको छ । सो जिल्लामा भने राजन पौडेललाई खटाएको छ । त्यसैगरी सहसचिव लक्ष्मीप्रसाद पौडेललाई पर्वतमा सरुवा गरिएको छ भने खोटाङमा रेखा कँडेललाई खटाएको छ । प्युठानको प्रजिअमा शान्तिराज प्रसाईंलाई सरुवा गरिएको छ । सचिव दंगालले भरखरै सहकारी विभागको रजिष्ट्रारको भूमिकाबाट मन्त्रालयमा भित्र्याइएका र आफ्नै गृह जिल्ला भक्तपुर निवासी सहसचिव उमेश ढुंगानालाई लमजुङमा खटाएका छन् ।

यसैगरी सचिव दंगालले रोजेरै मन्त्रालयमा भित्र्याएका सहसचिव मदन कोइरालालाई भने कञ्चनपुर जिल्लाको प्रजिअमा खटाएका छन् । जबकि उनलाई भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री प्रा. डा. कुमार इङनामलाई पत्तै नदिई गृहमा सरुवा गरिएको चर्चा छ । सहसचिव कोइरालालाई सचिव दंगालले रोजेर मन्त्रालयमा ल्याएको भएपनि 'ग' वर्गको जिल्लामा खटाएर अपमान गरेको कर्मचारीहरू बताउँछन् । तर, कोइरालाले यसअघि ग वर्ग प्युठानको प्रजिअ भएर कार्यसम्पादन गरेकाले ख वर्गमा खटाइएको तर्क गृह मन्त्रालय स्रोतले गरेको छ ।

पर्वतबाट हरिप्रसाद घिमिरेलाई सरुवा गरी दोलखामा खटाइएको छ । तनहुँमा कार्यरत प्रजिअ रामकृष्ण अधिकारीलाई भने सिन्धुपाल्चोक पुऱ्याइएको छ । कञ्चनपुरमा कार्यरत लक्ष्मण ढकाललाई इलाममा खटाइएको बताइन्छ । प्युठानबाट दीपकराज नेपाललाई भने नवलपरासी पश्चिममा सरुवा गरिएको छ । उपसचिव महेन्द्रकुमार सापकोटालाई सल्यानको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा खटाइएको छ । यसअघि बारामा कार्यरत धर्मेन्द्रकुमार मिश्रलाई झिकेर मन्त्रालयबाटै आउट गरिएको थियो । सो जिल्लामा गृह मन्त्रालयले नयाँ सहसचिवलाई खटाउन सकेको छैन ।

## मन्त्रीलाई...

थिइन । मिश्रलाई स्वास्थ्य मन्त्री बन्न नदिनका लागि स्वास्थ्य क्षेत्रका माफियाहरूसँग मिलेर सचिव देवकोटाकै योजनामा रातारात अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दर्ता गर्न लगाएको आरोप लाग्दै आएको छ । मिश्रलाई भ्रष्टाचार मुद्दा लगाएपछि मन्त्रालयले गर्ने खरिद प्रकरणमा सचिव देवकोटा स्वयम् नै यतिखेर हावी हुँदै आएका छन् ।

सिंहदरवारको ठीक अगाडि रहेको बसेरा होटलका मालिक विशाल पण्डित, काभ्रेतिर घर भएका र हाल लोकन्थली निवासी होमप्रसाद भन्ने मुकुन्द गौतमसंगको मिलेमतोमा सचिव देवकोटाले मेडिकल उपकरण, सर्जिकल र मेडिसिन खरिदमा करोडौं करोड रकम अनियमितता गर्दै आएको स्रोत बताउँछ । मुकुन्द गौतमले विभिन्न व्यक्तिको नाममा लगभग एकसय वटा फर्म दर्ता गरेको र एक/दुई पटक कोटेशनमा दस करोड भन्दा तलको कारोवार गरेपछि त्यस्ता फर्म बन्द गरेर कर र भ्याट छल्दै आएको सरकारी अस्पताल स्रोत बताउछ । सप्लायर्स गौतमको सेटिङ्ग, मिलेमतो कमिशनको लोभमा परेर उनले नियम कानून विपरीत गुणस्तरहीन मेडिकल उपकरण, औषधि र सर्जिकल सामग्री खरिद गर्न दबाव दिने गरेको पनि जानकारी हुन आएको छ । सेटिङ्ग र अनियमित कार्यका कारण सचिवको कार्यशैलीबाट असन्तुष्टि जनाउँदै स्वास्थ्य सेवा विभागका तत्कालीन महानिर्देशक बराकोटीले तीनवर्ष सेवाअवधि बाँकी छँदै राजीनामा दिन बाध्य पारिएको मन्त्रालय स्रोतले दावी गरेको छ ।

बाराकोटीले राजीनामा दिएर हिंड्नुमा सचिव देवकोटा मुख्य जिम्मेवार रहेको मन्त्रालयको स्रोतको दावी छ । हाल मन्त्रालयमा दुईजना अतिरिक्त सचिव पद रिक्त रहेका छन् । त्यसो हुँदासमेत पदपूर्ति गराउन उनले भूमिका खेल्न सकिरहेका छैनन् । बरु मन्त्री शर्मालाई बाल नदिएर आफैं सर्वेसर्वा भएर काम गरिरहेको बताइन्छ । सचिव देवकोटाको असहयोगले मन्त्री गौतमसमेत पनि वाक्कदिक्क बन्न पुगेको बुझिएको छ ।

## प्रचण्डको...

एकल सिफारिश भएको छ । उनी चितवन महानगरपालिकाको मेयरबाट राजीनामा दिएर चुनावमा जाने देखिएको छ । चितवनमा पछिल्ला दिनमा नयाँ भनिएकाहरुको प्रभाव रहेको छ । गत चुनावमा चितवनको १ र २ बाट स्वतन्त्र पार्टीका उम्मेदवार निर्वाचित भएका थिए भने तीनबाट राप्रपाका विक्रम पाण्डे निर्वाचित भएका थिए । त्यसैले, अहिले रेणुका लागि कम चुनौती भने देखिएको छैन । तर, पार्टीले सर्कुलर गरेर पार्टीका एकजना सदस्यलाई मात्रै सिफारिश गर्न भनेको थियो भने स्थानीय जनप्रतिनिधिलाई सिफारिश नगर्न भनेको थियो । तर, पार्टीले भने रेणु दाहाललाई सिफारिश गरेपछि अन्य नेताहरुले पनि आफ्नो प्रभाव क्षेत्रबाट त्यसरी नै सिफारिश गराउने संभावना रहेको छ । त्यसले पनि अहिले नेकपाभित्र विभिन्न आंशका भने जन्माएको नेताहरुले टिप्पणी गरेका छन् ।

## हाकिमले...

विष्टको कार्यकक्षमा भेट गर्न पुगेको स्रोतको भनाई रहेको छ । तर, प्रमुख विष्टले उनी मन्त्री हुन भन्ने कुरोको पत्तो नै पाउन सकेनन् । मन्त्रीलाई नचिन्दा उनको काम फत्ते नगरी पठाउँदा यतिखेर प्रमुख मालपोत अधिकृत विष्टको जागिर 'रेडजोन'मा परेको चर्चा हुन थालेको छ । यतिखेर पनि नापी कार्यालय, भूमिसुधार तथा मालपोत कार्यालयको सेवाप्रवाह जेन-जी आन्दोनको भावना अनुसार छिटोछरितो र पारदर्शी ढंगले हुन सकिरहेको छैन । जसले गर्दा सेवाग्राही नागरिक मर्कामा पर्दै आएका छन् । अझ लेखनदास र बिचौलियालाई अतिरिक्त रकम(घुस) दिएर मात्र आफ्नो काम फत्ते गर्न सेवाग्राहीहरु बाध्य हुँदै आएका छन् ।

यी र यस्ता समस्या न्यूनीकरणको लागि नापी र मालपोत कार्यालयलाई सुधार गर्न मन्त्री इङनाम स्वयम् निरीक्षण अनुगमनका लागि डिल्लीबजार कार्यालयमा पुगेको बताइन्छ । प्रमुख मालपोत अधिकृत विष्टले सेवा दिन त परै जावोस् आफ्नै मन्त्री नचिन्दा रुखो बचन लगाएर पठाएपछि मन्त्री इङनाम कर्मचारीहरुको सेवाप्रवाहप्रति असन्तुष्ट हुन पुगेको मन्त्रालय स्रोतले जानकारी दिएको छ । जेनजी आन्दोलनमा सुशासन र भ्रष्टाचार नियन्त्रण नै मुख्य मुद्दा बनेको थियो । तर, संघीय सरकारका मन्त्रालय मातहतका निकायहरुबाट सो अनुरूपको सेवा प्रवाह अझै हुन सकेको पाइँदैन । मालपोत र नापी कार्यालयहरुबाट अहिले पनि पाइलैपिच्छे बिना घुस सेवाग्राहीले सहज रुपमा सेवा लिनसक्ने अवस्था छैन । जसका कारण प्रमुख मालपोत अधिकृत विष्ट आफ्नै विभागीय मन्त्री आएको सूचना नपाउँदा [illegible] मन्त्रीको यो कार्यशैलीले कामचोर र घुस्याहा कर्मचारीहरूलाई भने मार परेको बताइन्छ ।


## प्रतिलिपि अधिकार संरक्षण गरौं

- सर्जकको सम्मान शब्दले होइन, व्यवहारमा गरौं।
- सिर्जनालाई बचाऔं, सर्जकलाई सम्मान गरौं।
- अर्काको सिर्जना वा रचना चोरी नगरौं।
- प्रतिलिपि अधिकार उल्लंघन नगरौं।
- बौद्धिक सम्पत्तिको रक्षा गरौं।
- सिर्जनाको संरक्षण गरौं।

सर्जकलाई सम्मान, प्रतिलिपि अधिकारको संरक्षण ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : गोपाल बुढाथोकी, **सम्पादक** : रामकला बुढाथोकी, **कार्यालय** : बागबजार, यतिप्लाजा (पद्मकन्या क्याम्पस अगाडि), काठमाडौं, **फोन** : ५३३०७४८, पो.ब.नं. २९८४, **मुद्रण** : ॐ शिवशक्ति प्रेस, बागबजार